# भूमि अधिकार



वर्ष १२, पूर्णाङ्क ३६, चैत २०७०




hLjg ;u hf]8Psf ;ª\u7g ● e-pkofu gLltsf Jofjxfl/s cEof; ● :jtGqtfsf gfosM D08nf

# भूमि अधिकार

वर्ष १२, पूर्णाङ्क ३६, चैत २०७०

## महाशक्ति बन्ने नाममा दबाइएका आवाज

६



## बस्ती उठिबासविरुद्ध देशभर विरोध

३१



## भूमि र कृषिसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला

२१




- सङ्कटमा राजी समुदाय ११
- समुदायमै छ सिक्ने कुरा १२
- भूमि अधिकारका लागि आन्दोलन गर्नैपर्छ १४
- व्यावसायिक उत्पादनमा जोड दिनुपर्छ १५
- सुरक्षित बसोबास र जग्गा चाहियो २५
- स्थायी विकल्प खोजिनुपर्छ २७
- गतिविधि २८
- सङ्गठन परिचय ३५
- पाठक प्रतिक्रिया ३६



प्रकाशकः

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

CSRC
आत्मनिर्भर केन्द्र

पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल

फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org

**लेआउट/डिजाइन** : मिडिया क्याफे, अनामनगर


**आवरण तस्बिर** : मोहीहरूले बाँकेको नेपालगञ्जमा गरेको प्रदर्शन ।

# उठिबासविरूद्ध उत्रौं

सुरक्षित बास नागरिकको अधिकार हो । गरिब, भूमिहीन, सुकुम्बासी, दलित, हलिया, कमैया, राजी, वादीलगायत पछाडि पारिएका वर्ग, समुदायको संरक्षण गर्नु राज्यको दायित्व हो । तथापि यसविपरित राज्यले उसैलाई उठिबास लगाइरहेको छ ।

अहिले सुकुम्बासी बस्तीहरूमा त्रास छ । वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ को नाममा भूमिहीन, सुकुम्बासीका बस्तीमा आगो लगाउने जस्तो अमानवीय कार्य सरकारी निकायबाट भइरहेको छ । नयाँ सरकार बनेलगत्तै सुर्खेतको रूप्सेमा वन प्रशासनले फागुन १३ गते १३ घर जलायो । त्यस्तै बर्दिया जिल्लाको मगरागढी–६ झर्निया बस्तीमा भएका ३६ घरमा चैत ८ गते आगजनी गरिएको छ । ६ जनालाई पक्राउ गरी यातना दिइयो । मध्य र सुदूरपश्चिमका कैंयन् बस्ती वन क्षेत्रमा बसेको भन्दै उठाउने सूचना जारी गरिएको छ ।

वन अतिक्रमण नियन्त्रण रणनीतिको बुँदा ४.७ मा भूमिहीन, सुकुम्बासी, आरक्ष विस्तारबाट प्रभावित, दैवीप्रकोपपीडित, मुक्त कमैयालगायत व्यक्ति वा परिवारबाट वन क्षेत्र अतिक्रमण भएको भए त्यस्ता भूमिहीन परिवारलाई वन क्षेत्रबाट हटाई उनीहरूको वैकल्पिक व्यवस्था गरिने उल्लेख छ । तापनि बस्ती उठिबास गर्दा यो बुँदाको बेवास्ता गरिएको छ । अहिले सूचना जारी गरिएका बस्तीहरू केहीबाहेक वन क्षेत्रभित्र पर्दैनन् । राज्यबाटै भूमिहीन, सुकुम्बासीमाथि यस्तो व्यवहार हुनु कदापि न्यायसङ्गत हुन सक्दैन । गरिबको पक्षमा कसले बोल्ने ?

वन बचाउनुपर्छ तर गरिबहरूको झुपडीमा आगो लगाएर वन जोगिँदैन । २०६७ चैत ९ गते नेपाल सरकारले राष्ट्रिय भूमि अधिकार मञ्चसँग वार्ता गरी वैज्ञानिक भूमि सुधार लागु नभएसम्म वा भूमिहीन सुकुम्बासीको स्थायी बसोबासको व्यवस्था नहुन्जेलसम्म कुनै पनि पक्षले कसैलाई बसिरहेको ठाउँबाट हटाउन नपाइने निर्णय गरेको छ । जसलाई मन्त्रीपरिषद्को बैठकले अनुमोदन गरेको थियो । सरकारले सुकुम्बासी आयोग बनाउने घोषणा गरिसकेको छ । वास्तविक सुकुम्बासी छनौट गरी तिनको उचित बसोबास मिलाएपछि मात्र गैरसुकुम्बासी बसेका वन क्षेत्र छन् भने खाली गर्नु न्यायोचित हुन्छ ।

वर्तमान वन अतिक्रमण नियन्त्रण रणनीति वन बचाउनभन्दा अर्को द्वन्द्व सिर्जना गर्नेतिर उन्मुख छ । त्यसैले यस विभेदकारी रणनीति खारेज गरी समुदायको संलग्नतामा न्याय र उपयोगमा आधारित संरक्षण नीति ल्याउनका लागि आन्दोलनमा उत्रनु जरूरी भएको छ । गत फागुनमै पूर्वको मोरङ–सुनसरी सिँचाइ आयोजनाले नहर प्रभावित क्षेत्रमा बसोबास गर्ने ५ हजार ७ सय सुकुम्बासी परिवार हटाउने निर्णय गर्‍यो । ५० हजारभन्दा बढी सङ्ख्यामा रहेका मानिसलाई त्यहाँबाट विस्थापित गर्दा के परिस्थिति उत्पन्न हुन्छ भन्नेतर्फ सम्बन्धित निकायले सोचेको छैन ।

यस्ता कार्यको विरूद्ध सबै ठाउँबाट आवाज उठ्नु आवश्यक छ । केही ठाउँमा उठिबास भएको त हो नि भनेर चुप लागेर बस्ने हो भने भोलि अन्य ठाउँमा पनि बस्ती उठाउने रोग सर्नेछ । त्यसकारण गाउँ भूमि अधिकार मञ्च, जिल्ला भूमि अधिकार मञ्च, सुकुम्बासी भूमिहीन परिवारका घरघरबाट उठिबासविरूद्ध सङ्गठित आन्दोलन हुनैपर्छ । घरघरबाट यस्तो जघन्य कार्यको विरूद्ध उत्रेर मानिसको खाना, नाना र छानाको ग्यारेन्टीका लागि आवाज उठाउनैपर्छ ।

यतिमात्र होइन, यससँग सम्बन्धित अन्य सङ्गठन र सरोकारवाला निकायहरूले पनि यस्तो अमानवीय कार्यविरूद्ध आवाज उठाउन जरूरी छ । यस्तो निन्दनीय कार्यले मानव अधिकारको हनन् भएको छ, बाल अधिकार खोसिएको छ र महिला अधिकार लुटिएको छ । यी विषय जटिल छन् । त्यसैले यस विषयमा सबै निकायबाट आवाज उठ्नुपर्छ ।



# जीवनसँग जोडिएको सङ्गठन

■ जगत देउजा

मार्च २ । भूमि अध्ययन घर ठिमुराको नयाँ हल । दिनभर अहिंसात्मक आन्दोलनबारे प्रशिक्षण थियो । सहजकर्ता थिए विजय भारती । मूल्य/मान्यतामा सजग रहेछन् । सरल त हुने नै भए । उनी कम बोले । सहभागीलाई धेरै बोलाए । अहिंसात्मक आन्दोलनमा नै बढी शक्ति भएकामा सहभागी सहमत नै थिए । काठमाडौंमा हुने अन्तर्राष्ट्रिय सम्मेलनसँग जोडेर प्रशिक्षण गरिएको थियो । हिजोआज विकासे भाषामा यसरी कार्यक्रम जोड्नुलाई *ब्याक टु ब्याक* भनेर बुझिन्छ । यातायात खर्च जोगाउन यसरी हुने कार्यक्रमले मद्दत गर्छन् ।

सेसन सकिएपछि बेलुका उनीसँग थप छलफल भयो । उनको जोड ग्रामीण अर्थतन्त्र निर्माण कसरी गर्ने ? बजारमा निर्भर नभई नहुने अहिलेको परिस्थितिलाई कसरी टार्ने ? गरिबले आर्जन गरेको रूपियाँ र उत्पादित वस्तु कसरी पुरापुर बजार पुग्नबाट रोक्ने ? भन्नेमा रहेछ । कार्यक्रममा चिया र पानी खान प्लास्टिकका गिलास ल्याएको केहीलाई मन नपरेको पछि थाहा भयो । यो उदाहरण थियो, पैसा कसरी बाहिरिएको छ भनेर बुझाउन । मूल्य/मान्यता र सपनाले बाँधिएका कार्यकर्ता निर्माण गर्न सकियो भने आन्दोलन सफल बनाउँदै जान सकिन्छ भन्ने विश्वासले डोराएको रहेछ उनलाई । भूमि र कृषि सुधारको माध्यमबाट गाउँलाई आत्मनिर्भर बनाउन सकिने र यसका लागि तडकभडकमा भन्दा आर्गानिक खाना कसरी खान सकिन्छ, आफ्नो परिवारलाई चाहिने खाद्यान्नलगायत अरु नभई नहुने साबुन, तेल आदि चिज पनि आफ्नै समुदायमा कसरी तयार पार्ने ? भन्नेमा उनको चाख भेटिन्थ्यो ।

करिव आधा दर्जन जिल्लाका साथीहरू छलफल गर्न थाल्यौं । कुराकानी मूलतः आर्थिक स्रोतको जोहोसँग जोडिएकाले छलफलमा खासै रुचि थिएन । व्यवस्थापन र कार्यक्रममा लामो समय काम गरेपछि मलाई कार्यक्रम कसरी सिर्जनात्मक र प्रभावकारी बनाउने भन्नेमा चासो बढी छ । ९ बजिसकेको

जसरी व्यक्तिलाई परिवार चाहिन्छ । सङ्गठन पनि हरेक मानिसका लागि चाहिने चिज नै हो । यसले सामूहिकमात्र हैन, व्यक्तिगत दुःख कम गर्न पनि मद्दत गर्छ । तसर्थ भूमि अधिकार प्राप्त गर्नमात्र आन्दोलनमा लाग्ने हैन । त्यसो भएपछि त प्राप्त गरेपछि छाडिहालिन्छ नि । यो गुणस्तरीय जीवन बाँच्ने बाटो पनि हो । भूमिहीन र साना किसानको नयाँ शक्ति निर्माणको आन्दोलन हो ।

थियो । छलफलमा १४/१५ जनाको समूह भयो । छलफल हुँदै जाँदा इच्छुक अरु पनि थपिएका थिए ।

कुरा सुरु भयो बाग्लुङको सम्झौता हुन नसकेको विषयलाई लिएर । सुनिता विक, जो जिल्ला भूमि अधिकार मञ्च बाग्लुङको अध्यक्ष हुनुहुन्छ, उहाँले पेस गरेको कार्ययोजनामा चाँडो निर्णय नभएको विषय उठाउनुभयो । मैले आर्थिक स्रोत र त्यसको आकारबाट कुरा सुरु नगर्न अनुरोध गरेँ । पहिले सङ्गठनको शक्ति र हामीले समाउनुपर्ने, उठाउनुपर्ने, परिचालित हुनुपर्ने सवालबाट छलफल थालौँ । खोजेको के हो ? त्यसपछि त्यो पाउन के गर्ने ? पछि छलफल गरौँला । यसमा सहमति नहुने कुरा पनि थिएन ।

हाम्रा धेरै बैठक आर्थिक प्राप्ति र उपयोगसँग जोडिएका हुन्छन् तर त्योभन्दा बाहिर जान आवश्यक छ । मूल विषय अन्याय र शोषणको जरो पहिलाएर व्यवस्थित आन्दोलन गर्नेतर्फ जानु आवश्यक छ । आन्दोलनका लागि जोहो गरिने स्रोत साधन अवश्य हो तर प्राप्ति गर्न खोजेको अर्थात् साधन त्यो हैन । विषय रहरको हो । सपनाको हो । तिर्सनाको हो । परिवर्तन र सुन्दर भविष्यको हो ।

केहीबेर सङ्गठन किन बाग्लुङमा सोचेजस्तो क्रियाशील हुन सकेन भन्नेमा छलफल भयो । फेरि ठोक्कियो । आत्मनिर्भर केन्द्रले पैसा रोकेपछि चल्न चटपटाउन सकिएन । पैसा दिएमा सक्रिय हुन्छ त ? जवाफ थिएन । पक्का भइसकेको छ । स्रोत हुँदैमा आन्दोलन हुँदैन । असल नेतृत्व र कार्यकर्ता अनि सही मुद्दा बोकेर सही तरिकाले परिचालन हुन सक्यो भने स्रोतको जोहो जसैगरी पनि हुन्छ । यसो हुँदा हामी केन्द्रित हुने भनेको नेतृत्व, सवाल र प्रक्रियामा हो । आर्थिक स्रोत सही तरिकाले बुझ्न सकिएन र सचेततवरले परिचालन गर्न सकिएन भने उल्टै आन्दोलन कमजोर बनाउन सक्छ । मासिएर जान पनि सक्छ ।

छलफल अघि बढ्दै गयो । अन्य जिल्लाको जस्तो सुकुम्बासी पनि धेरै नभएका र मोही पनि कम भएकाले हो कि भन्नेमा पुगियो । सोही क्षेत्र हेर्ने संयोजकको पनि त्यसमा आंशिक सहमति थियो । त्यसको केन्द्रमा थियो 'पुर्जा' । समग्रमा यो सुकुम्बासी हुन् वा मोही वा महिला जग्गाधनी पुर्जा लिने आन्दोलनका रूपमा बढी बुझिदिँदा पनि समस्या भएको छ । जुन सोचाई र चिन्तन अपुरो छ । अवश्य जग्गाको स्वामित्व यो आन्दोलनको मूल विषय हो । तर त्यही नै पहिलो र अन्तिम हुँदै होइन । निकै फराकिलो र सुन्दर छ यो आन्दोलनको सपना, अठोट, गन्तव्य, जे भनौँ ।

अहिले जुन गाउँहरूमा सङ्गठन छ । २५ गाउँ मञ्च रहेको भन्ने बताइएको थियो । त्यहाँ केही भूमिहीन रहेछन् । अरुको जग्गा कमाउने पनि केही छन् । भएको जमिन थोरै र अनुत्पादक भएकाले खान धौधौ छ । केहीको नाममा भएको थोरै जमिन पनि पुरुषको नाममा छ । महिलाको नाममा छैन । बालिघरे प्रथा पनि छ । अधियामा खेती गर्‍यो, कतै केही रड्कियो कि खेत होस् वा बारी खोसिने गर्छ । गाउँमञ्चमा सङ्गठित छन् तर आफ्ना अधिकारबारे राम्ररी बुझेका छैनन् । सामुदायिक वन समितिहरूमा पनि दलित कमै सदस्य छन् । कृषि श्रमिकमा काम गर्नेहरू ज्याला बराबर पाउँदैनन् । छुवाछुत खेपिनै रहनुपरेको छ । बालबालिकाहरू सबै विद्यालय जाँदैनन् । गएका राम्रो पढ्दैनन् । पढाउनेहरू पनि खासै मतलव गर्दैनन् । यी सबै छलफल भएपछि सवालको खाँचो हैन । सहजीकरणको खाँचो ज्यादा भएको महसुस गरियो । भूमि तथा कृषि अधिकारको आन्दोलनलाई जग्गाधनी पुर्जा प्राप्तिको आन्दोलनमात्र बुझ्ने ढाँचाबाट माथि उठेर समग्रमा अन्याय, शोषण र अभावको विरुद्ध लड्ने हो । अरुलाई गाली गर्दै हिँड्ने हैन । विकल्प दिने हो ।

यो छलफलको मोटामोटी बुझाई के थियो कि गाउँ सङ्गठनमा आफ्ना सदस्यसँग जोडिएका यावत् सवाल र अधिकारका प्रश्न छ जुन विषयमा मञ्चले छलफल गर्नुपर्छ । छलफल पुगेको छैन । 'पुर्जा' केन्द्रित बुझाइबाट निकै फराकिलो हुन र कार्यकर्ता तथा अगुवामा यो विषयको ज्ञान र बुझाई बढाउन ढिला भइसकेको छ । मूलतः यो कामको जिम्मेवारी कार्यकर्ता र नेतृत्वकै काँधमा आउँछ ।

यी सबै छलफलपछि सङ्गठनमा छलफल गर्ने विषय कम भएको वा विषय कम भएर निष्क्रियता भएको हैन भन्नेमा सुनिताजीसहित सबै सहमत भएका थियौँ । यो विषय धेरैतिर छ । सङ्गठनको पहिलो उद्देश्य हुन्छ- 'सदस्यको हित' । त्यो हित कदापि जग्गासँग मात्र जोडिँदैन । यसर्थ सङ्गठनलाई समूहभन्दा माथि लगेर समग्र व्यक्ति, परिवार र समुदायको मौलिक जीवन प्रक्रियासँग जोड्न सक्नुपर्छ । यही विषयमा थप छलफल र अभ्यास बढाऔँ भनेर नै यो लेख लेखिएको हो ।

सङ्गठन भनेकै राजनीतिक, आर्थिक र नैतिक शक्तिमा नागरिकको नियन्त्रण

> सङ्गठन भनेकै राजनीतिक, आर्थिक र नैतिक शक्तिमा नागरिकको नियन्त्रण रहने अवस्था हो । यसो हुँदा पुर्जा प्राप्ति गर्ने कुरा लामो यात्राको महत्वपूर्ण पाइलो वा चरणमात्र हो । भूमिमाथिको अधिकारको कुरा गर्दा ९० प्रतिशत त्यसको प्राप्ति र उपयोग हो भने करिब १० प्रतिशत मात्र कानुनी स्वामित्व ।

रहने अवस्था हो । यसो हुँदा पुर्जा प्राप्ति गर्ने कुरा लामो यात्राको महत्वपूर्ण पाइलो वा चरणमात्र हो । भूमिमाथिको अधिकारको कुरा गर्दा ९० प्रतिशत त्यसको प्राप्ति र उपयोग हो भने करिब १० प्रतिशत मात्र कानुनी स्वामित्व । तसर्थ साङ्गठनिक शक्ति बलियो भएन भने कानुनी शक्तिले मात्र केही गर्दैन । हामी अब पुर्जामा मात्र सीमित भएर रहने हैन । यही फराकिलो दृश्य देख्न र देखाउन नसक्दा नै पुर्जा प्राप्तिपछि सदस्य निष्क्रिय रहने गरेका हुन् ।

गाउँ मञ्चले समग्र अधिकारको पाटो जोडेर लानुपर्छ । तर यहींनेरी सचेत हुने विषयचाहिँ के छ भने आर्थिक अभिवृद्धि र अधिकारको विषयमा एउटै सङ्गठनले उत्तिकै काम गर्न सक्दैनन् । यसका लागि फरक संरचना र सहजीकरण समूह आवश्यक हुन्छ । अर्थात मञ्चले राजनीतिक विषय अर्थात् अधिकारका मुद्दा उठाउने हो ।

बचत र ऋणको विषयमा हात हाल्न थाल्यो भने त्यो त्यतै अल्झन्छ । बचत तथा ऋण र आर्थिक उद्यमका काम गर्न छुट्टै सहकारी बनाउनुपर्ने हुन्छ । जसको व्यवस्थापनमा सङ्गठन र सहयोग गरिरहेका संस्थामा समेत छुट्टै सहजीकरण वा व्यवस्थापन समूह हुन आवश्यक छ । एकै व्यक्तिले यी दुवै विषय व्यवस्थापन गर्न सम्भव हुँदैन । गरे पनि प्रभावकारी हुँदैन । मञ्चका सदस्य सहकारीका सदस्य बनेर आर्थिक पाटो बलियो बनाउन भने सकिन्छ ।

गाउँ मञ्चलाई जति असल काममा क्रियाशील गराउन सकियो त्यत्तिकै सङ्गठन चलायमान हुन्छ । र, सदस्यहरूले आफूमा परिवर्तन आएको महसुस गर्छन् । निस्तो बैठकले मात्र हुँदैन । समग्र नेतृत्व विकासको प्रक्रियाको रूपमा पनि लिनुपर्छ । गाउँ मञ्चले आफ्नो क्षमताअनुसारका काम अघि बढाउनैपर्छ ।

सङ्गठनमा शिक्षा अति नै महत्वपूर्ण छ । यो शिक्षाको कुरा गर्दा भूमि अधिकार मञ्चका सङ्गठित हरेक सदस्यका बालबालिकाको उचित शिक्षाको विषय प्रमुख हुनुपर्छ । यही आन्दोलन र गाउँ मञ्चको बलबाट पढ्न नगएका बालबालिका पढ्न जान थाले भने र बीचैमा पढाई छाड्नबाट जोगाउन सकियो भने १० वर्ष भनेको फुत्तै जान्छ । तिनले विद्यालय शिक्षा मात्र पूरा गर्न सके भने नयाँ पुस्ता अलि सिप र क्षमता भएका बन्नेछन् ।

यसबाट पारिवारिक दुःख कम गराउन बलियो आधार खडा हुनेगर्छ । हैन भने पारिवारिक जीवनमा तात्विक परिवर्तन पुस्ता बितिसक्दा पनि आउँदैन । यसो हुँदा हरेक सदस्यको उचित शिक्षा र स्वास्थ्य पनि आन्दोलनभित्र छलफलको विषय बन्नैपर्छ । यसबाहेक सदस्यहरूकै लेखाईपढाई र चिन्तन मनन् प्रक्रियालाई कसरी नियमित र व्यवस्थित बनाउने, सिकाइ र ज्ञान पक्षलाई कसरी व्यवस्थित बनाउँदै जाने ? भएको जमिनलाई बढी उपादनमूलक कसरी बनाउने ? दिगो आम्दानीको बाटो हरेक सदस्यले कसरी बनाउने भन्ने विषयमा पनि छलफल चलाउनु र सम्भव भएसम्म अभ्यासमा ल्याउन अति नै महत्वपूर्ण छ ।

हरेक समयमा छलफल हुने भनेको मूलतः हामीले प्राप्त गर्न खोजेको के हो ? यो कसरी प्राप्त गर्न सकिन्छ ? यसका लागि हाम्रो आफ्नै नैतिक र ज्ञानको शक्ति कसरी थप्ने ? यसका लागि के कस्तो मूल्य/मान्यता, व्यवहार र संस्कृति आवश्यक हुन्छ ? यस विषयमा हामी बढी सजग हुन जरुरी छ ।

मूलतः सामाजिक आन्दोलनलाई सफल बनाउन आफ्नै स्रोतमा जोड दिनुपर्छ । क्रियाकलाप कम र स्रोत कम लाग्ने रणनीतिमा केन्द्रित हुनुपर्छ । जब हामी हाम्रै स्रोतमा चल्ने हुन सक्छौं त्यसपछि हामीले उठाएका कुरा बढी सुनिन थाल्नेछन् । हामीलाई स्रोत पाउँदा हैन, परिवर्तन प्राप्त गर्दा खुसी लाग्नुपर्छ । हामीलाई सङ्गठन चलाउन आउने स्रोतमा नै बढी समय र शक्ति गयो । अनि यसैलाई सफलता ठान्यौं भने हामी अघि हैन, पछाडि धकेलिन सक्छौं । बाहिरी स्रोतमा जोड नदिउँ । आफ्नै स्रोत बढाउन लागौं ।

जसरी व्यक्तिलाई परिवार चाहिन्छ । सङ्गठन पनि हरेक मानिसका लागि चाहिने चिज नै हो । यसले सामूहिकमात्र हैन, व्यक्तिगत दुःख कम गर्न पनि मद्दत गर्छ ।

तसर्थ भूमि अधिकार प्राप्त गर्नमात्र आन्दोलनमा लाग्ने हैन । त्यसो भएपछि त प्राप्त गरेपछि छाडिहालिन्छ नि । यो गुणस्तरीय जीवन बाँच्ने बाटो पनि हो । भूमिहीन र साना किसानको नयाँ शक्ति निर्माणको आन्दोलन हो । जसले समग्र राजनीतिमा समेत प्रभाव जमाउन सकोस् । अधिकार प्राप्त गर्न लागिरहौं । एक पटक असफल भए अर्कोपल्ट अधिकार लिएर छाडिन्छ । तर एक्लै हैन, सङ्गठितरूपमा । तब न चाहिएको हो सङ्गठन । यो जीवन र बाँच्नुसँग जोडिएको विषय पो हो । ●

**सङ्गठनमा शिक्षा अति नै महत्वपूर्ण छ । यो शिक्षाको कुरा गर्दा भूमि अधिकार मञ्चका सङ्गठित हरेक सदस्यका बालबालिकाको उचित शिक्षाको विषय प्रमुख हुनुपर्छ । यही आन्दोलन र गाउँ मञ्चको बलबाट पढ्न नगएका बालबालिका पढ्न जान थाले भने र बीचैमा पढाई छाड्नबाट जोगाउन सकियो भने १० वर्ष भनेको फुत्तै जान्छ ।**



■ राजगोपाल पिभी

# महाशक्ति बन्ने नाममा दबाइएको आवाज

यो क्षेत्रका दुई ठूला देश भारत र चीन दुवै महाशक्ति बन्ने होडमा छन् । यी दुवैले महाशक्ति बन्ने तरिका तीव्र औद्योगिकीरणलाई मानेका छन् । विश्वव्यापीकरणका कारण अहिले संसारका ठूला कम्पनीहरू लगानी गर्न उपयुक्त स्थानको खोजीमा छन् । औद्योगिकीकरणलाई बढावा दिइरहेका भारतजस्ता देशले ती कम्पनीलाई स्वागत गरिरहेका छन् । ठूलो लगानी गर्नेहरूले दुई-तीनवटा सर्त राख्छन् । जस्तै- उनीहरूले मागेजति जमिन दिनुपर्ने, उनीहरूले मागेजति बिजुली दिनुपर्ने र मजदुर सङ्गठन बनाउन नपाइने । यसरी हेर्दा यो पूरा लगानीको प्रक्रियाले नवअधिकारलाई निषेध गरेको देखिन्छ । किनभने कम्पनीले चाहेको ठाउँमा बसेका बस्ती हटाएर सरकारले जमिन दिने गरेको छ । त्यही ठाउँमा गरिबको घर हुँदा कहिल्यै नपुग्ने बिजुली र सडक यी कम्पनी आउनासाथ पुग्छ ।

यसरी हेर्दा के देखिन्छ भने ठूला कम्पनी र सरकारका मान्छेहरूको उद्देश्य प्राकृतिक स्रोतसाधनको सकेसम्म बढी दोहन गरेर मुनाफा कमाउने भन्ने छ । भारतमा कोकाकोला, पेप्सीजस्ता कम्पनी, गाडी कम्पनी र थुप्रै 'माइनिङ' कम्पनीहरू यस्ता सर्तसहित आएका छन् । राज्य सरकारहरूले यिनका सबै माग पूरा गरेका छन् । तर यसको मार गरिबहरूमा परेको छ । गरिब र आदिवासीहरू जो जल, जमिन र जङ्गलको सहारामा जीवन चलाइरहेका छन्, उनीहरू विस्थापित हुन थालेका छन् । तपाईंलाई थाहा छ, सन् २००० देखि २०१० सम्मको १० वर्षमा भारतमा दुई लाख किसानले आत्महत्या गरेका छन् किनभने उनीहरूले आफ्नो जमिनको रक्षा गर्न सकेनन् ।

भारतमा जमिन अधिग्रहण कानुन छ । यो कानुनअन्तर्गत सरकारले मन लागेको ठाउँमा मन लागेको बेला जमिन अधिग्रहण गर्न सक्छ । यो कानुनअन्तर्गत धेरै ठाउँमा जमिन अधिग्रहण गरेर किसानलाई लखेटिएको छ । त्यही भएर उनीहरू पीडित छन् ।

माछा मारेर बाँच्ने मछवाराहरू भएको धेरैजसो ठाउँमा अहिले "न्युक्लियर प्लान्ट" लगाइएको छ । दक्षिणको कुडनकुलममा प्लान्ट लगाइयो । अहिले महाराष्ट्रमा पनि लगाइएको छ । आदिवासी क्षेत्रमा माइनिङ कम्पनीहरू आएका छन् । हजारौं आदिवासीलाई लखेटिएको छ । एकातिर यस्ता माइनिङ कम्पनी, अर्कातिर राष्टिय निकुञ्ज र संरक्षण क्षेत्र । यी दुईको चपेटामा भारतका आठ प्रतिशत आदिवासीहरू परेका छन् । २० प्रतिशत दलितसँग कहिल्यै पनि जमिन छैन । जुन जमिन दलितहरूले पाउनुपर्ने हो, त्यो पनि अहिले कम्पनीहरूलाई दिइएको छ । दलित, आदिवासी, घुमन्ते र किसान गरेर भारतका लगभग ४० प्रतिशत मानिसको जीवन अहिले विश्वव्यापीकरण र औद्योगिकीकरणले गर्दा सङ्कटमा छन् । यसको विरोधमा अहिले भारतभरि आन्दोलन भइरहेका छन् ।

यो आन्दोलनमा एकातिर बन्दुक उठाएर आन्दोलन गरिरहेका माओवादी छन् । उनीहरू भन्छन्- हामी तिरुपतिदेखि पशुपतिसम्म छौं । अर्कोतर्फ अहिंसात्मक तरिकाले आन्दोलन गर्ने मानिस छन्, जो जङ्गल बचाउ, जमिन बचाउ, जल र प्राकृतिक स्रोतसाधनहरूको अति दोहन हुनबाट बचाउ, ताकि भोलि यसले मानवलाई बचाउन सकोस् भनेर आन्दोलन गरिरहेका छन् । तर दुःखको कुरा के छ भने यी विविध किसिमका मानिस र आन्दोलन मिलेर पनि यसलाई रोक्न सकिएको छैन । भारत सरकार र बहुराष्ट्रिय कम्पनीहरू प्राकृतिक स्रोत र सम्पदा बेच्न कम्मर कसेर लागेका छन् । सामाजिक सङ्गठनहरूले यसलाई रोक्न सक्दैनन् । यो परिप्रेक्ष्यमा सवाल के छ भने के गरिब किसानको अधिकार सुरक्षित राखेर, प्राकृतिक स्रोतको पनि संरक्षण गरेर महाशक्ति बन्न सकिन्न ? वा महाशक्ति नै किन बन्नुपर्‍यो ? मलाई लाग्छ, यो "सुपरपावर" भन्ने कुरा नै बेकार हो । के हो, सुपरपावर भनेको ? आफ्ना जनतालाई भोकै राखेर कोही सुपरपावर बन्छ ? आफ्ना मानिसलाई भोकै राखेर, घरबारबाट लखेटेर, झुपडीमा पठाएर कस्तो सुपरपावर बन्ने हो ? कसलाई देखाउन सुपरपावर बन्ने हो ? चाहे नेपाल होस् वा भारत, जबसम्म जनताको रगतमा देशप्रेमको भावना हुँदैन, तबसम्म देश जत्रोसुकै महाशक्ति बने पनि त्यसको कुनै अर्थ हुँदैन । त्यसैले हामी बारम्बार सरकारलाई महात्मा गान्धीका कुरा सम्झाउने प्रयास गर्छौं । गान्धीले के भनेका छन् भने देशले कति उत्पादन गर्‍यो भन्ने कुराभन्दा उत्पादनमा जनता कति सहभागी भए भन्ने कुरा बढी महत्वपूर्ण हो । मलाई लाग्छ, महाशक्ति बन्ने चक्करमा हामीले गान्धीलाई पनि छोडिदियौं ।

"न्युक्लियर" बाट अब भारत सरकारले अन्तरिक्ष, चन्द्रमातिर ध्यान दिन थालेको छ । अर्बौं रूपियाँ यसमा लगानी हुन थालेको छ । खास कुरा के हो भने देशको सम्पत्तिमा १० प्रतिशत मानिसको कब्जा भएपछि यस्तो हुन्छ । चाहे भारत होस् वा ब्राजिल, जो-जो महाशक्ति बन्ने धुनमा लागेका छन्, ती देशको सम्पत्ति र स्रोत १० प्रतिशत मानिसको कब्जामा छ ।

गजब कुरा त के छ भने जुन १० प्रतिशतले सबै कब्जा गरेका हुन्छन्, उनीहरू बाँकी ९० प्रतिशतलाई "देश त सबैको बराबर हो" भनेर सम्झाइरहन्छन् । यो केवल नाटक हो । कब्जा मैले गरेको छु तर म तपाईंबाट बकाउँछु कि यो देश मेरो पनि उत्तिकै हो । तपाईंलाई पनि मेरो झण्डामुनि ल्याएर गीत गाउन लगाउँछु । यो पूरा नौटङ्की हो । अमेरिकामा भनिन्छ, एक प्रतिशत मानिसले देश कब्जा गरेका छन् । त्यहाँ

पनि यसका विरूद्ध आन्दोलन छ। तर मानिस सङ्गठित भएर केही गर्न सकिरहेका छैनन्।

भारतमा मध्यम वर्ग बढिरहेको छ। यसको असर गरिबलाई परिरहेको छ। यो जुन बढ्दो मध्यम वर्ग छ, यो कहिल्यै अघाउँदैन। यसले राम्रो-राम्रो नोकरी गरिरहेको छ, चिल्ला गाडी चढिरहेको छ, घरजग्गा जोडिरहेको छ, रेस्टुरेन्टमा खाइरहेको छ। यसले के सोच्छ भने अरु कोइला निकालौं, अरु ग्यास निकालौं, अरु खनिज निकालौं र उपभोग गरौं। उनीहरूका बच्चा राम्राभन्दा राम्रा स्कुलमा पढ्न पाउन्, उनीहरूले भोगचलन गरिरहेका सुविधा सबै उस्तै रहून्, बाँकी दुनियाँ बडा सुन्दर छ। देशमा के समस्या छ र ? खालि अमेरिका र चीन भारतभन्दा ठूलो शक्तिका रूपमा देखिइरहेको छ। भारत पनि त्यस्तै महाशक्ति बन्नुपर्छ। तब त नारा छ नि-इन्क्रेडिबल इन्डिया। मध्यम वर्गको सोचाइ के छ भने लोकतन्त्र हामीसम्म आइपुग्यो भने ठीक छ, अर्थतन्त्र हामीसम्म आइपुग्यो भने ठीक छ। जो पछाडि परेर छुटे, तिनका लागि रुनु बेकार छ र आखिर कोही अगाडि बढ्नलाई कसै न कसैको काँधमा त चढ्नैपर्छ। तिनका लागि दुःखी भएर कसरी अगाडि बढ्न सकिन्छ ? बढ्दो मध्यम वर्गले यसरी सोच्छ।

मध्यम वर्गको अर्को एउटा तप्का छ, जो अमेरिकामा जागिर गर्छ, भारतमा जमिन किन्छ, लगानी गर्छ। यिनलाई अहिले भारत रमाइलो लाग्न थालेको छ किनभने अब भारत महाशक्ति बन्दैछ। यसैले यी पहिलेजस्तो गरिब देशका मानिस कहलिने छैनन् र यिनलाई गरिबको जस्तो व्यवहार हुने छैन। "अब त हामी महाशक्तिबाट आएका हौं, हामीलाई इज्जत गर," यिनले संसारलाई भन्न थालेका छन्। यो स्वाभिमानको सवाल हो। यता देशभित्र कतिको जीवनमरणको सवाल हो भन्ने कुरासँग यिनलाई मतलब छैन। यिनलाई चाहिएको छ, भारतले गोराहरूलाई टक्कर देओस्, बस्।

मैले आजभोलि भाषणहरूमा भन्ने गरेको छु, हाम्रो अहिलेको आधुनिक शिक्षा व्यवस्थामा एउटा ठूलो खराबी छ- यसले दिल र दिमागको सम्बन्धलाई टुटाउने काम गरेको छ। यो शिक्षा पाएको मानिस खालि दिमागको मात्र प्रयोग गर्छ। दिलका लागि कुनै ठाउँ छैन। जसरी "मोर्डन एग्रिकल्चर"ले मानिसको स्वास्थ्य खराब गरिरहेको छ, त्यसरी "मोर्डन एजुकेसन" ले मानिसको दिमाग खराब गरिरहेको छ। सडकको बीचमा लडिरहेको मानिस देखेर मान्छेलाई दया जाग्दैन। अरुका लागि सोच्ने मानिससँग समय छैन। अरुको जेसुकै होस्, मतलब नगर, तिमी अघि बढ। अहिलेको शिक्षाले यही सिकाइरहेको छ।

सन् ९० को दशकमा जब भारतमा आर्थिक सुधार गरियो, उदारवादी अर्थतन्त्र अपनाइयो, आर्थिक वृद्धि हुन थाल्यो। भारतको अर्थतन्त्र ठूलो हुन थाल्यो। यसले नयाँ-नयाँ आयाम र आशाहरू जन्माउन थाल्यो। यसले सबभन्दा बढी मानिसका अपेक्षा बढाइदियो। यी अपेक्षा पूरा गर्नतिर लाग्दा बाँकी सामान्य मानिस पछाडि छुटे। यसमा सरकारी नीति र सिद्धान्तको पनि समस्या देखियो। जब जनता र बजार आपसमा लड्छन् भने सरकारको काम हो रेफ्रीको। कसैले नियम तोडेको छ कि कसैलाई बढी मर्का परेको छ कि भनेर हेर्ने काम सरकारको हो। तर रेफ्री नै खेल मैदानमा प्रवेश गरेर खेल्न थाल्यो भने के हुन्छ ? यहाँ त सरकार नै बजारको पक्षबाट खेलेर गरिबको गोलपोस्टमा गोल हानिरहेको छ। सरकारको काम बजारको नियमन गर्ने हो ताकि यो मानिसमाथि नचढोस्। आखिर सरकारका लागि त जनता ठूलो हो नि तर यहाँ त्यस्तो भइरहेको छैन।

यसैमा फेरि अर्को कोणबाट कुरा आउँछ। के त्यसो भए उन्नति-प्रगति नगर्ने त ? विकास नगर्ने ? आर्थिक वृद्धि चाहिँदैन ? सधैं सबै गरिब भएरै बस्ने ? होइन। त्यस्तो होइन। हामीजस्तो सामाजिक आन्दोलन चलाउने मानिसले खोजेको पनि उन्नति र प्रगति नै हो। तर त्यसको परिभाषालाई थोरै व्यापक बनाउँ भन्ने हाम्रो भनाइ हो। भौतिक विकासमात्र विकासको सम्पूर्ण होइन।




मानिसलाई भौतिक सुखले मात्र पुग्दैन। त्यसभन्दा अलि माथि उठेर अध्यात्मको सुख पनि चाहिन्छ। हामीले ठूला घर, हवाईजहाज र चिल्ला सडकलाई त विकास मान्यौं तर मनुष्यलाई मनुष्य बनाउने भित्री विकासलाई चाहिँ बिर्सियौं। मनुष्यको विकासको बाटो भनेको "रिलिजन" बाट विकसित हुँदै "स्पिरिचुआलिजम" तिर जाने हो। तर हामी त बाहिरी आडम्बरमै रमाउने भयौं। हामी त "रिलिजन" बाट भित्र जाने बाटोतिरै लागेनौं, बाहिरै रमाउन थाल्यौं। मानिसको आन्तरिक विकास भएन भने जतिसुकै आर्थिक विकास गरे पनि त्यो नाटकमात्र हुनेछ।

भर्खरै मैले एउटा किताब पढें। त्यसमा एउटा गुरिल्लाले वैज्ञानिकलाई भन्छ, "यो संसार १.२ बिलियन वर्ष पुरानो हो। यहाँ धेरै जीव-जनावर आए। स-साना जीवहरूले आफूभन्दा ठूला जीवलाई पनि आउने अनुमति दिए। त्यसैले गोहीपछि बाँदर आए, बाँदरपछि तिमी मान्छे आयौ। तर भाइ तिमी मान्छे त यसरी व्यवहार गरिरहेका छौ कि तिमीपछि कोही आउँदैन। तिमी त पृथ्वीको अन्तिम प्राणी जसरी व्यवहार गरिरहेका छौ।"

आखिर यो पृथ्वी हामी मानिसको मात्र त होइन नि ! हेर्नुस्, मुसाको जब दिन सकिन्छ, उनीहरू सामूहिकरूपमा समुद्रतिर हाम्फाल्न जान्छन्। यस्तै "सुसाइडल टेन्डेन्सी" अहिले मान्छेमा विकसित भइरहेको छ। हामी आफनो वंश सिध्याउँछौं, धर्ती सिध्याउँछौं, पानी समाप्त पार्छौं। यो दौड सुरु भएको छ। हामी सबैले यो दौडलाई विकास हो भनेर मान्यौं। जो यसको विरुद्धमा बोल्छ, त्यो विकास विरोधी हुन्छ। यसैले मानिस पहिले विकास विरोधीलाई

लखेट्न लागिपरेका छन् । गान्धीले भनेका छन्, "सबैका आवश्यकता पूरा गर्न यहाँ प्रशस्त चिज छन् तर कसैको पनि लोभ पूरा गर्नसक्ने चिज कहिल्यै कसैसँग हुँदैन ।" यो "निड" र "ग्रिड" को लडाइँ हो । यसैले गान्धीले पहिले नै विकासको यस्तो मोडलको आलोचना गरेका थिए ।

मानिस मलाई सोध्छन्, त्यसो भए के गर्ने त ? कुनै अर्को मोडल छ ? संसारमा कुन देशले तैंले भनेजसरी विकास गरेको छ ? म यस्ता केही देश देख्छु, जसले विकास र मानवीयतालाई साथै लिएर जाने प्रयास गरिरहेका छन् । म नर्वेको उदाहरण दिन्छु । हालै नर्वेले एउटा रोचक काम गरेको छ, म यसलाई प्रगतिशील सोच मान्छु । नर्वेका

**ठूलो हात्तीलाई सानो माहुतेले नियन्त्रण गरेजस्तो ठूलो सरकारलाई सानो सामाजिक आन्दोलनले स्वच्छ बनाउन वा नियन्त्रण गर्न सकिन्छ भन्ने जुन विचार हो, त्यसमै हामी छौँ ।**

पत्रकारहरूले निर्णय गरे- अब हामी "क्राइम रिपोर्टिङ" गर्दैनौं । अपराधका विषयमा समाचार लेख्दैनौं । त्यहाँको सरकारले भन्यो- अब हामी जेल राख्दैनौं, जेललाई सुधारगृह बनाउँछौं । यसको असर के भयो भने नर्वेमा ५० प्रतिशत अपराध कम भयो ।

केही दिनपहिले म बेल्जियममा भुटानका पूर्वप्रधानमन्त्री जिग्मे थिन्लेसँग थिएँ । उनीसँग भुटानको "ह्याप्पिनेस इन्डेक्स" बारे कुरा भयो । भुटानमा मानिस सबभन्दा बढी खुसी छन् भन्ने सर्वेक्षण आएका छन् । मलाई लाग्यो, कसैले त खालि विकास र खर्चको मात्र कुरा नगरेर खुसीको कुरा गरेको छ । खुसी भनेको भौतिक चिज होइन, यो त आत्मिक चिज हो । अमेरिका र बेलायतजस्ता देशका अगाडि भौतिक विकासको मापनभन्दा खुसीको मापन ठूलो कुरा हो भन्ने हिम्मत भुटानले देखायो ।

निकारागुवामा मैले देखें, आदिवासीहरूको कुरा मानेर त्यहाँको सरकारले ५३ प्रतिशत देश आदिवासीहरूलाई स्वायत्त क्षेत्रका रूपमा दिएको छ । त्यहाँको जल, जङ्गल, जमिनको उपयोग कसरी गर्ने, उनीहरू आफैं निर्णय गर्छन् । गाउँका मानिस बस्छन् र कति क्षेत्रमा सिकार गर्ने, कतिमा खेती गर्ने, कतिमा जङ्गल राख्ने भन्ने निर्णय गर्छन् । यो देख्दा मलाई लाग्यो, सारा गाउँ मासेर दिल्ली वा काठमान्डू जस्ता सहर बसाउनुको सट्टा गाउँ नै बसाउने पनि त उपाय हुँदोरहेछ । फरक सोच हुँदोरहेछ ।

जसरी हामी दुर्गन्ध भएको कोठामा बस्न मन पराउँदैनौं, फोहोर उठाएर फाल्छौं त्यसैगरी अन्याय भएको समाजमा पनि बस्दैनौं भनेर भन्न किन सक्दैनौं ? त्यो फोहोर जसरी अन्यायलाई पनि किन नदेखिने वा नसुँघिने ठाउँमा पुऱ्याएर आउन सक्दैनौं ? यदि हरेक मानिसको मनमा यो भावना पैदा भयो भने समाज न्यायपूर्ण बन्न सक्छ । तर यहाँ त मानिस मेरो सम्पत्ति यति छ, यसलाई जोगाउन म पर्खाल लगाउँछु भन्नेमै लागिरहेका छन् । तपाईं सोच्नूस्, "जति जमिन यो संसारमा पर्खाल बनाउनका लागि खर्च भएको छ, त्यति जमिन बाँडिदिने हो भने संसारबाट गरिबी समाप्त हुन्छ ।" यसैले पर्खाल लगाएर खुसी खोजेर कहिल्यै पाइँदैन । यसका लागि त न्याय र समतापूर्ण समाजको निर्माण आवश्यक छ ।

म अमेरिका-क्यानडा गएका बेला त्यहाँ बस्ने भारतीयलाई भन्छु कि तिमीहरू गलत कुरामा गर्व गर्न छोड । त्यो दिनबारे सोच, जब तिमी भन्न सक्छौ कि मेरो देशमा अन्याय छैन, मेरो देशमा छुवाछूत छैन, मेरो देशमा महिला हिंसा छैन, सब बराबर छ, त्यसैले म मेरो देशमाथि गर्व गर्छु । तर तिमी त मेरो देश अन्तरिक्षमा गइरहेको छ भनेर गर्व गर्छौ । आकाशमा पुगेर के हुन्छ, यदि धर्तीमा यति धेरै असमानता र अन्याय छ भने ? यसैले मध्यम वर्गको त्यो सोचाइ बदलियो भने यो वर्गको पागलपन पनि समाप्त हुन्छ, नत्र यो उस्तै रहिरहन्छ ।

भारतीय मध्यम वर्ग र गैरआवासीय भारतीयले मन पराएका नेता नरेन्द्र मोदी अहिले भारतको प्रधान मन्त्री बन्ने दौडमा छन् । उनलाई विकासवादी नेता पनि भन्ने गरिएको छ । उनले गुजरातमा विकासको मूल फुटाए भन्ने गरिएको छ । मलाई लाग्छ, उनी प्रधान मन्त्री बने भने विकासका नाममा भारतमा जुन विनाश भइरहेको छ, त्यो दोब्बर हुनेछ । मोदीको शैली व्यापारी, मध्यम वर्ग र बहुराष्ट्रिय कम्पनीहरूलाई मनपर्दो छ । गैरआवासीय भारतीय (एनआरआई) हरू सोच्छन्, मोदी आए भने लगानी गर्न सजिलो हुनेछ । किनभने अन्तर्राष्ट्रिय विमानस्थल कहाँ बन्दैछ, सबभन्दा पहिले एनआरआईलाई थाहा हुन्छ । उनीहरू आएर त्यहाँको जमिन किनिसक्छन्, अनि बल्ल विमानस्थल बन्छ । व्यापार यसरी चल्छ । मोदीको आगमनले अरु धेरै विकास परियोजना आउनेछन्, यसले अरु धेरै विस्थापन ल्याउनेछ र यसका विरुद्ध अरु धेरै आन्दोलन हुनेछन् र झन् धेरै दमन हुनेछ । यसरी हेर्दा विकासको जुन परिभाषा हो, त्योभन्दा उल्टो विकास भारतमा आउनेछ ।

केहीअघि म गुजरातमा एक महिना घुमेर आएँ । बाहिरबाट हेर्दा जस्तो गुजरातको विकास देखिन्छ, त्यहाँ मैले फरक दृश्य देखें । आदिवासी इलाकामा विकास पुगेको छैन । पहिला नर्मदा नदीमा बाँध बाँध्दा त्यहाँका किसानलाई पानी दिने भनियो तर अहिले सरकारले त्यही जमिन अधिग्रहण गरेर बहुराष्ट्रिय कम्पनीहरूलाई दिइरहेको छ । यसबाट किसानलाई के फाइदा भयो ?

कुरा मोदीको मात्र होइन । छत्तीसगढ जस्ता क्षेत्र, जहाँ नक्सलवादीहरूले आदिवासीको हक रक्षा गर्छौं भनेर आए, त्यहाँ पनि अहिले स्थिति बदलिएको छ । माइनिङ कम्पनी र नक्सलवादीबीच तालमेल भएको छ । माइनिङ कम्पनीहरूलाई गैरकानुनी माइनिङका लागि सुरक्षा चाहिन्छ । नक्सलीहरूलाई नयाँ हतियार किन्न पैसा चाहिन्छ । यसले तालमेल मिलेको छ- नक्सलीलाई पैसा, माइनिङ कम्पनीलाई सुरक्षा । आदिवासीलाई भने केही न केही ! आदिवासीहरू भनिरहेका छन्- हामी त हिंसाको त्रिकोणमा फसेका छौं । एकातिर माइनिङ कम्पनीले जमिन हडपिरहेका छन्, नक्सली आएर हामीले भनेको मानेनौ भने मार्दिन्छु भन्छन्, सेना आएर उनीहरूसँग लाग्यौ भने मार्दिन्छु भन्छ ।

हिंसाबाट कुनै समस्या समाधान हुँदैन । हुने भए २० वर्षदेखि नक्सलवादीहरू काम गरिरहेका छन्, केही त समस्या समाधान हुनुपर्ने । यो त झन् बढिरहेको छ । जेएनयुजस्ता ठाउँमा भएका केही पढेलेखेका मान्छेले यस्तो हिंसाको प्रशंसा गरिरहेका छन् । बन्दुकको विकल्प छैन भन्छन् । यो सब "फेसनेबल" कुरा बनिरहेको छ । क्रान्तिको फेसनले धेरैलाई अपिल गर्छ । जबसम्म बन्दुक बोकेको मानिस तपाईंको घरमा रहन्छ, तबसम्म केही न्याय पाइएला तर जब ऊ जान्छ, त्यसपछि ? के तपाईं आफैं सधैं बन्दुक बोकेर बस्नुहुन्छ ? यसैले यसको शान्तिपूर्णरूपमा स्थायी समाधान खोज्नुपर्छ ।

हिंसाको पनि राजनीति छ । सरकार नै चाहन्छ, हिंसा होस् । ताकि प्रतिहिंसाका लागि थप

हतियार किन्न पाइयोस् । यस्तो लाग्छ, सबै शक्तिशालीहरू हिंसा चाहन्छन् । किनभने यसले कमाइको बाटो खोलिदिन्छ । अहिंसाको शक्तिलाई चिनेर अझ तिखो बनाउनुपर्छ । हेर्नुस्, २० वर्षदेखि हिंसा गर्दा केही भएन, अन्ना हजारेले १० दिन अनशन बसेर सरकार हल्लाइदिए । यो के सानो कुरा हो ? सानो शक्ति हो ? यो शक्ति कुनै बन्दुकले ल्याउन सक्दैन । हामी नक्सलवादी प्रभाव क्षेत्रमा जाने प्रयासमा छौं । केही ठाउँमा गएका पनि छौं । जहाँ-जहाँ अहिंसावादीहरू पुगेका छन्, त्यहा नक्सलीहरूको प्रभाव पनि कम भएको छ तर समस्या के छ भने सरकारले जान दिँदैन । कोही गयो भने उसलाई पनि नक्सलवादीको बिल्ला भिराइदिन्छ । जेल हालिन्छ । यसबाट पनि देखिन्छ कि सरकार चाहन्छ, नक्सली रहुन् । वास्तवमै यसको विरोध गर्नेहरू नरहून् । यस्तो भयो भने माइनिङ पनि चलिरहन्छ । ठेकेदार र कर्मचारीलाई पनि काम नगरी पैसा पाउन नक्सलवादी चाहिन्छ । यस्तो लाग्छ, नक्सलवादी र हिंसा भएर सबैलाई फाइदा छ, सबैले कमाइरहेका छन् ।

मैले आफ्नो पहिलो काम चम्बलको घाँटीका डाँकुहरूबीच सुरु गरेको थिएँ । त्यो बेला जयप्रकाश नारायण चम्बलका डाँकुहरूलाई पट्याउने अभियानमा हुनुहुन्थ्यो । हामी पनि उहाँसँगै थियौं । हामी त्यहीं गएर बस्यौं । डाँकुहरूले हामीलाई यहाँबाट भाग भनेर आक्रमण पनि गरे । तर अन्त्यमा उनीहरूले कुरा बुझे र सबै हतियार बुझाएर आत्मसमर्पण गरे । सन् १९७२ मा ५ सय डाँकुले हाम्रो आश्रममा बन्दुक बुझाएका थिए । त्यसबेलादेखि नै मलाई थाहा थियो, हिंसाबाट कस-कसले कमाउँछन् । तर यति धेरै कमाउँछन् भन्नेचाहिँ म अहिले थाहा पाउँदैछु ।

अन्ना हजारेको पछिल्लो अनशन भारतीय सामाजिक अभियानको एउटा ठूलो घटना थियो । यसले अहिंसाका अगाडि सरकार झुक्छ भन्ने सन्देश दिएको थियो । समाजका इमानदार मान्छे मिल्ने हो भने सामान्य मान्छेले पनि ठूलो परिवर्तन ल्याउन सक्छन् भन्ने देखाएको थियो । तर जब पार्टी बन्यो, समस्या सुरु भयो । जनताको मनमा पनि धारणा बन्यो कि आखिर यिनले पनि सत्ता नै खोजेका रहेछन् । आज ठूलठूला कुरा गर्छन्, भोलि यिनले पनि चुनाव लड्छन् र उही मन्त्री, मुख्य मन्त्री बन्छन् । म यसलाई सही मान्दिन । अन्नाको आन्दोलनमा म पनि थिएँ । तर पार्टी बन्ने कुरा भएपछि म त्यसबाट अलग भएँ । अहिले त धेरै नै टाढा छु । अन्ना आफैं यसबाट अलग भए ।

ठूलो हात्तीलाई सानो माहुतेले नियन्त्रण गरेजस्तो ठूलो सरकारलाई सानो सामाजिक आन्दोलनले स्वच्छ बनाउन वा नियन्त्रण गर्न सकिन्छ भन्ने जुन विचार हो, त्यसमै हामी छौं । जयप्रकाश नारायणले पनि यही प्रयास गर्नुभएको थियो, आज अन्नाको पनि यही हो । अरविन्द केजरीवालको पार्टी बनेपछि यो अभियानलाई केही नोक्सान भएको छ । बाहिर आन्दोलन गरेर हुँदैन, बदल्नलाई भित्रै जानुपर्छ भन्ने भएको छ । अरविन्द केजरीवालले गरेको त्यही हो । नेपालका माओवादीले पनि त त्यही सोचेका थिए- सरकारमै गएर चिजहरूलाई ठीक गर्छौं । तर के ठीक गर्न सके ? केही सकेनन् । अरविन्दको पनि त्यही हो । यसले आन्दोलनलाई धक्का लाग्छ । जयप्रकाशजीको



आन्दोलन कम थियो ? इन्दिरा गान्धीलाई फालेको हो त्यो आन्दोलनले । तर के भयो ? सरकारमा गएपछि त दुई वर्षमा आपसमा लडेर नै सब कमजोर भयो, इन्दिरा फेरि आइन् ।

सन् २०१२ मा १ लाख मान्छे लिएर ग्वालियरबाट दिल्लीका लागि हिँड्दा ममाथि ठूलो दबाब थियो । एक त यति धेरै मानिसलाई साढे ३ सय किलोमिटर पैदल हिँडाउनु थियो । अर्को, केही अघिमात्र अन्ना हजारेको आन्दोलन ठूलो उपलब्धिबिना सकिएको थियो । बाबा रामदेवको अभियानलाई त पुलिसले मारपिट गरेरै खत्तम पारिदिएको थियो । मैले यसअघि पनि ठूलो जनसमुदायको पैदल मार्च गराइसकेको थिएँ र त्यसबाट केही उपलब्धि पनि पाएको थिएँ, यसैले म डराइन् । २००७ मा पनि म ग्वालियरबाट २५ हजार मानिस लिएर आगरासम्म पुगेको थिएँ । यसपाली पनि सम्झौता भएपछि मान्छेलाई लाग्यो, सामाजिक आन्दोलनबाट केही पाइने रहेछ । २००७ मा हाम्रो मार्चपछि "फरेस्ट राइट एक्ट" बन्यो । यसबाट १२ लाख मानिसले जमिन पाए । यो

हाम्रै आन्दोलनले मात्रै भएको त होइन, अरुले पनि गरेका थिए तर अन्तिम धक्का हाम्रो थियो । भूमि आयोग पनि बन्यो, प्रधान मन्त्रीको अध्यक्षतामा । म पनि यसमा सदस्य थिएँ । २०१२ मा १० बुँदे सम्झौता भयो । यसमा जमिन, घर दिनेलगायत धेरै कुरा छन् । यसको विशेषता के थियो भने हामीले सरकारसँग यो सम्झौता सडकमा गरेका थियौं । सामान्यतया सरकारले आन्दोलनकारीलाई कोठामा बोलाएर सही गर्छन् । हामी जान मानेनौं । उनीहरू नै आए ।

हाम्रा हरेक पैदल यात्राको घोषणा कम्तीमा तीन वर्ष पहिले हुन्छ । जसलाई यसमा आउने मन हुन्छ, उसले तीन वर्षसम्म हरेक दिन एक मुठी अनाज र एक रूपियाँ पैसा जम्मा गर्नुपर्छ । तीन वर्षसम्ममा जति अनाज हुन्छ, त्यो आफ्नो परिवारलाई खान छोड्ने र जम्मा भएको पैसा मार्च हुने ठाउँसम्म आउने खर्च । हामी सडकमै सुत्छौं, एक छाक खान्छौं । हाम्रा साथी, सहयोगी युरोपतिर पनि छन् । उनीहरूले पनि दिनको एक युरो जम्मा गरिदिन्छन् । यसरी थुप्रै पैसा उठ्छ । यसले हामीलाई आन्दोलन चलाउने खर्च आउँछ ।

सन् २०२० मा संसारभरिबाट १० लाख मानिस उठाउने हाम्रो तयारी छ । यसमा सबैका मुद्दा फरक होलान् तर विश्वव्यापीकरणको भीषण अतिक्रमणविरुद्ध मानिस खडा हुनेछन् । म सय जना मानिस लिएर दिल्लीबाट पाकिस्तान, अफगानिस्तान हुँदै स्विट्जरल्यान्डको जेनेभासम्म पैदल जानेछु । राष्ट्र सङ्घको मुख्यालय पुगेर हाम्रो आवाज सुनाउनेछु । विकासको अहिलेको परिभाषामाथि बहस चलाउन संसारका सबै कुनाबाट आवाज उठाउन अब ढिला गर्नुहुँदैन ।

*(साभार : कान्तिपुर दैनिक, १ चैत २०७०)*



# भू-उपयोग नीतिको व्यावहारिक अभ्यास

■ जया तामाङ

भूमिको उचित प्रयोग र व्यवस्थापन गर्न नेपाल सरकारले २०६९ वैशाख ४ गतेदेखि राष्ट्रिय भू–उपयोग नीति लागु गरेको छ । भू-उपयोग नीति भूमि अधिकार आन्दोलनको पनि माग थियो । नीति अनुमोदन सकारात्मक भए पनि कार्यान्वयन गरिएको छैन । उक्त नीति कार्यान्वयनमा ल्याउनु सरकारको प्रमुख जिम्मेवारी हुन आउँछ । मूलतः समुदाय, स्थानीय सरकार, राजनीतिक दल, सामाजिक सङ्घ/संस्था र नागरिक समूह सबैको प्रयासबाट मात्र यसलाई सम्भव बनाउन सकिन्छ । यसै सन्दर्भमा भू–उपयोग नीतिलाई ललितपुरको लेले गाविसमा समुदायस्तरमा कार्यान्वयनमा ल्याउन सुरु गरिएको छ ।

लेलेमा खेतीयोग्य जमिन प्रशस्त छ तर सही उपयोग हुन सकेको छैन । बाँझो जमिन, सार्वजनिक तथा चरण क्षेत्रको जमिन प्रशस्तै देखिन्छन् जुन सही प्रयोगमा आएको पाइँदैन । सामुदायिक वन क्षेत्रमा दर्जनौँ ढुङ्गा खानी सञ्चालन भइरहेका छन् । यसले पानीका मुहान सुक्दै गएको छ । अर्कोतर्फ खेतीयोग्य जमिन जथाभावीरूपमा प्लटिङ गरी घर बनाउने कार्य दिन/प्रतिदिन बढ्दै गइरहेको छ । यही अवस्था बढ्दै जाने हो भने यसले ठूलो समस्या निम्ताउने छ । त्यसैले जमिन थप बिग्रन नदिन र गैरकृषीकरणतर्फ कम प्रयोग हुन दिन यो नीति सहयोगी हुने अभ्यासले देखायो । त्यसैले भू–उपयोग नीति कार्यान्वयनमा ल्याउन प्रयास सुरु गरिएको छ ।

यस क्रममा लेले गाविसको ९ वटै वडाका किसान तथा स्थानीयबासीसँग छलफल गरी स्रोत नक्सा तयार गरियो । गाविसस्तरीय भेलामा सबै वडाको प्रतिनिधिलाई सहभागी गराई अभ्यास गराउन आवश्यक छ कि छैन भन्ने विषयमा पर्याप्त छलफल गरियो । भेलामा उपस्थित, राजनीतिक दलका प्रतिनिधि, अगुवा कृषक, शिक्षक, नागरिक समाज सबै 'नीति' कार्यान्वयनमा ल्याउन आवश्यक रहेको निष्कर्षमा पुगियो । त्यसपछि सबै वडामा नीतिबारे जानकारी गराइयो । विभिन्न चरणमा भएको छलफलमा समुदायका १८७ महिलासहित ५२१ सहभागी भएका छन् । समुदायका मानिसले यस नीति कार्यान्वयन गराउन सहयोग गर्ने र यस कार्यमा सङ्गठित हुने प्रतिबद्धता व्यक्त गरे ।

गाविसको जग्गाको लगत निकालियो । यसका लागि सामाजिक नक्सा, भू–परिवेश नक्सा, जमिन आवादी भएको क्षेत्रको नक्सा सहभागितामूलक तरिकाले तयार गरियो । यसपछि गाविसमा रहेका अन्य निकायको पनि राय लिन र समन्वय विस्तारका लागि सरोकारवाला निकायहरूको छनोट गरी अभ्यासबारे छलफल गरियो । यो कामले समुदायलाई नै फाइदा पुग्ने भएकाले सहयोग




गर्न उनीहरू पनि सहमत भए । लेलेमा १६८७ परिवारको बसोबास छ । खेतीयोग्य जमिन १००० हेक्टर, बाँझो जमिन ५५ हेक्टर, सार्वजनिक र चरण क्षेत्रको जमिन करिव २२ हेक्टर, कलकारखाना वा उद्योगले ओगटेको जमिन ९८ हेक्टर पाइयो ।

वन जङ्गलले ढाकेको क्षेत्र, त्यसै खेर गइरहेको क्षेत्र, बाँझो जमिन कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने विषयमा पर्याप्त छलफल भइरहेका छन् । छलफलका क्रममा विशेषतः सहभागीहरूले बस्ती व्यवस्थित गरी खेतीयोग्य जमिनलाई उत्पादन कार्यमा मात्र प्रयोगमा ल्याइनुपर्ने सुझाएका छन् । जथाभावीरूपमा खेतका गह्रामा, बारीका पाटामा घर बनाइँदा अन्न उत्पादनमा ह्रास आएको छ, यसो हुँदै जाने हो भने 'पहिले–पहिले पाटनढोकामा गएर लामो लाइन बसेर चामल किनेर ल्याउनुपर्ने थियो' भविष्यमा पनि त्यही स्थिति आउनसक्नेमा स्थानीय चिन्तित देखिए । उनीहरू आगामी दिनमा घर बनाउने, उत्पादन गर्ने र चरिचरनका लागि जमिनको वितरण गरिनुपर्ने पक्षमा देखिए । यसका लागि भू–उपयोग नीतिको सही कार्यान्वयनमा सरकारी निकायबाट पनि सहयोग हुनुपर्ने उनीहरूको माग छ । कतिपयले सरकारले नीति त ल्याउँछ तर त्यसको प्रभावकारी कार्यान्वयनमा चासो नदिने, कार्यनीति बनाएर सहयोग नगर्ने हुँदा यो नीति पनि त्यस्तै हुने हो कि भन्ने चिन्ता व्यक्त गरे । स्थानीयले भू–उपयोग नीतिबारेमा बुझिसकेपछि नीति कितावमा मात्र थन्किनुहुँदैन, सरकार र हामी सबै मिलेर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने बताएका थिए ।

विभिन्न चरणमा भएका छलफलका सहभागीहरूको सुझावका आधारमा जमिनलाई अधिकतम उपयोगमा ल्याउन र सामूहिक खेती विस्तार गर्नका लागि योजना बनाउने काम भइरहेको छ । यसका लागि भू–उपयोग कार्यान्वयन समिति गठन गर्न पहल भइरहेको छ । लेले गाविसको नौ वटै वडामा गरिएको छलफल, विभिन्न चरणमा स्थानीयबासीसँग बसेर गरिएका अन्तर्क्रिया र बनाएको स्रोत तथा सामाजिक नक्साले गाविसको यथार्थता चित्रण गरेको छ ।

बाँझो तथा चरन क्षेत्र र खेर गइरहेको जमिनको क्षेत्रफल पनि धेरै नै देखियो । यो देखेपछि स्थानीयबासीले महसुस गरे कि धेरै जमिन प्रयोगमा ल्याउन सकिने रहेछ ।! यसका लागि स्थानीयबासी तत्पर । तर सरकारी निकाय र समुदाय/गाविसका अन्य सरोकारवाला निकाय पनि यो कार्यमा लाग्नुपर्ने आवश्यकता छ । सबैको सहकार्य र एकता भयो भने पक्कै भू–उपयोग नीति कार्यान्वयन हुनेछ र समुदायको मुहार फेरिनेछ । ●



■ जीवन राजी

# सङ्‌कटमा राजी समुदाय

राजी लोपोन्मुख अल्पसङ्ख्यक अति विपन्न सीमान्तकृत जाति हुन् । उनीहरूको आफ्नो स्थायी बसोबास थिएन । आफ्नो पेसाका लागि जहाँ पायक पर्थ्यो त्यहीँ बसोबास गर्दै आए । राजीहरू मुख्यगरी माछा मार्ने, डुङ्गा बनाउने र चलाउने, मह र जडीबुटी सङ्कलन गर्थे । अब राजीहरूको डुङ्गा चलाउने ठाउँहरूमा पुल बने, जङ्गलमा जडीबुटी सङ्कलन गर्ने ठाउँमा सामुदायिक वन, राष्ट्रिय निकुञ्जले बन्देज गरे । यसरी क्रमशः राजीहरूको पुर्ख्यौली पेसा सङ्कटमा पर्दै गयो । पेसा सङ्कटमा परेपछि उनीहरू घरको न घाटको भएका छन् ।

बर्दियाको बनियाँभार– ७ मा २०६३ सालदेखि ६५ परिवार भूमिहीन राजी समुदाय भूमि अधिकार मञ्चमा सङ्गठित भई आफ्नो बसोबास तथा जीविकाका लागि संघले गर्दै आइरहेका छन् । भूमि सुधार र भूमि वितरणको मुद्दा जेठो मुद्दा हो भनिन्छ । हुन पनि यो लामो समयदेखि सल्टिन नसकेको मुद्दा भइसक्यो । गरिखाने गरिबलाई, कजाई खानेहरूले त्यति सजिलै भूमि वितरण गर्न दिँदैनन् । ‘खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ’ भनेझैं ‘गरिबीको पीडा गरिब’ लाई मात्र थाहा हुन्छ । कजाई खाने धनी वर्गलाई पीडाबोध कदापि हुन्न । यस्तै पीडा र गरिबीमा बाँचिरहेका छन् यहाँका राजी समुदाय ।

पुरुषहरू भारतको कालापहाडसम्म मजदूरी गर्न जान्छन् भने महिला आफ्नो परिवारका लागि रेखदेख र पुरुषहरूले कमाई गरेर पठाएका थोरै पैसाले जीविका चलाइरहेका छन् । ठूला–ठूला रूखमुनि टहरा छन् । कुन दिन रूख ढलेर छाप्रा भत्किने हो, यसले परिवारै सखाप हुने हो कि भन्ने चिन्तामा हुन्छन् । राजी समुदायले २०६४ सालमा मगरागडीको जनजागृति समुदायिक वन क्षेत्रको ६ बिघा बाँझो जमिनमा जोतभोग गरेर बाली छरे । उब्जनी गरे तर त्यो उब्जनी राजी समुदायले भू–माफियाका कारण खान पाएनन् । भू–माफियाका चलखेलका कारण राजी समुदाय झन् समस्यामा परेका छन् ।

सरकारले अल्पसङ्ख्यक तथा लोपोन्मुख राजी जातिलाई संरक्षणका लागि २०६६ सालदेखि मासिक सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेको छ । तर सुरक्षा भत्ताले उनीहरूको दैनिक उपभोग्य वस्तुलाई समेत पुग्दैन । असुरक्षित बसाइँका कारण बेलाबेलामा हुने बिरामी खर्चसमेत सरकारी भत्ताले पुग्दैन ।



२०६४ सालदेखि यता दुई पटक संविधान सभाको निर्वाचन भयो । नेताहरूले उनीहरूबाट भोट लिए, त्यसको बदला ठूला आश्वासन बाँडे तर उनीहरूको बसोबासका लागि विकल्प खोजिएन् । सामुदायिक वनले राजी समुदायलाई सामुदायिक वनबाट उठाउन खोजेका छन् तैपनि राजनीतिक दलका नेताहरूले केही बोलेनन् । २०६४ सालमा त एक पटक राजी बस्तीमा नै सामुदायिक वनले आगो लगाई सखाप बनाएको थियो । त्यतिबेला विचल्ली भएको राजी समुदायलाई प्रशासनले सहयोग गरेन । त्यहीबेला राजी समुदायलाई राष्ट्रिय भूमि अधिकार मञ्चले खाद्यान्नको जोहो गरिदियो भने त्यहीँ बसोबासका लागि पहल गरी सहमति गराएको थियो । त्यतिबेला मञ्च नभएको भए राजी समुदायको बस्ती जोगिने थिएन । भूमि अधिकार मञ्चप्रति उनीहरूको भरोसा बढेको छ । त्यसैले उनीहरू भूमि अधिकार प्राप्तिको आन्दोलनमा सङ्गठितरूपमा लागेका छन् । नेपालमा राणा शासन अन्त्य भई प्रजातन्त्र आयो, प्रजातन्त्रले सबैलाई कल्याण भएन भनी गणतन्त्र आइसक्यो तर अझै पनि जनतामा परिवर्तन आउन सकेन । अबचाहिँ संविधान सभाबाट बन्ने संविधानले अरुका जस्तै राजी समुदायको पनि भूमि अधिकार सुनिश्चित गराउने आशा छ । ●



■ नरीराम लोहार

# समुदायमै छ सिक्ने कुरा

दैलेख, सुर्खेत र डडेल्धुरामा सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यासमा संलग्न अगुवाका लागि दाङको गङ्गापरस्पुर, सिन्धुपाल्चोकको राम्चे र महोत्तरीको लक्ष्मीनियाँमा सिकाई भ्रमण आयोजना भएको थियो । भ्रमणमा ९ जना सहभागी थिए । तिनै सहभागीमध्येका एक नरीराम लोहार लेख्छन् :

**ध्यान खिच्यो टपरी र प्रतिबद्धताले**

माघ २६ गते दाङको लमही पुग्दा साँझको ६ बजेको हुँदो हो । एक घण्टा कच्ची बाटो हिँडेपछि गङ्गापरस्पुरको 'बाँकी गाउँ भूमि अधिकार मञ्च' पुग्यौं । सङ्गठनका सदस्यले फूल र टीकाले स्वागत गरे । सङ्गठनका सदस्यबीच आत्मीय सम्बन्ध जोडिएको महसुस भयो । सालका पातले बनाइएका 'टपरी' मा भुटेको मकै र कालो चिया खाइयो । खाजाभन्दा 'टपरी' ले ध्यान आकर्षित गऱ्यो । हाम्रो भम्रण टोलीलाई बासका लागि पुरुष जतिलाई भूमि घरमा र



महिलाका लागि सदस्यको घरमा व्यवस्था भयो । त्यहाँ सङ्गठनमा लागेकामा एकता रहेछ । मेलमिलाप रहेछ । भोलिपल्ट बाँझो जग्गामा गरिएको खेती हेर्न गयौं । १० जना जतिलाई बोलाइएको रहेछ तर सयभन्दा बढी उपस्थित भए, हामी अचम्मित भयौं । सङ्गठनमा मानिसको प्रतिबद्धता देखेर ।

**स्थानीय निकायले गर्न सक्छ भूमि सुधार**

गङ्गापरस्पुर गाविसमा ऐलानी जग्गा जोतभोग गरेकाले बसोबास प्रमाणपत्र माग्दै २०६६ भदौमा ७२३ निवेदन दिए । यसमा मञ्चले सघायो । त्यतिबेला गाविसले प्रमाणपत्र दिन मानेन । भूमि अधिकार मञ्चले निरन्तर दबाब दिएपछि सर्वदलीय बैठक भयो । बैठकबाट छानबीन गरी प्रमाण दिने सहमति भयो । छानबीन गर्न समिति बनाइयो ।

समितिले ऐलानी जग्गा भोग गरेकालाई निवेदन दिन सूचना जारी गऱ्यो । समुदायमै गई समितिले जग्गाको क्षेत्रफल नापजाँच गऱ्यो । पुनः सर्वदलीय बैठक बस्यो । वन, जङ्गल र सार्वजनिक कामका लागि छुट्याएको जग्गा (कुलो, गौचरन, साँध सिमाना) बाहेक खोलाको छेउ वा अन्य ठाउँमा बसेका परिवारलाई प्रमाणपत्र दिने निर्णय गऱ्यो । पहिलो चरणमा ५ कट्ठाभन्दा कम भएकालाई प्रमाणपत्र दिने निर्णयअनुसार त्यस्ता परिवारले जोतभोगको प्रमाणपत्र लिइरहेका छन् । प्रमाणपत्र दिँदा गाविसले ६० रूपियाँ दस्तुर लिने गरेको रहेछ । त्यो रकमबाट भूमिहीन, सुकुम्बासीकै लागि काम गर्न छुट्टै खाता गाविसकै पहलमा खोलिएको रहेछ । सर्वदलीय समिति परिचालन गर्न गाविसले बजेट पनि विनियोजन गरेको रहेछ । यहाँको भ्रमणपछि यदि अधिकार पाउने हो भने गाविसले भूमि सुधार गर्छ भन्ने विश्वास पलायो ।

**भेटिए कृषि ज्ञाता**

महोत्तरीस्थित लक्ष्मीनियाँ गैरीगाउँका विष्णुदेव महतो डेढ बिघा जमिनमा खेती गर्छन् । एउटै समय एउटै खेतमा मसुरो, आलु, काउली, फर्सी, उखु खेती गरेका छन् । गएको सिजनमा उनले ८५ हजारको सिमी, ७५ हजारको काँक्रा र भान्टा, ४५ हजारको भिन्मी बेचे । काँक्रा र भिन्मीको बीउमात्रै १९ हजारको बिक्री गरेछन् । ८ कट्ठा जग्गामा सिओजी-८५, ८८२३२, सिओजी-६४, ८४३६ गरी चार जातका उखु खेती गरेछन् । जुन खेतीले फाइदा दिन्छ त्यसैलाई बढाउने योजना उनको छ । उनी सफल कृषक पनि हुन् । एक कट्ठा जग्गामा ७० क्वीन्टल उखु फलाउँछन् । हामीलाई लाग्यो, कृषि नीति बनाउनेहरूसँगभन्दा बढी ज्ञान उनमा छ । यिनी पो विज्ञ त !

**सुकुम्बासीको घरमा कोठी भकारी**

लक्ष्मीनियाँ– १ थापापुरका ३४ सुकुम्बासी परिवार बालुवा चाल्ने गिट्टी कुट्ने काम गरी जीविका चलाउँथे । दिनभरी काम गर्न पाए साँझ पेट भरियो नत्र भने भोको पेट बस्नुपर्ने समस्या उनीहरूले धेरै भोगे । खेती किसानी गर्नेको घरमा हुने कोठी भकारी उनीहरूका लागि भाग्यमै नभएका चिज थिए । जब उनीहरूले मडाहा खोलाको किनारमा प्रयोगमा नआएको बगरमा खेती गर्न थाले, त्यसपछि उनीहरूको जीवनशैली

फेरियो । घरमा कोठी भकारी राख्न पाएका छन् । छोराछोरीलाई पढाउन थालेका छन् । बगरको ७ बिघा जग्गामा मिलेर खेती गर्न थालेपछि दाउरा बेचेर गुजारा चलाउने परिवार खेतीमा तरकारी उत्पादन गरी बिक्री गरी आम्दानी गर्न थालेका छन् ।

वर्षभरीका लागि मकै र दाल आफैं उत्पादन गर्छन् । भोकै बस्नुपर्ने अवस्था छैन । सबभन्दा बढी खुसी त उनीहरूमा घरमा भएको 'कोठी भकारी' ले दिएको छ । भूमिहीन महिला सङ्गठित भई कृषि सहकारी खोलेका छन् । सुरुमा ५ रूपियाँ बचत गर्थे । अहिले मासिक एक सय गर्छन् । १०१ सदस्य र १ लाख २ हजार कारोबार छ । उखु, आँप, अरहर, परवल, लिची खेतीले उजाड देखिने बगर हरियालीमा परिणत भएको छ । गाविस, भू–संरक्षण कार्यालय र जिल्ला भूमि अधिकार मञ्च मिलेर नदी नियन्त्रण गर्न थालेका छन् । यो काममा राजनीतिक दलले पनि साथ दिएका छन् ।

**स्वामित्वको शक्ति**

सिन्धुपाल्चोकस्थित राम्चे-९ पाल्लेकी किसान यसोदा रखाल खेतीपातीबाटै वर्षमा २ लाखभन्दा बढी आम्दानी गर्छिन् । पाल्लेका अधिकांश परिवार खेतीपातीबाटै आत्मनिर्भर बन्न थालेका छन् । लालीगुराँस कृषि सहकारी संस्थामार्फत आय वृद्धिमा लागेका छन् । गाई पालनबाट दैनिक २ सय ४० लिटर दूध उत्पादन गरी बिक्री गर्छन् । सामूहिक डेरी सञ्चालन भएको छ । किसानहरू मिलेर भएको जमिनमा चक्लाबन्दी खेती थालेका छन् । गुन्द्रुक उत्पादन व्यावसायिकरूपमा भइरहेको छ ।

किसानहरूले आन्दोलन गरेर गुठी जग्गा रैकर गरेपछि खेतीपातीमा समेत फरकपना आएको रहेछ । पहिले जग्गामा स्वामित्व नहुँदाका प्रसस्त नमीठा अनुभव सुनाए- लालपुर्जा भएका परिवारले गुठीमा बसेकालाई ऋण दिँदैनथे । खेती गर्न जाँगर थिएन् । गुठीमा बसेकालाई अरुले छोरी दिनसमेत मान्दैनथे । साहूबाट ऋण लिनुपर्दा घीउ, भाले, बोका दिनुपर्थ्यो । अहिले हामीसँग जमिनको स्वामित्व छ, त्यस्तो समस्या छैन । ●

# मञ्चले दिलायो मोही हक



**–सत्यनारायण सरदार**

हामी सुनसरी जिल्लाको इटहरी–७, शङ्करपुरमा १६ जनाको परिवार एकसाथ बस्छौं । वि.सं. २०२२ सालदेखि बुबा देवीलालले इटहरी–७ का जमिनदार टेमन दासको जमिन हरूवाको रूपमा जोत्न थाल्नुभयो । बुबाले ४ विघा जमिन जोत्नुभएको थियो । जग्गा जोतिदिएवापत एक कट्ठा जग्गा बसोबासका लागि दिएइको थियो । ४ कठ्ठा १० धुर जग्गामा मोही कायम भएको थियो ।

२०४५ सालमा बुबाको मृत्युपछि मोही स्वतः छोरामा सर्ने प्रावधान भए पनि जमिनदार जित्नी थरुनी र उनका श्रीमान् नारायण चौधरीले जालझेल गरी मोही कट्टा गर्न खोजे । तर ४ कठ्ठा १० धुर जग्गामा चाहिँ मोही कट्टा हुन सकेन । किनकि त्यसमा पहिले नै मोही कायम भइसकेको थियो । त्यसपछि जमिनदार रिसाएर हाम्रो टहरो पनि भत्काइदिए । त्यसलाई मर्मत गरी त्यहीँ बसोबास गर्दै आइरहेका छौं । जग्गाधनीहरूले जोत्न दिएका जग्गामा मोही लाग्ने डरले धमाधम खोस्न थालेका थिए । हामी जेनतेन अरुको पनि खेत जोत्दै गुजारा चलाउन थाल्यौं ।

४ कठ्ठा १० धुरमा कायम भएको मोही हकलाई मिलाउन खोज्दा जग्गाधनीले अस्वीकार गर्दै मोही बाँडफाँट नगरेकाले २०५९ सालमा जग्गधनीले मोही हटाउन मुद्दा दायर गरिन् । सो मुद्दा भूमि सुधार कार्यालय हुँदै पुनरावेदन अदालतसम्म पुग्यो । मोही हक लड्दा–लड्दा मेरो आर्थिक अवस्था नाजुक भयो । म मुद्दा लड्न नसक्ने अवस्थामा पुगिसकेको थिएँ । खर्च धेरै भयो ।

२०६३ सालतिर जिल्लामा भूमि अधिकार आन्दोलनको चर्चा हुन थाल्यो । त्यही समयमा मञ्चले १३ दिन मालपोत कार्यालय घेराऊ गरेको खबरले मेरो ध्यानाकर्षण त्यतातिर भयो । मलाई पनि त्यही आन्दोलनमा होमिन मन लाग्यो र मैले मञ्चका तत्कालीन अध्यक्ष लक्ष्मण चौधरीसँग सदस्य बन्ने कुरा राखेँ । उहाँले 'आन्दोलनमा लागेपछि मात्र मञ्चको सदस्यता पाइन्छ' भनेपछि म पनि भूमि अधिकार आन्दोलनमा लागेँ । त्यसको एक वर्षपछि मञ्चको सदस्यता पाएँ । त्यसपछि म पनि भूमि अधिकार आन्दोलनमा सक्रिय भएर लाग्न थालेँ । २०६९ साल माघ २८ मा सुनसरीमा मोही सम्मेलन गर्‍यौं ।

भूमि अधिकार मञ्चले मेरो मोही हकका लागि जग्गाधनीलाई चिठी पठायो । मुद्दा लडेर दुवैलाई समस्या पर्ने र पैसा खर्च हुने भएकाले मिलेर अघि बढ्न आग्रह गरी जग्गाधनी र मोही मिल्नु भनी चिठीमा लेख्यो । मुद्दा अदालतमा थियो । भूमि अधिकार मञ्चको सहजीकरणमा जग्गाधनी जित्नी थरुनी मलाई मोही हक दिन उनी सहमत भइन् ।

यसरी मैले भूमि अधिकार मञ्चको सहजीकरणमा मोही हक पाएँ । मैले २ कट्ठा जग्गा र नगद १ लाख ४० हजार रूपियाँ क्षतिपूर्तिसमेत पाएँ । भूमि अधिकार मञ्च साँच्चिकै अन्याय परेकाको न्यायालय नै रहेछ भन्ने अनुभूति भएको छ ।

*प्रस्तुति : शैलेन्द्र राई*



# भूमि अधिकारका लागि आन्दोलन गर्नैपर्छ

–**भीमा चौधरी**, सुनसरी

भीमा चौधरी तीन वर्षदेखि टेङ्ग्राटोल गाउँ भूमि अधिकार मञ्च, सुनसरीको अध्यक्षको जिम्मेवारीमा रही आन्दोलनमा सक्रिय छिन् । उनीसँग गरिएको कुराकानी :

**भूमि आन्दोलनमा कसरी लाग्नुभयो ?**

हामी सुकुम्बासी हौँ । २०६७ सालमा अभियान नेपालले आयोजना गरेको सुकुम्बासीसम्बन्धी कार्यक्रममा सुकुम्बासीको अधिकार बुझ्ने मौका पाइयो । बसोबास गरेको जग्गा विद्यालयको भनी बस्ती उठिबास गर्न दुःख दिइरहेको थियो । धम्क्याउने गर्थे । यस्तो समस्यामा रहेका हामी त्यस कार्यक्रमपछि भूमि अधिकार मञ्च बनाई सङ्गठितरूपमा भूमि अधिकार आन्दोलनमा लाग्यौं । मञ्चमा ८४ परिवार मुसहर र थारू समुदाय सङ्गठित छौँ ।

**विद्यालयले किन बस्ती हटाउन खोजेको ?**

विद्यालयले आफ्नो क्षेत्रको जग्गा भनी बस्ती हटाउन खोजेको हो । विद्यालय स्थापना हुनुभन्दा पहिलेदेखि नै हाम्रो बस्ती बसेको हो । यस्तो जग्गा पनि कहीँ विद्यालयको हुन्छ ?

**मञ्चमा लागेपछि के के गर्नुभयो ?**

ठूलै सङ्घर्ष गरेर भूमि घर निर्माण गरेका छौँ । सबै एकजुट भएर बसेका छौँ । नगरपालिकाबाट बजेट दाबी गरी बाटो बनाउन सफल भयौँ । सहकारी बनाएका छौँ । बचतबाट २ लाख पुँजी पुगिसक्यो । मञ्चकै पहलमा लुमन्ती संस्थासँग सहकार्य गरेर बस्तीका सबै घरमा धारा र शौचालय निर्माण गरेका छौँ । आन्दोलनकै प्रभावबाट बस्तीका ७७ परिवारले सुकुम्बासी समस्या समाधान आयोगबाट सुकुम्बासी परिचयत्र पनि पाएका छन् ।

**सहकारीबाट के फाइदा पुगेको छ ?**

सहकारीमा हामी मासिकरूपमा नियमित बचत गर्छौं । सहकारी नहुन्जेल गाउँमा कसैलाई आपत–विपत पर्‍यो भने कोही बिरामी पर्‍यो भने सयकडा पाँच रूपियाँ ब्याज तिरेर ऋण लिनुपर्ने बाध्यता थियो । तर सहकारी आफैँले निर्माण गरेपछि चर्को ब्याज तिर्नुपर्दैन । सहज र सरलरूपमा ऋण पाइन्छ । तिरेको ब्याज पनि आफैँले पाउने हो । सहकारीबाट ऋण लिएर कोहीले बाखा पालन त कोहीले खुद्रा व्यापार पनि सुरु गरेका छन् । सहकारीले धेरै सहजता भएको छ । मासिकरूपमा एक सय रूपियाँ सहकारी बचत र दश रूपियाँ आन्दोलन कोष जम्मा गर्ने गरेका छौँ ।

**नगरपालिकाबाट कसरी बजेट लिनुभयो त ?**

भूमि अधिकार मञ्चमा सङ्गठित हुन थालेपछि स्थानीय स्रोतमा दाबी गर्न सिकियो । सङ्गठनमा छलफल गरी नगरपालिकामा बजेट माग गर्‍यौँ । पटक–पटक नगरपालिकामा गई छलफल गर्‍यौँ । त्यसपछि नगरपालिकाले योजना बनाउने बेला बोलायो । अघिल्लो वर्ष ३ लाख र यस वर्ष ९ लाख रूपियाँ बजेट नगरपालिकाबाट लिन सफल भयौँ । यसबाट हामीले बाटो निर्माणलगायत गाउँमा अन्य धेरै काम गर्न सक्यौँ । अहिले त योजना बनाउँदा वा अन्य केही कार्यक्रम हुँदा पनि नगरपालिकाले बोलाउँछ ।

**भूमि घर कसरी बनाउनुभयो ?**

ऐलानी पर्ति जग्गामा भूमि घर बनाएका छौँ । सामूहिक हितको काम गर्दा विरोध आउँछ जस्तो लागेको थिएन तर भूमि घर बनाएको जग्गा नजिकको एक जग्गाधनीले प्रहरीमा उजुरी गरेछन् । उनले भूमि घर निर्माण गर्दा प्रहरी ल्याएर अवरोध पनि गरे । काम गर्नेलाई धम्काए पनि । रातिराति भए पनि ढुङ्गा, माटो, इँट्टा बोकेर र कुरुवा बसेर भूमि घर निर्माण गरिछाड्यौँ । प्रहरीसँग पनि एकजुट भएर प्रतिवाद गर्‍यौँ । जमिनदारको केही लागेन । प्रहरीले थानामा लान पनि सकेन । अन्ततः हामीले भूमि घर बनाइछाड्यौँ ।

**अब भूमि हक पाउन के गर्नुपर्छ ?**

मञ्चमा लागेपछि बस्तीको धेरै विकास भएको छ । आन्दोलन हुँदा 'पटुकीमा चिउरा र भुजिया' बोकेर हिँडेका छौँ । जबसम्म भूमि हक र बसेको जग्गाको पुर्जा पाउँदैनौँ तबसम्म निरन्तर सङ्घर्ष गरिरहने छौँ । मञ्चमार्फत सबैले सङ्गठितरूपमा आन्दोलन गर्न आवश्यक छ । सङ्गठितरूपमा आन्दोलन गर्न सकेमा मात्र सबै भूमिहीनले भूमि हक पाउँछन् ।

# व्यावसायिक उत्पादनमा जोड दिनुपर्छ



–रिगोवर्तो रिभेरा
एक्सन क्याम्पेसना, भेनजुएला

भेनेजुएला दक्षिण अमेरिकाका रिभेरा लामो समयदेखि सामाजिक आन्दोलनमा संलग्न छन् । उत्पादन प्रविधि, तालिम, सम्भाव्य बजारको पहुँच आदिबाट किसानको जीविकामा परिवर्तन ल्याउने अभियानमा क्रियाशील छन् । मार्च ३ र ४, २०१४ मा काठमाडौंमा आयोजित भूमिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा आएका रिभेरासँग यही सेरोफेरोमा गरिएको कुराकानीका केही अंश :

**भेनेजुएलाको विषयमा थोरै बताइदिनुहोस् न ।**

भेनेजुएलामा करिव २९ मिलियन जनसङ्ख्या छ । करिव ३५ मिलियन हेक्टर कृषियोग्य जमिन छ । पेट्रोलियम पदार्थको उत्पादन बढी हुन्छ र मुलुकको अर्थतन्त्रमा पेट्रोलले प्रमुख भूमिका खेलेको छ । भेनेजुएला सहरीकरण भएको मुलुक हो र त्यहाँ थोरै अर्थात् २० हजार जनता मात्र किसानी पेशामा छन् । अधिकांश खाद्यान्न बाहिरबाट आयात हुन्छ ।

**भूमि सुधारमा कस्ता अभ्यास भएका छन् ?**

सन् १९६० देखि भूमि सुधारले प्राथमिकता पाउन थाल्यो । हदबन्दीको व्यवस्था कायम गरी ठूलो परिमाणमा जग्गा हडप्नेका विरुद्ध विभिन्न नीति तथा कानुन बनाई कार्यान्वयनमा छ । निजी क्षेत्रको अधिनत्वमा भएको करिव ७० प्रतिशत जमिन सरकारले नियन्त्रणमा लिएको छ । तर त्यो जमिन किसानलाई वितरण गरिएको छैन । २० हजार साना किसान छन् । भूमिहीन साना किसान कृषियोग्य जमिनको स्वामित्वबाट वञ्चित छन् । तर खेती भने गरिरहेका छन् ।

**भूमि सुधार प्रक्रियामा तपाईहरूको आन्दोलनको के भूमिका रह्यो ?**

हामी भूमि अधिकार प्रदान गरिएका साना किसानलाई उपयुक्त तरिकाबाट भू–उपयोगका लागि आवश्यक सहयोग पुऱ्याइरहेका छौँ । कृषिसम्बन्धी प्राविधिक सवाल, जस्तै- उत्पादनमा मद्दत र उनीहरूको उत्पादनका लागि उचित बजारको पहुँच, उत्पादित सामग्रीको खरिद/बिक्रीलगायतमा हामी मद्दत गरिरहेका छौँ । किसानहरूलाई कृषि सहकारीमार्फत सङ्गठित गरी उनीहरूको विभिन्न पक्षमा सहयोग पुऱ्याइरहेका छौँ ।

**भूमिसधारसम्बन्धी तपाईंको भनाइ चाहिँ के नि ?**

भेनेजुएलामा भूमि सुधारका क्षेत्रमा अझ केही परिवर्तन ल्याइनु जरुरी छ । जमिनमाथि किसानको स्वामित्व छैन । उनीहरू आफूले खेतीपाती गरिरहेको जमिनको पूर्ण उपयोग गर्नबाट वञ्चित गराइएका छन् । कृषि क्षेत्रमा भन्दा अन्यत्र लगानी गर्ने प्रवृत्ति देखिन्छ । यसकारण पहिले किसानहरूको भूमि अधिकार सुनिश्चित गरिनु आवश्यक छ । यसो भएमा कृषि क्षेत्रमा लगानी बढ्नुका साथै उत्पादनमा समेत वृद्धि हुनेछ ।

**नेपालको भूमि आन्दोलन र भेनेजुएलाको आन्दोलनमा के फरक देख्नुभयो ?**

नेपालमा साना किसानलाई जमिन उपलब्ध गराउने र पारिवारिक खेती सञ्चालन गर्नेतिर केन्द्रित भएको पाएँ तर हामीकहाँ व्यावसायिक र ठूला उत्पादनतर्फ बढी नै जोड दिइएको छ । मूल प्रश्न दुवै देशमा जमिनमा किसानको स्वामित्व हुनुपर्‍यो भन्ने हो ।

# स्वतन्त्रताका नायकः मण्डेला

■ प्रस्तुति : विश्वास नेपाली

दक्षिण अफ्रिकाको रोलिहलाहमा सन् १९१८ जुलाई १८ मा जन्मेका नेल्सन मण्डेला दक्षिणी अफ्रिकी इतिहासमा पहिलो काला जातिका राष्ट्रपति भए । थेम्बु आदिवासी समुदायका मण्डेला रङ्गभेद विरोधी आन्दोलनमा होमिएका थिए । उनका पिता गाडला हेनरी स्थानीय निकायका प्रमुख तथा आदिवासी राजाका सल्लाहकार थिए । मण्डेलाको सुरुवाती जीवन, परम्परा, धार्मिक विधि टाटु कोराउनमै बितेको थियो । उनी ९ वर्षको हुँदै पिताको मृत्यु भयो । आमाले उनलाई निरन्तर अध्ययन गर्ने अवसर जुटाइदिइन् । सानैदेखि उनी अन्याय नसहने स्वभावका व्यक्ति थिए ।

सानै उमरेमा थेम्बु समुदायका मखेजवेनी दरबारका राजा जोनगिनताबा डालिन्डयेबोकोमा बसेका उनले त्यहीँबाट पुर्खाको इतिहासबारे जान्ने मौका पाए । काला जातिका मानिस शिक्षा, अभाव र गरिबीमा बाँचिरहेका थिए । उनले गोरा जातिमाथि कुनै नराम्रो टिकाटिप्पणी नगरिकन नै कालामाथिको भेदभावको विरोध गर्न थाले ।

झण्डै ८० प्रतिशत काला समुदाय र ९ प्रतिशत मात्र गोरा र बाँकी अन्य समुदायको बसोबास रहेको अफ्रिकामा गोरा जातिकाले काला जातिमाथि अन्यायपूर्ण शासन गर्दै आएका थिए । उनी यस्तो प्रथाको विरोधी थिए । गोराहरूले काला समुदायलाई थिचोमिचोमा राखी हैकमी शासन चलाइरहेका कुरा उनले सहजै पचाउन सकेनन् । कानुनका विद्यार्थी उनी गोराहरूको विरुद्ध लाग्न थाले । यही कारण उनलाई अध्ययन गर्दागर्दै कलेजबाट निकालियो । त्यसपछि सन् १९४१ मा ठूलो सहर जोहानसवर्ग पुगे । त्यहाँ उनले सुन खानीमा काम गर्न थाले । काम गर्ने क्रममा रङ्गभेद विरोधी नेता तथा कालाहरूको दल 'अफ्रिकी नेसनल कङ्ग्रेस (एएनसी) का नेता वाल्टर म्याक्स उल्याते सिसुलुसँग भेट भयो । सिसुलुले नै त्यहाँ मण्डेलालाई कानुनसम्बन्धी काम गर्ने संस्थामा जागिर लगाइदिए ।

उनी निकै मेहनती थिए । दिनमा काम गर्ने र राति पढ्थे । यसरी उनले सन् १९५२ मा वकिलको परीक्षा उत्तीर्ण गरे । त्यसपछि कलेजमा सँगै पढ्ने ओलिभर टाम्बोसँग मिलेर काला जातिका लागि काम गर्न पहिलो कानुनी कार्यालय खोले । यस्तो काम गर्न थालेको सहन नसकी स्वतन्त्रता र समानता विरोधी सरकार जसरी पनि उनलाई पक्राउ गर्न चाहन्थ्यो । सन् १९५६ मा उनीसहित १ सय ५५ जनालाई देशद्रोहको मुद्दा लगाई पक्राउ गरियो । झण्डै साढे चार वर्षपछि छाडियो ।

गोरा विरोधी आन्दोलन चलिरहेकै बेला सन् १९६० मार्च २१ मा ट्रान्सभाल प्रान्तको सार्पभिल्लेमा प्रहरीले ६९ प्रदर्शनकारीको हत्या गऱ्यो । जनताले प्रतिकार गर्ने त्रासमा त्यतिबेलाको सरकारले सङ्कटकाल लगायो । मण्डेलाको दलमाथि पनि प्रतिबन्ध लाग्यो । उनी देशलाई स्वतन्त्रताको शिखरमा पुऱ्याउन चाहन्थे । त्यसपछि उनी भूमिगतरूपमै काम गर्न थाले । उनीहरूको मागप्रति ध्यानै दिइएन । सरकार जतिबेला पनि काला जातिकालाई दबाएर राख्न चाहन्थ्यो । स्वतन्त्रताका लागि सन् १९६२ मा मण्डेलाको नेतृत्वमा सशस्त्र विद्रोह सुरु भयो ।

दक्षिण अफ्रिकाको लिखित 'संविधान र कानुन' अल्पसङ्ख्यक गोरा शासकको पक्षमा थियो । कानुन तथा संवैधानिक उपायद्वारा भेदभावलाई सरकारले संस्थागत र पृष्ठपोषण गर्ने प्रयास गऱ्यो । कालाहरूलाई धेरै उपजातिमा विभाजन गरी स्कुल, अस्पताल, यातायातका बेग्लाबेग्लै व्यवस्था थिए ।

अश्वेतहरूका लागि यस्ता सुविधाको स्तर दयनीय थियो । तिनका लागि रोजगारी पनि सहज थिएन । अश्वेतहरू आफ्नै देशमा स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउँदैन थिए । कतिपय ठाउँमा जान वा काम गर्न अनुमतिपत्र लिनुपर्थ्यो । अन्तर्जातीय विवाह त वर्जित नै थियो । कतिपय जागिरमा त कानुनतः नै गोरा जातिको मात्र पहुँच हुन्थ्यो । यसैको विरुद्धमा थिए मण्डेला । उनी चाहन्थे सबै मानिस एकै हुन् । त्यसैले उनी दक्षिण अफ्रिकाको बहुसङ्ख्यक काला जातिको मुक्तिका लागि समर्पित भएर लागे ।

सन् १९६३ मा विभिन्न आरोप लगाउँदै तत्कालीन सरकारले उनीसहित सात सहयोगीलाई आजीवन काराबासको सजाय सुनायो । त्यसको विरोधमा अन्तर्राष्ट्रिय सञ्चार माध्यम पनि उत्रिए । उनीहरूले दक्षिण अफ्रिकी सरकारको रङ्गभेदी नीतिको अन्यायपूर्ण शासनको पर्दाफास गरे । दक्षिण अफ्रिकी सरकारको यस्तो कार्यको विरोधमा अन्तर्राष्ट्रिय समुदाय बोल्यो । उनीहरूले दक्षिणी अफ्रिकी सरकारलाई चेतावनी पनि दिए । सबैतिरबाट दबाब आउन थालेपछि तत्कालीन राष्ट्रपति एफडब्लुडी क्लार्कले दलमाथिको प्रतिबन्ध फुकुवा गरे ।

अफ्रिकामा क्रान्तिकारी परिवर्तनको पहिलो सङ्केत थियो यो ।

मण्डेलालाई आन्दोलन छाड्न राज्य पक्षबाट धेरै प्रलोभन देखाइयो । उनले कहिल्यै हार मानेनन् बरु सधैं आफ्नो सिद्धान्तमा अडिग रहे । उता राज्यपक्षतर्फ राष्ट्रपति बुथाले १९८९ मा राजीनामा गरेपछि एफडब्लुडी क्लार्क कार्यबाहक राष्ट्रपति बने । २ फेब्रुअरी १९९० मा राज्य र विद्रोही पक्षबीच धेरै छलफल भयो । यसपछि संसदमा रङ्गभेद



नीतिको अन्त्य गर्दै प्रजातान्त्रिक दक्षिण अफ्रिकाको घोषणा भयो । ११ फेब्रुअरीमा मण्डेला जेलमुक्त भए ।

जेलमुक्त भएपछि उनी दलको अध्यक्ष चुनिए । बहुजातीय प्रजातान्त्रिक पद्धतिमा जाने विश्वासका साथ वार्ता सुरु भयो । सन् १९९३ मा मण्डेला र राष्ट्रपति क्लार्कलाई शान्तिका साथ सहमति र स्थिरताको मार्ग रोजेकामा संयुक्तरूपमा अन्तर्राष्ट्रिय समुदायबाट नोबेल शान्ति पुरस्कार प्रदान गरियो । सन् १९९४ मा बहुजातीय सहभागितामा भएको पहिलो प्रजातान्त्रिक निर्वाचनमा मण्डेलाको दलले जित्यो । सोही वर्षको १० मेमा मण्डेला मुलुककै पहिलो काला जातिबाट 'राष्ट्रपति' बने ।

राष्ट्रपति भएर पनि उनी अन्य नेताहरूजस्तो धेरै सत्तामा बसिरहन चाहेनन् । सन् १९९७ मा दलको अध्यक्ष पद त्यागी सहयोगी म्बेकीलाई जिम्मेवारी सुम्पे । सन् १९९९ को निर्वाचन पनि म्बेकीको नेतृत्वमा उनकै दलले जित्यो । उनले सन् २००४ बाट नै सार्वजनिक जीवनबाट अवकाश लिएको घोषणा गरेका थिए । 'मलाई तपाईंहरूले सम्झिनुपर्दैन, बरु म तपाईंहरूलाई सम्झिनेछु'- मण्डेलाले सार्वजनिक जीवनबाट अवकाश लिँदा भनेका थिए ।

लामो समयदेखि फोक्सोको समस्याका कारण मण्डेला बिरामी परेका थिए । यही समस्याले सन् २०१३ को ५ डिसेम्बरका दिन उनी संसारबाट बिदा भए । उनले ठूलो लडाइँ लडेर दक्षिण अफ्रिकामा काला जातिमाथिको अन्याय र अत्याचार मेट्न देशमा संविधान ल्याए । बहुजातीय समाज भएको अफ्रिकाको संविधानले ११ भाषालाई मान्यता दिएको छ । थुप्रैखाले अन्य अफ्रिकी भाषाले त्यहाँ स्थान पाएका छन् ।

मण्डेला मदिरा सेवन र धूमपान गर्दैनथे । उनी मित्र र विरोधीहरूसँग उत्तिकै स्वागतका साथ प्रस्तुत हुन्थे । सबैलाई समान व्यवहार गर्थे । मण्डेलाको देहावसानसँगै संसारले मान्छे-मान्छेबीचको विभेदविरुद्ध लड्ने एक प्रखर सेनानी गुमाएको छ ।

उनको जीवन, सङ्घर्ष, योगदान, प्राप्ति र उनका आदर्श र मननीय उदाहरणका अहिले विश्वभर प्रशस्त चर्चा छ । बदलाको भावना नभएका नेता थिए मण्डेला । उनले आफ्ना सत्रु गोरा जातिलाई माफी मात्र दिएनन्, आफूसँगै लिएर देश पुनर्निर्माणमा पनि लागे । मन्डेलमा जति हिम्मत जो कोहीमा पाउन कठिन छ ।




## '११ वर्ष भयो मुद्दा लडेको, अझै हक पाइनँ'



म भगनी कहार (७६) हुँ। गनापुर–कैरातीपुरमा बस्छु। बाजे ससुराका पालादेखि नै जोतभोग गरेको ११ कट्ठा जमिनको मोही हकको लागि २०६१ सालमा भूमि सुधार कार्यालय बाँकेमा निवेदन दिएँ। जब मैले मोही हकका लागि निवेदन दर्ता गराएँ तब जग्गाधनीले बाली मुद्दा दर्ता गरायो। तारेक धाउँदा–धाउँदा ज्यानै जाने बेला भइसक्यो। बाली मुद्दाका लागि तारेक धाउन जाँदा जग्गाधनीले धम्काउने र तर्साउने गरेर हैरान पार्छन्। जग्गाधनी भन्छन्, जग्गाको तीन भागको एक भागमात्र दिन्छु, त्यही लिएर सहमति गर्नु भनी धम्क्याउँछन्।

मैले पतिको मृत्युपछि मोही नामसारीका लागि २ वर्ष र मोही बाँडफाँटका लागि ९ वर्ष गरी ११ वर्षभन्दा बढी समय मुद्दा लडिसकेँ। अहिलेसम्म भूमि सुधार कार्यालय र जिल्ला अदालतमा तारेक लिन जाँदा मात्र मेरो ८० हजारभन्दा बढी खर्च भइसक्यो। थाहा छैन, अझ कति लड्नुपर्ने र कति खर्च गर्नुपर्ने हो। तर अधिकार नलिएसम्म छाड्दिनँ।

# सुल्झेन मोही समस्या

भूमि सुधार तथा व्यवस्थापन विभागको आ.व. २०६४/६५ मा वार्षिक प्रतिवेदनअनुसार १ लाख ६९ हजार ४७४ मोही छन्। उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदनअनुसार बेदर्तावाल मोहीको सङ्ख्या ४ लाख ५० हजार छ। वि.सं. २०५३ पुस २४ गतेदेखि नयाँ मोही अन्त्य र पुराना मोही किसानले ५० प्रतिशत जग्गा पाउने व्यवस्था गरिएको थियो।

वि.सं. २०५८ सालमा मोही ऐन संशोधन गरी २ वर्षभित्रै किसान र मोहीबीच जग्गा बाँडफाँट गरिसक्ने कानुनी व्यवस्था गरे तापनि अझै पनि हजारौँ मोही किसानले आफूले जोतखन गरेको जमिनको स्वामित्व पाउन सकेका छैनन्।

बाँके, बर्दियामा मात्र मोही बाँडफाँटका लागि १ हजार ७ सय ४९, नामसारीका लागि ९ सय ३०, जग्गा धनीले मोही निष्कासनका लागि

१ सय ८४ मुद्दा दर्ता भएका छन् । २ हजार ८ सय ६३ जना मोहीले मोही हकका लागि १० वर्षभन्दा बढी समयदेखि भूमि सुधार कार्यालय र अदालतमा मुद्दा धाइरहेका छन् । बाँकेमा मात्र ४ हजार ५३ विघा जमिन मोहीहरूले जोत्दै आएका छन् । मोहीसम्बन्धी कानुनी अड्चन र जग्गाधनीबाट हुने उत्पीडनबाट आहत भएका मोही किसानहरू मोही हक प्राप्त गर्न सङ्गठित भएर लामो समयदेखि आन्दोलनमा लागिरहेका छन् ।

वि.सं. २०६४ सालमा रोक्का भएको मोही हकसम्बन्धी व्यवस्था राज्यले लागु गर्न नसक्दा हजारौं जोताहा किसानले दुःख पाइरहेका छन् । भूमि सुधार कार्यालय बाँकेमा बाँडफाँट निवेदन दिएकामध्ये आ.व. २०६९/०७० को प्रतिवेदनअनुसार १ हजार १ सय १९ मोहीका मुद्दा बाँडफाँट हुन बाँकी छ । उनीहरूले ४ हजार विघाभन्दा बढी क्षेत्रफलको जमिन जोतिरहेका छन् । जग्गामा मोही लागेकै कारण वर्षौंदेखि जोतभोग गर्दै आएका किसानहरू यति ठूलो क्षेत्रफलको जमिनबाट वञ्चित छन् ।

मोही किसानहरू भूमि अधिकार मञ्चमार्फत सङ्गठितरूपमा ६ वर्षदेखि रोक्का भएको मोही बाँडफाँट प्रक्रिया खुलाउन सरकारलाई दबाब दिने चरणबद्ध आन्दोलनमा छन् । जोतिरहेको जमिनको कानुनी स्वामित्व दिनुपर्नेमा उल्टै जग्गाधनीहरूले किसानलाई तारेख धाउन बाध्य बनाएर दुःख दिइरहेका छन् । त्यहीविरूद्धमा किसानहरू सङ्गठितरूपमा आन्दोलनमा उत्रेका हुन् । बाँकेमा मोही किसानले गत मंसिर ११ गते भूमि सुधार कार्यालय घेराऊ गरे । मोही हक पाउनुपर्ने माग गर्दै मोही (जोताहा किसान) ले नारा, जुलुससहित र्‍याली गरी भूमि सुधार कार्यालयमार्फत प्रधान मन्त्रीलाई मागपत्रसमेत बुझाएका छन् ।

बाँके, बर्दिया र सुर्खेतका ३०० भन्दा बढी मोही किसानले 'हामी भन्छौं जमिन देऊ, सरकार भन्छ तारेख लेऊ' नारासहित नेपालगञ्जको धम्बोझी चोकबाट र्‍याली सुरु गरी पासाङ मार्ग हुँदै भूमि सुधार कार्यालयमा पुगी मागपत्र बुझाएका छन् । भूमि अधिकार मञ्चले वर्षौंदेखि मोही अधिकारका लागि मुद्दा लडिरहेका ज्येष्ठ

## 'धेरै दुःख पाएँ'



मेरो नाम बुधइ गडरिया (८२) हो । म बाँके गनापुर गाविस-३ मा बस्छु । परिवारमा १२ जना छौं । म मोही किसान हुँ । मैले मनिकापुर गाविस-७ का राधेश्याम कुर्मीको जग्गा कमाउँदै आएको छु । चार पुस्तादेखि हामीले जोतभोग गर्दै आएको जग्गाको क्षेत्रफल ८ कट्ठा छ ।

मोही हकका लागि २०६१ सालमा भूमि सुधार कार्यालयमा मुद्दा दर्ता गरेँ । ९ वर्ष भयो । लगातार तारेक धाइरहेको छु । यही वर्षमात्र पनि पाँच पटक मुद्दा धाइसकेँ । टुङ्गो लागेको छैन । जमिन जोतेवापत जग्गाधनीको हिस्सा दाखिला गर्ने गरेको छु । तैपनि जग्गाधनीले प्रत्येक वर्ष बाली भराई मोही निष्काशन गर्न अदालतमा मुद्दा दिन्छ । २०६८ फागुन ३० गते ३ हजार ५ सय १५ मोही बाली दाखिला गरेँ तर जग्गाधनीले २०६९ जेठ १८ गते बाली मुद्दा दायर गरे । दुःखको कुरा भनिसाध्य छैन ।

जिल्ला अदालतमा बाली मुद्दाको तारेख धाउँदा हैरानी पाएको छु । अदालतबाट पुस ७ गते बाली मुद्दाको निर्णय भयो तर मोही निष्काशन नभए पनि उत्पादन गरेको भन्दा बढी बिगो तिर्नुपर्ने निर्णय गर्‍यो । यस घटनाले म अत्यन्तै मर्माहत भएँ । आकाशे वर्षाको भरमा खेतीको उत्पादन हुनेभन्दा बढी तिर्नुपर्ने निर्णयले मलाई दुःखी बनाएको छ । थप २ हजार ६ सय ५७ रूपियाँ तिर्नुपर्ने बाध्यता छ ।

एकातिर जग्गाधनीले विभिन्न घटना गराएर त्रसित पारेका छन् । अर्कोतिर मोही कानुनको झन्झटिलो व्यवस्थाले उत्तिकै सताएको छ । जसले वर्षौंसम्म तारेक धाउन बाध्य बनाएको छ । मोही हक सजिलै प्राप्त गरूँला भन्ने आशा थियो तर मलाई के थाहा कि कानुन गरिबको पक्षमा हुँदैन भन्ने कुरा ! साहूको ऋण लागेको छ । बूढो मान्छे, हिँड्डुल गर्न सक्दिन् । आँखा कम देख्छु तर पनि हक पाउने आशाले मुद्दा खेप्न भने छाडेको छैन् ।

जमिनदारले तारेक लिन्छ वा लिँदैन थाहा छैन मेरो भने ज्यानै जाने भइसक्यो । मैले राणा शासन देखेँ, पञ्चायती शासन देखेँ, बहुदलीय शासन देखेँ अब नयाँ शासन आएको छ, त्यो पनि देखिरहेको छु तर गरिबहरू कहिल्यै पार लागेको देखेको छैन ।

जग्गा नदिनका लागि जग्गाधनी राधेश्यामले वर्षेनि मुद्दा लडाइ हैरानी पार्ने गरेका छन् । नातिको पाला भइसक्दा पनि मोहीको टुङ्गो लागेको छैन । पोहोर उब्जनीभन्दा २.५ क्वीन्टल बढी धान दिनुपर्‍यो । खेत भोगचलन गरिरहँदा पनि मर्का छ, जोत्न छोडौं भने मोही अधिकारबाटै हटाइदेला भन्ने डरले घाटा भए पनि जमिन जोतिरहेको छु ।

किसानलाई सम्मान गर्ने र उनीहरूबाट प्रेरणा लिई आन्दोलनमा उत्साहित मोही किसानलाई सङ्गठित गरेर सहयोग गरिरहेको छ ।




मोही किसान लामो समयदेखि तारेक धाउँदा–धाउँदा दासतामा नै जिन्दगी बित्न लागेको गुनासो गरिरहेका छन् । लोकतान्त्रिक नेपालमा उत्पादन गर्ने किसानलाई उत्पादन गर्ने साधन 'भूमि' को कानुनी स्वामित्व दिनुपर्ने माग उनीहरुको छ । मोही अधिकारका लागि लडाइँ गरी प्रेरणादायी भूमिका खेलेका मोही किसान बाँकेका बुधई गडरिया (८६), सलारु बागवान (७२), इन्द्रादेवी मुराउ (६२), सेमलाल थारु (५६), सोलारी थारु (७७), बर्दियाका अवधराम लोध, फेरन हरिजन र सुर्खेतका पृथ्वी चौधरीलाई दोसल्ला ओढाई सम्मान पनि गरिएको छ यस क्रममा ।

सोही अवसरमा भूमि अधिकार मञ्च, बर्दियाका अध्यक्ष केशबहादुर विकले लामो समयदेखि मोही अधिकारका लागि लड्दा–लड्दा किसानहरू थकित भइसके, अब राज्यले सिधै मोही किसानलाई हक दिनुपर्छ भन्ने माग गरे । किसानलाई जग्गाधनीले दिएको हकको स्वामित्वसमेत नदिई अनावश्यकरूपमा तारेक धाउन बाध्य पारिएकोप्रति उनले आक्रोश पोखे ।

स्रोत केन्द्र–२ बाँकेका संयोजक लालमणि भण्डारीले 'आधा हकको लडाइँ लड्न थालेको ४६ वर्ष भइसक्यो तर अझैसम्म किसानले हक पाएका छैनन्, यसमा सरकारी निकाय भूमि सुधार कार्यालयहरूले जमिनदारको पक्षमा काम गरे तर किसानको पक्षमा सहयोग नगरेकाले यसो भएको हो' भन्ने दाबी गरेका थिए । मोहीहरू वर्षौंदेखि तारेक धाइरहेका छन् तर पनि जग्गा बाँडफाँट भएको छैन । मोहीसम्बन्धी समस्या छिनोफानो गर्न भनेर २१ जिल्लामा भूमि सुधार कार्यालय स्थापना गरिएका छन् । ती कार्यालयमा उपसचिवदेखि अधिकृतसम्मका अधिकारीको व्यवस्था गरिएको छ । तर काम नभएकाले ती कार्यालय कर्मचारीका लागि गफ गर्ने थलोमात्र बनेका छन् । राजनीतिक दलले मोहीलाई जग्गाको मालिक बनाउने नारा लगाएको ६ दशकभन्दा बढी भइसकेको छ । तर आजसम्म पनि जमिनमा नै जीविका गाँसिएका जोताहाको हक स्थापित हुन सकेको छैन ।

आफ्ना पुर्खाले आवाद गरेको जमिन खोसिने, मोहियानी प्रमाण नहुनु, प्रमाणका आधारमा लगाइएका मुद्दा किनारा नलागी लामो समयसम्म तारेक धाउन पर्नु, मोही प्रमाण र जोताहा जीवित हुँदाहुँदै मोही लगत कट्टीजस्ता समस्या भोग्नुपरेको छ । जग्गाधनीले आफ्नो स्वार्थअनुरूप काममा लगाउने, जोतखन गरेको जमिनबाट बेदखल गर्ने गरेकाले आज पनि जोताहा किसान भू-दासकै अवस्थामा छन् । यस्तो अवस्थामा मोहीहरूको हक अधिकार स्थापित गराउन सशक्त आन्दोलन गर्नपर्ने आवश्यकता मोही किसानले ठानेका छन् ।

*प्रस्तुति : विश्वास नेपाली*

## १४ वर्षे लडाइँ



म सेमलाल थारू वनकुटवा ३ पेडारीमा बस्छु । मैले २०५६ सालदेखि २–४–० कट्ठा जमिनमा मोही हकको लडाइँ लडिरहेको छु । यति लामो समयदेखि मोही बाँडफाँटका लागि निवेदन दिएको भए पनि मोही बाँडफाँट हुन सकेन । अझै पनि म त्यही मोही हकका लागि लडाइँ लडिरहेको छु । बाँकेका जमिनदार विश्वनाथ श्रेष्ठको जग्गा जोतको हुँ र उसैबाट मोही हक पाउनुपर्ने हो । अनुपस्थित जग्गाधनीको पहिचान बनाएका श्रेष्ठले ७ वर्षदेखि बाली मुद्दा लगाई अति नै सताउने गरेका छन् । जमिनदार भन्छन्, 'सर्वोच्च अदालतसम्म मुद्दा लडेर मोही हकबाट निष्काशन गराउँछु तर हक दिन्न ।' बेलाबेलामा यसैगरी धम्क्याउने गर्छन् । मैले त्यही जग्गाको अधिकारका लागि १४ वर्षदेखि भूमि सुधार कार्यालय र १२ वर्षदेखि जिल्ला अदालतमा तारेक धाइरहेको छु । यस अवधिमा एक लाखभन्दा बढी खर्च भइसकेको छ । तर हामीलाई अदालत र भूमि सुधार कार्यालयले पनि साथ दिएका छैनन् । यदि उनीहरूले गरिब किसानको पक्षमा बोलिदिने हो भने यो समस्या समाधान हुन्थ्यो ।




# भूमि र कृषिसम्बन्धी
# अन्तर्राष्ट्रिय कार्यशाला

नेपालमा २०६२/०६३ को जनआन्दोलनले ल्याएको व्यवस्था परिवर्तनपछि भूमि तथा कृषि सुधारका लागि बहस भइरहेका छन् । हाल बन्दै गरेको संविधान सबै जातजाति, भाषाभाषी, सीमान्तकृत समुदाय र भूगोलका प्रतिनिधिहरूको सहभागितामा सबैलाई न्याय हुने किसिमले बन्दैछ । संविधानमा नै भूमि सुधारको मुद्दा समेटियो भने यसबाट न्यायिकरूपमा सबै जनताले अधिकार पाउनेछन् । त्यसकारण यो समयमा भूमि सुधारको मुद्दालाई बहसकै रूपमा उठाउन आवश्यक छ ।

यही सन्दर्भमा भूमि सुधारमा सबै राजनीतिक दल, नागरिक समाजलगायतबाट भूमि मुद्दामा बहस उठ्नु जरुरी छ । यसै सिलसिलामा नेपालका प्रमुख राजनीतिक दलका प्रतिनिधि, नीति निर्माण तहमा रहेर काम गरिरहेका व्यक्ति, नागरिक समाजका अगुवा भूमि तथा कृषि सुधार अभियानका अगुवाको सहभागितामा 'भूमि र कृषि सुधार सवाल र समाधान' विषयक अन्तर्राष्ट्रिय कार्यशाला आयोजना भयो । फागुन १९ र २० मा राजधानीको बूढानिलकण्ठमा भएको कार्यशालामा एसिया, अफ्रिका तथा ल्याटिन



अमेरिकामा लामो समयदेखि यस क्षेत्रमा काम गरिरहेका अनुभवी व्यक्ति एवम् नेपालका संविधान सभाका सभासद्, विभिन्न राजनीतिक दलका नेता, कृषि मन्त्री, राष्ट्र ब्याङ्कका गभर्नरलगायत उच्च व्यक्तित्वको सहभागिता थियो । यही विषयमा केन्द्रित रही नेपालका विभिन्न क्षेत्रका अनुभवी व्यक्ति, अन्तर्राष्ट्रियस्तरमा भूमि तथा कृषि सुधारको क्षेत्रका काम गरिरहेका अन्तर्राष्ट्रिय अगुवाहरूले अनुभव आदान-प्रदान गरेका थिए ।

भूमि र कृषि सुधारको असल अभ्यास, वर्तमान नीति तथा व्यवस्थाको विषयमा पर्याप्त छलफल गरी ज्ञान वृद्धि गर्ने, सभासद्, राजनीतिक दलका नेताहरू एवम् नागरिक समाजका नेतृत्वहरूमार्फत बन्दै गरेको संविधानमा भूमि सुधारको मुद्दा लेखिन पर्याप्त बहसको सुरुवात गराउने यस कार्यक्रमको मुख्य उद्देश्य थियो ।

कार्यशाला सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी), राष्ट्रिय भूमि अधिकार मञ्च, फ्याक्ट नेपाल, अन्तर्राष्ट्रिय भूमि सञ्जाल (आइएलसी) तथा अन्तर्राष्ट्रिय भूमि अधिकारका लागि पहल (आइआइ) को संयुक्त आयोजनामा भएको थियो ।

दुई दिन आयोजित कार्यक्रमको पहिलो दिन भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव, सामाजिक सङ्घ/संस्थाका प्रतिनिधि र दोस्रो दिन विशेषतः राजनीतिक दलका नेता तथा संविधान सभाका सभासद्बीच यी विषयमा बृहत् छलफल भयो ।

**डा.बाबुराम भट्टराई**

पूर्वप्रधान मन्त्री एवम् एनेकपा माओवादीका नेता



भूमि र कृषि मानव जीवनको महत्वपूर्ण साधन आदिकालदेखिकै हो । 'भूमि' प्रश्न महत्वपूर्ण छ । यसले समग्र खाद्य सुरक्षामा समेत असर पार्छ । पहाडी भूभागहरूको बाहुल्य रहेको देशमा भिरालोखालको जमिन छ । भूमि नीति बनाई पहाड र तराईको जमिनको वर्गीकरण गरी वितरण गर्न आवश्यक छ । औपचारिक भूमि सुधारको सुरु २०२१ सालमा भयो । तर यो अवधिका तथ्याङ्कहरू केलाएर हेर्दा खासै उपलब्धि भएको पाइएन । ७० को दशकमा जुन आकार थियो अहिले पनि त्यो यथावत नै छ । भूमिको उत्पादन सम्बन्ध र वितरण सम्बन्धमा खासै परिवर्तन आएको देखिन्न । अहिले पनि भूमिहीनको सङ्ख्या धेरै छ । १० रोपनीभन्दा कम जमिनको स्वामित्व भएको जनसङ्ख्या ५२ प्रतिशत छ । ५ प्रतिशत मानिससँग जमिनको धेरै स्वामित्व छ । ५० वर्षपहिले ८० प्रतिशत किसानले जमिन जोत्थे, अहिले ८४ प्रतिशतले जमिन जोतिरहेको तथ्याङ्क छ । कुतमा लिने जमिन कमाउनेको सङ्ख्या १५ प्रतिशत छ । जमिनलाई स्वामित्वसँग मात्र हेर्नभन्दा पनि यसलाई कसरी उत्पादनमूलक बनाउने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । १९७१ मा जोत्नेहरूको अवस्था अधियाँ वा बटैयाको सङ्ख्या ६६ प्रतिशत थियो । अहिले ६७ प्रतिशत देखिन्छ । खै त परिवर्तन ? कृषि क्षेत्रमा खासै परिवर्तन आउन सकेको छैन । २५ लाख हेक्टर जमिनमा करिव ६ लाख हेक्टर जमिन वितरण गर्न सकिने अवस्था छ । यसका लागि क्रान्तिकारी भूमि सुधार हुन आवश्यक छ । अरु उत्पादनको साधन जस्तो भूमिमाथि निजी स्वामित्वका धारणा राख्न जायज हुन्न । यसलाई खाली उत्पादन हुने साधनका रूपमा मात्र लिनु आवश्यक छ । कृषिलाई आधुनिकीकरण गर्न आवश्यक छ । कृषि क्षेत्रलाई बजारसँग जोडर हेर्नु पनि उत्तिकै आवश्यक छ ।

**हरिप्रसाद पराजुली**

कृषि विकास मन्त्री



सदियौँदेखि समान्तवादी उत्पादन प्रणालीमा जकडिएको समाज, निर्वाहमुखी खेती प्रणालीमा आधारित खेतीपातीले गर्दा विकास हुन सकेको छैन । कृषिको व्यवसायीकरण र आधुनिकीकरणमा ध्यान पुगेको छैन । नेपालमा एक असल कृषि नीतिको खाँचो छ । ३१.९ प्रतिशत कृषि क्षेत्रको योगदान राष्ट्रिय आयमा देखिएको छ । यो महत्वपूर्ण हो तर तिनै राष्ट्रिय आयमा योगदान पुऱ्याउने किसानहरूको भने राम्रोसँग पहिचान हुन नसकेको गुनासो छ । संविधान सभाबाट संविधान बनाउने प्रक्रियामा छौं । यसले पक्कै पनि देशलाई निकास दिनेछ । कृषि सुधारको मुद्दा पनि हाम्रो संविधानमा नै समेटिने विश्वास छ ।

**सिपी गजुरेल,** उपाध्यक्ष, नेकपा-माओवादी



भूमि र कृषि सुधारको प्रश्न ७० प्रतिशत जनसङ्ख्यासँग जोडिएको छ । नेपालको राजनीति पनि यही प्रश्नको वरिपरि घुमिरहेको छ । यो विषयमा गम्भीररूपमा छलफल गरी समाधानको उपाय निकाल्न ढिला भइसक्यो । यो प्रश्नको समाधान राजनीतिक तहबाटै हुने हो । बिनाराजनीति हुने भइदिएको भए यति लामो समय रहने नै थिएन । भूमि सुधार लागु गर्ने कि नगर्ने भन्ने पनि राजनीतिक निर्णय नै हुनुपर्ने हुन्छ । धेरै आयोग बने, प्रतिवेदनहरू पेस गरे तर राजनीतिक सहमति हुन नसक्दा लागु भएनन् । नेपालमा अर्धसामन्तवाद छ । यस्तो ठाउँमा भूमि तथा कृषिको समस्यालाई कसरी उठाउने ? कृषि प्रधान देशमा कृषि सामग्रीहरू बाहिरबाट ल्याएर प्रयोग गरिनु भनेको विकृत पुँजीवाद हो । यसमा दलालहरूको चलखेल बढी हुन्छ । दलाल र पुँजीपति वर्ग मिलेर रोल खेलिरहेका छन् । २० हजार कृषि सहकारी संस्था खुलेका छन् तर ती सहकारीले खै त कृषि क्षेत्रमा उत्पादन बढाउन भूमिका खेलेको ? प्रश्न यहाँनेर पनि छ । यहाँ भूमि सुधार सम्भव छ । ५२ प्रतिशत भूमिहीन किसानलाई खेतीपाती वा भूमि नदिएसम्म कसरी विकास हुन्छ ? भूमि सुधार जरुरी पनि छ । खास गरेर मधेसमा भूमि अधिकारबाट वञ्चितहरू धेरै छन् । मधेसमा अहिले पनि भूमिपतिहरू धेरै छन् । जमिन नहुनेलाई जमिन वितरण गर्ने र कृषि उत्पादन बढाउनु नै भूमि सुधार हो ।

कार्यशालामा पूर्वप्रधान मन्त्री तथा एनेकपा माओवादीका नेता डा.बाबुराम भट्टराई, नेकपा–माओवादीका उपाध्यक्ष सिपी गजुरेल, कृषि मन्त्री हरिप्रसाद पराजुली, नेपाली कङ्ग्रेसका युवा नेता गगन थापा, नेकपा एमालेका नेता प्रदीप ज्ञवाली, नेपाल राष्ट्र ब्याङ्कका गभर्नर डा.युवराज खतिवडा, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका कामु सचिव कृष्णराज बिसी, सभासद् केशव बडाल, राजनीतिक विश्लेषक हरि रोक्का, एमाले नेता घनश्याम भुसाल, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षत्री, मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका नेता जितेन्द्रनारायण देव, नेकपा संयुक्तका महासचिव परी थापा, नेपाली कङ्ग्रेसका नेता भानु सिग्देल, अखिल नेपाल किसान महासङ्घका महासचिव प्रेम दङ्गाल लगायतका व्यक्तित्व सहभागी भई भूमि तथा कृषि सुधारको विषयमा विचार राखेका थिए । कार्यक्रममा सहभागी भई विचार राख्ने सबै वक्ताले नेपालमा भूमि सुधारको आवश्यकता टड्कारोरूपमा रहेकामा एक मत व्यक्त गरे । तर सबैको जोड भने भूमि सुधार जटिल मुद्दा हो, यसका लागि राजनीतिकरूपमै समधान खोजिनुपर्छ भन्ने थियो । भूमि सुधारको मुद्दा २००७ सालमा नै उठेको भए पनि राजनीतिक सहमति हुन नसक्दा अझैसम्म थाँती रहेको निष्कर्ष बोल्ने सबैको थियो । कार्यशालाका अवसरमा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहभागी २१ जनाले फेब्रुअरी २६ देखि २७ सम्म पूर्वको महोत्तरीसम्म, पश्चिमको नवलपरासी हुँदै रूपन्देहीसम्म र मध्यमाञ्चलको रसुवासम्म

**डा. युवराज खतिवडा**

गभर्नर, नेपाल राष्ट्र ब्याङ्क



भूमि उत्पादनको महत्वपूर्ण साधन हो भनेर मानिन्छ तर उत्पादनको 'साधन' उत्पादन गर्ने वर्गको हातमा छैन । रासायनिक मलको प्रयोग, अनियमित बासस्थान, अव्यवस्थित प्लटिङ र जलवायु परिवर्तनले मानव क्षेत्रमा असर पुऱ्याएको छ । वृद्धि र विकासको कुरा गरेर थाक्दैनौं ।

भूमिमा स्वामित्व र पहुँच छैन । उत्पादनको प्रमुख स्रोत नै छैन भने हामी अरु क्षेत्रको कुरा गर्नै सक्दैनौं । यसकारण पनि किसानका लागि जमिन पहुँचयोग्य बनाउन आवश्यक छ । यसमा राज्यले नै कदम चाल्नु आवश्यक हुन्छ ।

राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक विकासको रूपमा भूमिलाई हेरिनुपर्छ । यसका लागि बहुआयमिक रणनीति हुनु आवश्यक छ । हाम्रो देशका नेताहरू प्रायसः जमिनदार वर्गका छन् । हामी सामाजिक रूपान्तरणको कुरा गर्छौं तर भूमि सुधार र उत्पादनको गर्दैनौं । यसले अर्थतन्त्रमा पनि प्रभाव पार्छ । ७० प्रतिशतभन्दा बढी कृषक छन् तर उनीहरू शिक्षित छैनन् । उनीहरूसँग खेतीपातीकै पर्याप्त ज्ञान छैन । यसलाई बहसको रूपमा अघि बढाउन आवश्यक छ ।

अबको बहसमा 'स्थानीय सामाजिक संरचना' मा भूमिलाई कसरी हेर्ने ? जति गरिब छन्, जति तल्लो जातका छन् उनीहरूसँग जमिनको स्वामित्व कम छ । जमिन अर्थतन्त्रसँग मात्र होइन, मावन स्रोतको रूपमा तुलना गरेर हेरिनु आवश्यक छ । भूमि सुधारलाई राजनीतिक एजेन्डाका रूपमा लैजानु जरुरी छ । नेपालमा औद्योगिकीकरणको सुरुवात नै हुन सकेको छैन । त्यसकारण पनि भूमि सुधारको कुरा यही समयमा उठाउन सान्दर्भिक हुनेछ । बहसको सुरु अहिले गरेनौं भने फेरि एक दशकपछि हट्नेछ । सरकारले कृषिमा 'सेवा र छुट' को कुरा गरेको छ । साना किसानलाई विविध कुरामा छुट गरेको छ तर उनीहरूसँग भूमि नै छैन भने 'छुट' ले के गर्छ ? पशुपालनका लागि 'छुट' भन्यो, किसानहरूसँग पशुपालन गर्ने 'ठाउँ' नै छैन, अनि त्यो 'छुट' ले के गर्छ किसानलाई ?

**कृष्णराज बिसी**

सहसचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय



भूमि र कृषि अधिकारको मुद्दा महत्वपूर्ण छ । कृषकहरूसँग पर्याप्त 'भूमि' को स्वामित्व छैन । २३ प्रतिशत किसान भूमिहीन छन् । यसले सामाजिक न्याय र भूमिमाथिको अधिकारका लागि समस्या खडा गरेको छ । भूमिका लागि कानुनी संरचना निर्माण हुन अवाश्यक छ । राष्ट्रिय 'भूमि नीति' को मस्यौदा तयार हुँदैछ । सरकार र अन्य विभिन्न सरोकारवाला निकायले यसमा सहभागिता जनाइरहनुभएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पनि यसमा महत्वपूर्ण भूमिका निभाइरहेको छ । गरिबी न्युनीकरणका लागि र किसानका सेवा आपूर्तिका लागि यो 'नीति' महत्वपूर्ण हुनेछ । यसमा सरकार गम्भीररूपमा लागिपरेको छ । सायद यसै वर्ष 'भूमि नीति' लागु हुँदैछ । उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदनका आधारमा १३ बुँदे कार्ययोजना सरकारले तयार गरेको छ, सायद अब यो छिट्टै लागु हुनेछ । भूमि सुधारबिना किसानको अधिकार सुनिश्चित हुन सक्दैन ।

पुगी नेपालमा भइरहेको भूमि सुधार तथा अभियानको अभ्यासबारे जानकारी लिनेदिने गरेका थिए । उनीहरूले समुदाय तहमा पुगी भूमि अधिकार अभियानका अगुवा तथा भूमि अधिकारबाट वञ्चित किसानहरूसँग छलफल गरेका थिए ।

साथै भूमि अधिकार मञ्चले सञ्चालन गरेको असल अभ्यासबारेमा उनीहरूले अगुवाहरूसँग पर्याप्त छलफलसमेत गरेका थिए । फेब्रुअरी २८ देखि मार्च २ सम्म राष्ट्रिय भूमि अधिकार मञ्चको भूमि अध्ययन घर ठिमुरामा 'भूमि सुधार र अहिंसात्मक भूमि अधिकार आन्दोलन' को विषयमा अन्तर्राष्ट्रिय सहभागी र नेपालका भूमि अधिकार अभियानका अगुवाबीच अन्तर्क्रियात्मक छलफल भयो । यस अवसरमा नेपाल र अन्तर्राष्ट्रिय सहभागीहरूले आ–आफ्नो देशमा भइरहेको भूमि तथा कृषि सुधार अभियान र असल अभ्यासको विषयमा आदान–प्रदान गरेका थिए ।

भूमि अधिकार आन्दोलन गरिरहेका छौँ । आन्दोलनमा जोस र आक्रोसको आवश्यकता पर्छ । आक्रोसलाई सही काम र रचनात्मक तरिकाले गर्न सकियो भने आन्दोलन सफल हुन्छ तर त्यही आक्रोसलाई हिसांत्मक तरिकाले गरियो भने तुहिन सक्छ । त्यसैले अगुवा अभियानकर्ता र अभियानमा सहजीकरण गरिरहेका अभियानकर्मीको अहिंसात्मक आन्दोलनबारे बुझाई बढाउनका लागि अहिंसात्मक आन्दोलनसम्बन्धी प्रशिक्षण भयो ।

प्रशिक्षणमा अहिंसात्मक आन्दोलनबारे सहभागीहरूको बुझाईबारे समूहगत छलफल र समाजमा रहेका भूमिको सवाललाई गहिऱ्याउन सहजीकरणसमेत भयो । अहिंसात्मक आन्दोलनबारे एकता परिषद् भारतका अभियानकर्मी विजय भारतीले सहजीकरण गर्नुभएको थियो ।

**गगन थापा**

सभासद्



हामी अहिले संविधान निर्माणको क्रममा छौँ । अघिल्लो संविधान सभामा पनि भूमि सुधारको मुद्दा विशेषरूपमा उठेकै हो । तर यस विषयमा 'राजनीतिक सहमति' जुट्न सकेन । अघिल्लो संविधान सभामा भूमि सुधार कसरी गर्ने, कुन मोडलमा गर्ने भन्ने विषयमै विवाद बढ्यो । राजनीतिक तहमा भने भूमि सुधारको विषयमा कम छलफल हुने गरेको छ । 'भूमि सुधार' मेरो सधैँ चासोको विषय छ । भूमि सुधारको माग राखी सामाजिक सङ्घ/संस्था, भूमिहीनहरूले धेरै आन्दोलन गरेका छन्, अभियान गरेका छन्, डेलिगेसन गएका छन्, माग उठाएका छन् तर त्यसले अझै पनि राजनीतिकरूपमा प्रभाव पार्न सकेको जस्तो लागेन । यो राजनीतिकरूपमा बहसको विषय हुनु आवश्यक छ । त्यसपछि ऐन र नियमभित्रै छिर्न आवश्यक छ । यो विषय हामी राजनीतिक दलमा पनि समीक्षा गर्न ढिला भइसक्यो जस्तो लाग्छ ।

अबको संविधान सभाबाट पनि यो मुद्दालाई टुङ्गो लगाउन सकिन्छ तर यसका लागि फेरि पनि राजनीतिक सहमति नै आवश्यक हुनेछ । र, भूमि सुधारको विषय, कस्तो मोडलको भूमि सुधार गर्दा नेपालका सम्पूर्ण किसानको न्याय हुन्छ भन्ने विषयमा बहस गरिनु आवश्यक छ । भूमि सुधारको कुरा गर्दा त्यसलाई किसानहरूको जीविकोपार्जनका मुद्दाहरूसँग पनि बहस गरिनु आवश्यक छ ।

**मेजिडियो नियासे**

निर्देशक, अन्तर्राष्ट्रिय भूमि सञ्जाल



हामी अति गरिब समुदाय, साना किसान, सीमान्तकृत किसानहरूको 'भूमि' हकका लागि मुख्यगरी अफ्रिका, ल्याटिन अमेरिका र एसियाका विभिन्न देशमा काम गरिरहेका छौँ । १५ वर्षदेखि यस अभियानमा अन्तर्राष्ट्रिय भूमि सञ्जाल क्रियाशील छ । नेपालमा पनि यस सञ्जालका छ सदस्य संस्था छन् ।

यो सम्मेलनमा सहभागी भई नेपालको 'कृषि तथा भूमि सुधार' को अवस्था सुन्दा र छलफलमा सहभागी भइरहँदा यस क्षेत्रमा ज्यादै सुधार गर्नुपर्ने र त्यसका लागि पर्याप्त सम्भावना पनि देखिन्छन् । र सहभागी विभिन्न क्षेत्रका व्यक्तिहरूले पनि त्यतैतर्फ जोड दिनुभयो । विशेषगरी आदिबासी, जनजाति र किसान वर्ग भूमिको अधिकारबाट वञ्चित हुँदै गएका छन् । यो समस्या विश्वव्यापीरूपमै देखिएको छ ।

साँच्चै नै उत्पादन गर्ने वर्गसँग उत्पादन गर्ने स्रोतमा पहुँच हुनु आवश्यक छ । र, यसले उत्पादन बढाउन पनि सहयोग पुऱ्याउँछ । यसो भएमा देशको समग्र आर्थिक स्थितिमा समेत सुधार ल्याउनेछ । र यसले सामाजिक न्याय स्थापित गर्नका लागि पनि महत्वपूर्ण भूमिका खेल्छ । भूमि वितरणका लागि राज्यले नै एकखाले न्यायिक नीति बनाउन आवश्यक छ । यसो गर्दा सबैलाई न्याय हुन पनि आवश्यक छ । अभियानबाटै संयुक्त राष्ट्र सङ्घबाटै मोही तथा भूमि अधिकारका लागि स्वयम्सेवी निर्देशिकासमेत पारित गर्न सफल भएको छ । यो सन् २०१२ मा राष्ट्र सङ्घको खाद्य सुरक्षा समितिबाट पास भएको छ । नेपालमा पनि भूमि सुधार सम्भव छ । यसका लागि राजनीतिक तह, सामाजिक आन्दोलनको तहमा भूमि सुधारको विषयमा बहस हुनु जरुरी छ ।

# सुरक्षित बसोबास र जग्गा चाहियो

हाम्रो बस्तीमा १४ जिल्लाबाट आएका वादी बसोबास गर्छौं । २५७ परिवार छौं । बसेको ठाउँबाट सामुदायिक वनले उठ्न भने पनि जाने ठाउँ नभएकाले बस्न दिन आग्रह गरिरहेका छौं । हामीले जङ्गल पनि मिचेका छैनौं । केही बिगारेका पनि छैनौं । कोही मजदुरी, कोही आफ्नो पेशा गर्न थालेका छन् । अहिले पेशा परिवर्तन भएको छ । परम्परागत पेशा छाडेर ज्याला मजदुरीमा नै लागे र सँगै जमिनको अधिकारका लागि भूमि अधिकार मञ्चमार्फत अभियान र आन्दोलनमा पनि लागिरहेका छौं ।

राज्यका निकायमा वादीहरूको नाम पनि कहिल्यै आउँदैन । कसैले सहयोग नगर्ने । वादीहरूलाई सरकारले पनि कहिल्यै हेरेन । सबभन्दा पछाडि परेको भनेको वादी समुदाय हो । वादीहरूलाई पहिले त नागरिकता पनि नपाउने समस्या थियो तर पछि सरकारले आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था ल्याएपछि भने यो समस्या टरेको छ । अब हामीलाई पनि जग्गा चाहिएको छ । हामी आफ्नो पनि जीविका सहजरूपमा चलोस् भन्ने आशा राख्छौं । हामीले सहकारी बनाउँदासमेत तिमीहरूसँग जग्गा नै छैन कसरी सहकारी चलाउँछौं भनियो । तर हामी पछि हटेनौं ।

हामी हाम्रो हक, हामी बसेको ठाउँको पुर्जाका लागि जिल्ला तहमा धेरै पटक आन्दोलन गर्ने, धर्ना बस्ने जस्ता कार्यमा सहभागी भएका छौं । जग्गाको अधिकार हामीलाई पनि चाहिएको छ । हामी जग्गाका लागि भूमि अधिकार मञ्चमार्फत सङ्गठितरूपमा आन्दोलन गरिरहेका छौं । अहिले गाविस, जिविस तथा राष्ट्रिय स्तरमा समेत पुगी आफ्नो अधिकारका लागि आवाज उठाउन सक्ने भएका छौं ।

अझै पनि हामी कर्णालीको नदीमा बालुवा चाली जीविका चलाइरहेका छौं । अहिले हाम्रो बस्ती उठाउनका लागि कसैले पनि केही बोल्न सकेका छैनन् । कसैले धम्की दिन आयो भने सबैले सहयोग गर्छन् । तर हामीलाई बसोबासका लागि सुरक्षित र खेतीपातीका लागि जग्गा चाहिएको छ ।



**जिउली वादी**
कैलाली

‘हामीले सहकारी बनाउँदासमेत तिमीहरूसँग जग्गा नै छैन कसरी सहकारी चलाउँछौं भनियो । तर हामी पछि हटेनौं ।’

## मञ्चले ल्यायो

# वादी समुदायमा खुसी

कैलाली, बलिया गाविस– ९ स्थित बल्चौरमा २०६० सालदेखि २ सय ५७ परिवार वादी समुदाय बस्छन् । बाजुरा, अछाम, डोटी, बैतडी, डडेल्धुरा, रूकुम, रोल्पा, दैलेख, सल्यान, सुर्खेत, जाजरकोट, कालीकोट, दाड, मुगु, बाँके, बर्दिया, गोरखा, कञ्चनपुर र कैलाली जिल्लाका वादीहरू बल्चौरमा आई शिविर बनाई बसेका छन् । उनीहरूको कहीँ पनि जमिन छैन । वादी समुदायले आन्दोलन गरेपछि सरकारले सामाजिक पुनर्स्थापना गर्ने सहमति त गर्‍यो तर कार्यान्वयन भएन ।

बल्चौरका वादी समुदायलाई आफू बसोबास गरिरहेको शिविरमा बसोबास आधार प्रमाणपत्र पाएपछि भने आशा र विश्वास दुवै पलाएको छ- अबचाहिँ शिविर हट्ने छैन । उनीहरूले बसोबासको प्रमाणपत्र पाएपछि लामो समयदेखि बिजुलीको तारमुनिका अँध्यारा छाप्रामा बिजुली बत्तीको झिलिमिली हुने भएको छ । बस्तीमा खानेपानी र शौचालय निर्माण भएका छन् । साझा कामका लागि सामुदायिक भवन पनि बन्दैछ । खानेपानी र शौचालयको व्यवस्थाले बस्तीमा सरसफाइ हुने भएको छ । कर्णाली नदी किनारमा बालुवा चालेर गुजारा गर्ने परिवार छाप्राअगाडि रहेको बाँझो जग्गामा मिलेर खेती गर्न थालेका छन् । उनीहरूले बसोबासको प्रमाण पाइसकेपछि चिसापानी–जमरानी नहरले वादी बस्ती नहटाउने र बस्तीको ३० मिटर पछाडिबाट नहर लैजाने भएको छ । अब बस्ती र जग्गा आफ्नो हुनेमा वादी समुदायका मानिस ढुक्क छन् ।

शिविर राख्दा पनि उनीहरूलाई सजिलो थिएन । वनले बस्ती हटाउन दबाब दिइरहन्थ्यो भने पुरुषहरू काममा गएका बेला महिलालाई दुःख दिन्थे । त्यसपछि वादीहरू सङ्गठित हुँदै बल्चौर वादी गाउँ भूमि अधिकार मञ्च गठन गरे । मासिक बैठक, छलफल हुन थाल्यो । जिल्ला भूमि अधिकार मञ्चमा पनि वादी समुदायले प्रतिनिधित्व गरे । एक वर्षअघि मात्र लम्की रेन्जपोस्ट र कैलाशधाम सामुदायिक वन उपभोक्ता समितिले बस्ती हटाउने तयारी गरेको थियो तर जिल्ला भूमि अधिकार मञ्चको अघि सरेपछि त्यो रोकियो ।

नागरिकता थिएन । वादी परिचयपत्र पनि पाएका थिएनन् । नागरिकता नभएकै कारण २०६८ मा गठित सुकुम्बासी समस्या समाधान आयोगमा सुकुम्बासी परिचयपत्रका लागि निवेदन दिन पाएनन् । कुनै प्रमाण नभएको मान्छेलाई नागरिकता दिन जिल्ला प्रशासनले मानेन ।

मञ्चकै पलहमा बसोबासको प्रमाणपत्र लिएका छन् । १३ जनाले त त्यही आधारमा नागरिकता पनि पाए । बचत गर्न, सानातिना व्यवसाय गर्नका लागि ८० जना महिला मिली कृषि सहकारी गठन गरेका छन् । एड्रा नेपालको सहयोगमा ४० शौचालय र धारा पनि निर्माण भएका छन् । उनीहरू नियमितरूपमा गाउँ भूमि अधिकार मञ्चमा छलफल गर्छन् । जिल्लामा हुने विभिन्न आन्दोलनमा पनि सहभागी हुन्छन् ।

*प्रस्तुति : नरिराम लोहार*

---

# सामुदायिक भूमि सुधार अभ्यास

जिल्ला भूमि अधिकार मञ्च, डडेल्धराले जोगबुढा, आलीताल र शिर्ष गाविसमा सञ्चालित सामुदायिक भूमि तथा कृषि सुधार अभियानअन्तर्गत तेस्रो चरणमा ४३ जोडीले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबर स्वामित्व कायम गराएका छन् । यसबाट २ सय ४९ रोपनी क्षेत्रफलको जमिनमा महिला–पुरुषको बराबर हक कायम भएको छ । जिल्ला भूमि अधिकार मञ्चको पहलमा संयुक्त पुर्जा बनाउनमा सहयोग गर्न मालपोत कार्यालयका टोली फागुन २७ र २८ गते मञ्चले जोगबुढामा आयोजना भएको शिविरमै पुगी सहयोग गरेका थिए ।

जोगबुढा गाविस ७, ८, ९ वडाहरूमा सामुदायिक भूमि सुधार अभ्यास भइरहेको छ । यसअन्तर्गत स्रोत नक्सा बनाई प्राकृतिक स्रोत र सम्भावना खोजी भएका छन् । २० वटा बस्ती ऐलानी जग्गामा बसोबास गर्छन् । वन कार्यालयले बस्ती बसेको क्षेत्रलाई वन क्षेत्रबाट हटाइसकेको छ । उक्त बसोबास गरेको बस्ती क्षेत्रको आवादी जग्गालाई बसोबास गरिरहेकाकै नाममा दर्ता गर्नका लागि पहल गर्ने योजना भइरहेको छ । यसका लागि भूमि अधिकार मञ्चमार्फत तीनवटै वडाका वडा नागरिक मञ्चका पदाधिकारीसँग पनि छलफल भएको छ ।

वडा नागरिक मञ्चसँग भएको छलफलपछि वडा नागरिक मञ्चले ऐलानी जग्गामा बसोबास गरिरहेका क्षेत्रको जग्गा बसोबास गरिरहेकाकै नाममा दर्ता गराउनका लागि सहयोग गर्न गाविस कार्यालयलाई पत्रचार गरेको छ । गाविसको कार्यालयमा ३ गते भएको सर्वदलीय बैठकले मालपोत कार्यालयलाई ऐलानी जग्गामा बसेकालाई नै सो जग्गा पास गरिदिन सिफारिस गर्ने निर्णय भएको छ । यही अभियानअन्तर्गत शिर्ष गाविसमा ऐलानी जग्गामा बसोबास गर्ने ३०१ परिवारले गाविसको कार्यालयबाट बसोबासको आधार प्रमाणपत्र लिएका छन् ।

# स्थायी विकल्प खोजिनुपर्छ

दोस्रो संविधान सभाको निर्वाचन सकिएलगत्तै मोरङ–सुनसरी सिँचाइ आयोजनाले नहर वरपर बसोबास गर्ने भूमिहीन सुकुम्बासीका ५ हजार ७ सय २९ घर/टहरा खाली गर्न (भत्काउन) सूचना जारी गरेपछि सङ्घर्ष चर्किएको छ ।

सिँचाइ आयोजनाले नहरभित्रको बालुवा सफाई गर्न बस्ती उठिबास गर्न खोजेको रहेछ । यसका लागि एसियाली विकास ब्याङ्कले एक अर्ब सत्तरी करोड रूपियाँ सहयोग गर्न लागेको थाहा भयो । पछिल्लो समयमा निकालिएको ७ दिने सूचनापछि प्रशासनको आडमा सिँचाइ आयोजनाले डोजर ल्याएर बस्ती उठाउने प्रयाससमेत गर्‍यो । उक्त




कार्यको विरोध गर्दै जिल्ला भूमि अधिकार मञ्चमार्फत जिल्लाका अन्य १४ सङ्घ/सङ्गठनले संयुक्तरूपमा पत्रकार सम्मेलनमार्फत विरोध गरे । सोही पत्रकार सम्मेलनमार्फत भूमिहीन बस्ती उठिबास भए सङ्घर्षपूर्ण आन्दोलन गरिने चेतावनीस्वरूप विभिन्न आन्दोलनका कार्यक्रम घोषणा गरियो । र, लगत्तै खनार र झुम्का क्षेत्रलाई केन्द्र बनाई बृहत् सुकुम्बासी सभा गरी सिँचाइ आयोजना र यसको पक्षमा देखिएको प्रशासनको विरोध गरियो । सिँचाइ आयोजनाको विरुद्ध हजारौं भूमिहीन सङ्घर्षमा उत्रिए । उठिबासविरुद्धको सभामा जिल्ला भूमि अधिकार मञ्च, नेपाल बसोबास बस्ती संरक्षण समाज र नेपाल भूमिहीन सुकुम्बासी सङ्गठनका प्रतिनिधि सहभागी भई सुकुम्बासी बस्ती उठाउन नदिइने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल र नेपाल सरकारबीच २०६७ चैत २८ मा (उपप्रधान मन्त्री कृष्णबहादुर महरासँग) भएको सम्झौता अनुसार कुनै पनि ठाउँमा बसोबास गरिरहेका सुकुम्बासीलाई बिनाविकल्प नउठाउने प्रतिबद्धताको स्मरणसमेत गराए । विरोध सभाबाटै बिनाविकल्प बस्ती हटाउन नपाइने, यसको निर्णय राज्य तहबाटै हुनुपर्ने, सुकुम्बासीहरूलाई 'आवास' को ग्यारेन्टी सरकारी तवरबाट हुनुपर्ने मागसमेत उठाइएको छ । विगतमा विभिन्न सरकारका पालामा बनेका आयोगले सुकुम्बासी बस्तीको संरक्षण र उनीहरूको व्यवस्थापन गर्न नसक्दा पनि यस्तो खाले समस्या आएको सरोकारवालाले टिप्पणी गरेका छन् । सिँचाइ आयोजनाले बसोबासको प्रारम्भिक चरणमा रोक्न चासो देखाएन तर अहिले त्यति ठूलो सङ्ख्यामा बसोबास गरिरहेका सुकुम्बासीलाई एक्कासि उठिबास गराउन नहुनेमा जनमत बन्यो ।

फागुन १९ गते झुम्का बजारमा रिले अनसन, २० गते सुनसरी र मोरङ दुवै जिल्ला बन्द आयोजना भए । यसमा प्रशासनबाट उल्टै सुकुम्बासीहरूमाथि धरपकड गर्ने कार्य भयो । फागुन २२ गते पत्रकार सम्मेलन गरी सुकुम्बासीहरूले दोस्रो चरणको आन्दोलनको घोषणा गरे । यसलगत्तै मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा 'जनताको बास बस्न पाउने अधिकारको ग्यारेन्टी गर' भन्दै ज्ञापनपत्र पेश गरियो । साथै दुवै जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारलाई ध्यानाकर्षण पत्र बुझाउने कार्य भयो ।

जिल्लास्तरका राजनीतिक दलका प्रतिनिधि, सभासद्, स्थानीय सरोकारवाला, नागरिक समाजका प्रतिनिधि, किसान सङ्घ/सङ्गठनका प्रतिनिधिलाई भेटी छलफल गरिएको छ । छलफलपछि सरोकारवालाहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाए र सहयोग गर्ने प्रतिबद्धता जनाए । सभासद् अनिता परियार र आरके खुम्बुले खुलेरै सहयोग गरे । उनीहरू भूमिहीनको पक्षमा बोले । फागुन २८ मा जिल्ला प्रशासन कार्यालय सुनसरीमा भएको रिले अनसनमा सभासद्हरूले प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख (एसपी) लाई भेटी भूमिहीनको समस्याप्रति सहयोग गर्न ध्यानकर्षण गराए । विकल्पबिना सुकुम्बासी बस्ती बेदखल गर्दा भयाबह स्थिति आउने हुँदा यस्तो कार्य नगर्न/नगराउन सचेत पनि गराए ।

प्रमुख जिल्ला अधिकारी चण्डेश्वर पोखरेलले 'तत्काल उठिबास गर्ने कुनै योजना नरहेको' स्पष्ट पारे । उनले यदि त्यहाँबाट बस्ती हटाउनुपरेमा विकल्प खोजीपछि मात्र हटाइनेछ र यसका लागि सर्वदलीय बैठकसमेत आयोजना गरिने बताए । राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयले सुकुम्बासी बस्ती नहटाउन र सुकुम्बासीहरूको मानव अधिकारका लागि तत्काल वैकल्पिक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्दै विज्ञप्तिसमेत जारी गरेको छ । सिँचाइ आयोजनाको सर्वत्र विरोध, सुकुम्बासीहरूको निरन्तर आन्दोलन, मानव अधिकार आयोगको सरकारप्रतिको ध्यानाकर्षण र जिल्लाका राजनीतिक दल तथा सरोकारवालासमेतको सहयोग भूमिहीनको पक्षमा रहेपछि तत्काललाई बस्ती उठिबास रोकिएको छ । तर यो मात्रै समस्याको समाधान हैन । यसका लागि स्थायी समाधान खोजिनु आवश्यक छ ।

*प्रस्तुति : पुष्कर घिमिरे*

# राष्ट्रिय मञ्चको चौथो परिषद्

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय परिषद् भूमि अध्ययन घर ठिमुरामा भयो। पुस ९ र १० मा भएको चौथो परिषद्मा ४७ जिल्लाका १ सय १ प्रतिनिधि सहभागी थिए। राष्ट्रिय भूमि अधिकार मञ्चले एक वर्षभित्रमा गरेको काम, यसको उपलब्धि सार्वजनिक गर्ने, आन्दोलन र अभियानका क्रममा सिकेको सिकाई र उपलब्धि आदान–प्रदान गर्न र आगामी कार्ययोजना तय गर्नका लागि परिषद् आयोजना हुने गर्छ।

परिषद्मा पाहुनाका रूपमा डानिडा ह्युगोका मानव अधिकार सल्लाहकार मुकुन्द्र कट्टेल, एक्सन एड नेपालका देशीय निर्देशक विमल फुयाँल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत, जिल्ला मालपोत कार्यालय चितवनका प्रमुख




घनश्याम उपाध्याय सहभागी हुनुहुन्थ्यो। साथै भूमि आन्दोलनका अग्रणी अगुवाहरू मञ्चका संरक्षक बलदेव राम, भूमि आन्दोलनका घाइते वेतानी थारु र तुलसी सुनार पनि सहभागी हुनुहुन्थ्यो।

परिषद्को अवसरमा लामो समयदेखि भूमि आन्दोलनमा लागेका अगुवा तथा सहयोग पुऱ्याउनेहरूलाई सम्मान गरियो। यस क्रममा बलदेव राम, जुलिया चित्रकार, नन्दा जोशी, वितानी थारु, तुलसी थारुलाई दोसल्ला ओढाई सम्मानपत्रद्वारा सम्मान गरियो। त्यस्तै, भूमि अधिकार अभियानमा सफल अभियान गरी भूमिहीनहरूलाई अधिकार दिलाउन सफल १२ जिल्ला सिन्धुपाल्चोक, रसुवा, महोत्तरी, सर्लाही, उदयपुर, मोरङ, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, नवलपरासी र पाल्पालाई पनि सम्मान गरियो।

परिषद्को अवसरमा आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले २० वर्षदेखि भूमि अधिकारबाट वञ्चितहरूको भूमि अधिकारका लागि आत्मनिर्भर केन्द्रले काम गरिरहेकाले आगामी दिनमा पनि भूमिहीनको हक अधिकारका लागि उत्तिकै लागिपर्ने बताउनुभयो। उहाँले मञ्चले जमिनका लागि मात्र नभएर भूमि अधिकारबाट वञ्चितहरूको स्वतन्त्रता, आर्थिक न्याय, मानव अधिकारको पक्षमा लड्दै (आन्दोलन) गर्दै आएको र अधिकारविहीनहरूले अधिकार नपाएसम्म जारी राख्नुपर्ने बताउनुभयो। त्यस्तै डानिडा ह्युगोका मानव अधिकार सल्लाहकार मुकुन्द कट्टेलले नेपालमा भूमि अधिकारबाट वञ्चित समुदायको भूमि हकका लागि लामो समयदेखि सहयोग गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। उहाँले भूमि अधिकार आन्दोलन अन्य आन्दोलनभन्दा फरक भएकाले योजनाबद्धरूपमा पीडितहरू सङ्गठित भई व्यवस्था परिवर्तन गराउनेतर्फको आन्दोलनमा लाग्नु आवश्यक रहेको बताउनुभयो।

एक्सनएड नेपालका देशीय निर्देशक विमल फुयाँलले आफू भूमि अधिकार आन्दोलन सुरु हुँदादेखि नै आन्दोलनको नजिक रहेको र यहाँसम्म आइपुग्दा मञ्चको निकै चिनारी बढिसकेको बताउनुभयो। उहाँले मञ्चले उपलब्धिमूलक काम गरेसँगै थप चुनौती पनि थपिएको औंल्याउनुभयो। आन्दोलनमा राजनीतिक दलको कम सहयोगीपना र सञ्चार माध्यमले पनि कम महत्व दिएकाले आन्दोलनमा यी पक्षलाई पनि महत्वका साथ अघि बढाउन आवश्यक रहेको बताउनुभयो। उहाँले जिल्ला मञ्चहरूले सङ्ख्यात्मक विकास र गुणात्मक विकास दुवै तवरबाट गाउँ सङ्गठनको विकास गर्न जोड दिनुपर्ने पनि बताउनुभयो। भूमि आन्दोलन अगुवाहरूको क्रियाशीलताबाट नै सङ्गठन र आन्दोलन बलियो हुने हुँदा सक्रिय अगुवा निर्माणमा पनि मञ्चले ध्यान दिनु आवश्यक रहेको उहाँको सुझाव थियो।

राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले परिषद्मा सहभागी सबैलाई धन्यवाद दिँदै क्रियाशील सङ्गठन र अगुवाहरूका कारण मञ्चले आन्दोलन र अभियान सफल बनाउँदै लान सकेको बताउनुभयो। उहाँले भूमिहीनहरूको भूमि हकका लागि आन्दोलन नपुगेकाले गाउँगाउँबाट आन्दोलन उठ्न आवश्यक रहेको पनि बताउनुभयो। दुई दिनसम्म चलेको परिषद्मा भूमि अधिकार आन्दोलनको वर्तमान अवस्था समीक्षा गर्दै आगामी कार्यदिशाबारे अनुभवी व्यक्तिहरूबाट प्रशिक्षण दिइएको थियो।

## राष्ट्रिय भेला



राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको राष्ट्रिय भेला भूमि अध्ययन घर ठिमुरामा भयो । चैत १० र ११ मा भएको भेलामा ३५ जिल्लाका ५२ सहभागी सहभागी थिए । भेलाको अवसरमा विभिन्न जिल्ला भूमि अधिकार मञ्चबाट सहभागी भएका प्रतिनिधिले जिल्ला–जिल्लामा भएका अभियान तथा आन्दोलनको समीक्षा गरेका थिए । भेलाको अवसरमा भूमि अधिकारकर्मी तथा आत्मनिर्भर केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजाले 'भूमि अधिकार आन्दोलन र अबको बाटो' विषयमा सहभागीलाई प्रशिक्षण दिनुभयो ।

भेलाले मञ्चको चौथो राष्ट्रिय सम्मेलन आगामी असोज १, २ र ३ गते कञ्चनपुर जिल्लामा गर्ने निर्णय गरेको छ । पछिल्लो समयमा सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयन गरी विभिन्न जिल्लामा सुकुम्बासी बस्ती उठिबास गरेको घटनाप्रति खेद प्रकट गर्दै देशभर आन्दोलन चर्काउने निर्णयसमेत गरेको छ । साथै, नेपालमा समग्र भूमि सुधार र जोताहामुखी भूमि सुधारको मुद्दा अब बन्ने संविधानमा नै लेख्नका लागि देशभर, सम्वाद, बहस र अन्तर्क्रियाको अभियान सुरु गर्ने निर्णय पारित गरेको छ ।

## भूमि घर बन्यो

सप्तरी, हर्दियाको कमलपुरमा देवदूत गाउँ भूमि अधिकार मञ्चले आफ्नै भूमि घर निर्माण गरेको छ ।१० धुर गाउँब्लकको जमिनमा मञ्चले गाविससँग आर्थिक सहयोग माग गरी एक कोठे भूमि घर निर्माण गरेको हो । भूमि अधिकार मञ्चको भूमि घर निर्माणका लागि हर्दिया गाविस परिषद्ले ९६ हजार विनियोजन गरेको थियो । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित २२ परिवार दलित लामो समयदेखि भूमि अधिकार प्राप्तिको सङ्गठित लडाइँ लडिरहेका छन् । उनीहरूले आफू सङ्गठित मञ्चकै आफ्नै भूमि घर निर्माण गर्ने योजनाअनुरूप गाविसको सहयोगको अलावा व्यक्तिगतरूपमा श्रमदानसमेत गरी भूमि घर निर्माण गरेका हुन् । गाउँ मञ्चको बैठकहरू सञ्चालन गर्ने, अगुवाहरूको तालिम सञ्चालन गर्न त्यहीँबाट सामुदायिक भूमि सुधारको अभ्यास गर्नका लागि सहजता ल्याउन र सङ्गठितरूपमा आन्दोलन तथा अभियान गर्न यसले सहजता ल्याउनेछ ।

# भूमि नभई अरु क्षेत्रको विकास हुन्न : सरोकारवाला

खाद्य, भूमि र कृषि अधिकारको परिवेश र नीतिगत सवाल विषयक अन्तर्क्रियात्मक छलफल फागुन २ मा काठमाडौंस्थित साप फाल्चामा भयो । छलफलमा दैलेख, सुर्खेत र डडेल्धुराका अगुवा तथा नीतिगत तहका व्यक्ति सहभागी थिए । छलफल कार्यक्रममा सहभागी अगुवा तथा नीति निर्माण तहमा रहेर काम गरिरहनुभएका व्यक्तिहरूले खाद्य र कृषिको विकास तथा विस्तारका लागि पहिला 'भूमि' को अधिकार नै हुनेपर्नेमा जोड दिए । भूमिबिना कृषि क्षेत्रको विकास हुन नसक्ने भएकाले कृषि क्षेत्रको विकासका लागि उत्पादन गर्ने वर्ग (किसान) सँग भूमिको स्वामित्व हुनुपर्नेमा सरोकारवालाले जोड दिए ।

कार्यक्रममा सहभागी अधिकारकर्मीहरूले स्थानीयस्तरमा भूमिको स्वामित्व उत्पादन गर्ने वर्गसँग नभएकाले उत्पादनमा समेत असर परिरहेको बताए । नेपालमा कृषि तथा भूमि नीति बन्न नसक्दा धेरैजसो जमिन बाँझै रहेको, उत्पादनमा उल्लेख्य परिवर्तन आउन नसकेको, कृषि क्षेत्रको पहिचान र विकासमा जोड नदिँदा कृषि श्रमिकहरू दैनिकरूपमा विदेशिने गरेकोसमेत अनुभव सुनाए ।

कार्यक्रममा डडेलधुराका गणेशबहादुर मगरले जिल्लाका केही किसानसँग जमिन भएको तर लालपुर्जा नभएको, कोहीसँग जमिनचाहिँ नभएको लालपुर्जा भएको समस्या सुनाए । मगरले जिल्लाको आलिताल, माथिल्लो रूपाल र जोगबुडा गाविसमा जग्गा नापी भएको तर किसानले पुर्जा पाउन नसकेकाले उनीहरू समस्यामा रहेको बताए । साथै उनले स्थानीय निकायमा जाने कृषिको १५ प्रतिशत बजेटमा पनि किसानको पहुँच नभएको भनाई राखे ।

दैलेखका गङ्गाराम दाहालले जिल्लाका ८५ प्रतिशत किसान कृषि पेशामा संलग्न भए पनि उनीहरूको जीविका चलाउन समस्या परेको बताए । उनले भने- 'बेलाबेलामा खाद्यान्नको अभावले भोकमरीसमेत हुन्छ । यसैले धेरैजसो मानिस रोजीरोटीका लागि भारततीर जाने गरेका छन् ।'

सुर्खेतका प्रेम नेपालीले जिल्लाका सुकुम्बासीहरू भोकमरीको समस्या भोग्न बाध्य रहेको बताए । उनले भने- सुकुम्बासी बस्तीमा जबर्जस्ती आगो लगाइएको छ । यसले सुकुम्बासीलाई 'घरको न घाटको' बनाएको छ । सुकुम्बासीलाई बिचल्ली पार्ने काम सरकारी निकायबाटै भइरहेको छ । सरकारले कृषि क्षेत्रमा गरिब लक्षित बजेट तथा कार्यक्रम ल्याएको भनिएको छ तर त्यसमा किसानको पहुँच नभएको उनले बताए ।

अक्सफामकी शान्ता उपाध्यायले कृषि र भूमि क्षेत्रका आवश्यकता एक हुने तर सरकारी नीति तथा कार्यक्रम अर्को हुने हुँदा किसानले राहत नपाएको बताइन् ।

पत्रकार रघुनाथ लामिछानेले उत्पादनशील जग्गा गैरकृषीकरणमा परिणत हुँदै गएकाले कृषि र खाद्यान्नमा समस्या निम्तन सक्ने बताए । उनले भने- 'विकासका पूर्वाधारहरू ग्रामीण तहमा पुग्न सकेनन् । कृषि सेवा केन्द्र पनि जनताको आवश्यकताअनुसार खुल्न सकेन् । सजिलैसँग ट्रक चढेर पुगेको खान छाडेर कहाँ दुःख गर्ने भन्ने मानसिकता ग्रामीण किसानमा पनि पर्न थालिसक्यो । स्थानीय निकायमा कृषिका लागि गएको बजेट सडकमा खर्च भएको छ । दलितका लागि गएको बजेट विद्यालयमा खर्च भएको छ । यस्ता



प्रवृत्तिले जुन क्षेत्रको विकास हुनुपर्ने हो त्यसमा प्रभाव परिरहेको छ । कागजी प्रक्रिया मिलाउने प्रथा बढ्दो छ । यस्तो प्रवृत्ति कहिले अन्त्य हुन्छ ? यसमा कृषि मन्त्रालयको धारणा के हो ? यसको अनुगमन किन हुँदैन ? अनुगमन हुन्छ भने कार्बाही किन हुँदैन ?'

मालपोत कार्यालय डिल्लीबजारका अधिकृत गोपाल गिरीले अधिकार भनेको 'अमूर्त' कुरा हो र यसलाई पाउनुपर्छ भन्छौं तर स्वामित्व भनेको 'मूर्त' हो यसलाई पाउन सकिने बताए । उनले जनताले मालपोत कार्यालयले के गर्छ भन्नेसमेत थाहा नपाउने अवस्था रहेको पनि बताए । 'भूमि' वितरणमै समस्या रहेको औल्याउँदै गिरीले मालपोतले जसको स्वामित्वमा 'भूमि' छ त्यसको संरक्षण गर्छ भने । मालपोतमा ५९ ऐन र त्यही बराबरको नियम प्रयोग हुने तर ती कुनै पनि ऐन, नियमले 'भूमि अधिकार' को बारेमा नबोलेको खाली 'स्वामित्व' को मात्र कुरा गरेको पनि बताए ।

गिरीको भनाई थियो- यदि 'अधिकार' खोजिन्छ भने त्यसले 'ऐन/नियम' मा स्थान पाउनुपर्छ । भूमि अधिकार मञ्चको आन्दोलन र मागकै कारण १९.७१ प्रतिशत महिलाको स्वामित्वमा भूमिको अधिकार पुगिसक्यो र यसलाई अझ बढाउन पनि भूमि अभियानमै केन्द्रित हुनुपर्नेछ । गिरीले सरकारले जनताको समस्या सुन्नकै लागि 'हलो सरकार' सेवा सञ्चालन गरेको छ भन्दै हलो सरकारमार्फत धेरै समस्याको समाधान हुने गर्छ तर हलो सरकारमा 'भूमि' का मुद्दा अहिलेसम्म उठेको छैन पनि भने ।

कृषि विकास मन्त्रालयका वरिष्ठ बाली संरक्षण अधिकृत डा. हरिबहादुर केसीले कृषि विकास कार्यालय जनतालाई प्रत्यक्ष सेवा दिन स्थापना भएका हुन्, काम गर्ने पनि कृषक समूहमार्फत् नै हो भन्दै अहिले त विभिन्न परियोजनामार्फत गैरसरकारी संस्थाहरू पनि यस क्षेत्रमा क्रियाशील रहेकाले किसानहरूले राहत पाइरहेको बताए । पछिल्लो समयमा कृषि क्षेत्रमा धेरै सुधार र क्रमशः परिवर्तन हुँदै गएको भनाई पनि उनको थियो ।

डा. केसीले स्थानीय निकायको बजेटमा कृषि क्षेत्रमा १५ प्रतिशत बजेट विनियोजन अनिवार्य हुनैपर्ने र धेरैजसो ठाउँमा हुँदै पनि गएको बताए । '९० प्रतिशत किसान गाउँमा बस्छन् । त्यसकारण उनीहरूका लागि स्थानीय निकायको बजेट पनि खर्च हुन जरुरी छ । राज्यले कृषि नीति बनाइरहेको छ । यो नीति पास भयो भने किसान र कृषकहरूको क्षेत्रमा धेरै नै परिवर्तन आउँछ'- डा.केसीको भनाई थियो ।

अखिल नेपाल किसान महासङ्घका उपमहासचिव बलराम बास्कोटाले नेपालमा सञ्चालन भइरहेको विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (ग्याप्स) को विषयमा जानकारी गराएका थिए । ग्याप्स विशेषगरी प्रविधिको विकास तथा अनुकूलन, प्रविधिको विस्तार तथा अनुशरण, खाद्य तथा पोषण स्थिति सुधार तथा विकास व्यवस्थापन र कार्ययोजना विस्तार तथा व्यवस्थापन गर्नका लागि सहयोगी कार्यक्रम भएको उनले बताए । बास्कोटाले ग्याप्स कार्यक्रम सुदूरपश्चिम र कर्णाली क्षेत्रका ८ जिल्ला र दैलेख, सुर्खेतमा पनि लागु हुने जानकारी दिए ।

राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले जबसम्म किसानसँग 'भूमि' हुँदैन तबसम्म अरु कुनै पनि कुरा सम्भव नहुने बताए । नेपालमा बढीभन्दा बढी कृषि क्षेत्रमा काम गर्ने वर्गसँग भूमिको स्वामित्व नभएको बताउँदै उनले जोसँग कृषिको 'क' पनि ज्ञान छैन त्यस्तो वर्गसँग जमिनको स्वामित्व धेरै छ र तर, जो रातोदिन भूमिमा काम गर्छ ती वर्गसँग भूमिको स्वामित्व छैन भने ।

कार्यक्रमको अन्तमा आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले छलफल कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिँदै भूमि सुधारको मुद्दामा आत्मनिर्भर केन्द्रले लामो समयदेखि सङ्घर्ष गर्दै आएको र किसानहरूले अधिकार नपाएसम्म यो अभियान जारी नै रहने बताएका थिए ।

## हलिया पुनर्स्थापनाको माग



स्थानीय निकायको पहलमा हलियाको मुक्ति र पुनर्स्थापना गर्न माग गरिएको छ । पुस ५ गते बैतडीमा भएको अन्तर्क्रियामा हलियाहरूले ५ वर्षअघि सरकारले 'हलिया मुक्तिको घोषणा' गरे पनि पुनर्स्थापनामा ध्यान नदिँदा हलियाको जीविका झन् कठिन भएको बताए । सरकारले मुक्तिको घोषणा गर्दा जुन खुसीको सीमा हलियामा आएको थियो तर पुनर्स्थापनामा काम नगर्दा झन् समस्या आएको उनीहरूले बताए ।

अन्तर्क्रियामा हलियाको विवरण कहीँ छुटेको, कहीँ दोहोरिएका पाइयो भन्ने सवाल पनि उठ्यो । सहभागी हलियाहरूले हलिया श्रम निषेध गर्ने सम्बन्धमा बनिरहेको ऐन पारित हुन नसकेको, सम्बन्धित निकायको लापर्बाहीका कारण नक्कली हलियाले परिचयपत्र पाएको र वास्तविक हलियाहरू पछि परेकामा आक्रोस पोखे । हलिया मुक्ति घोषणापछि पनि हलो जोतिरहेको, मुक्त हुन नसकेकाले यसमा ध्यान दिन स्थानीय अधिकारीहरूसँग माग राखे । उनीहरूले हलियाको पुनर्स्थापना स्थानीय निकायबाट हुने, परिचयपत्र र जीविकाका लागि स्थानीय निकायले चासो दियो भने समस्या समाधान हुने भन्दै सहयोग गर्न माग राखे ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षत्रीले स्थानीय निकायबाट चरणबद्धरूपमा हलिया पुनर्स्थापनामा सघाउने र जिल्ला विकास समितिको योजना तर्जुमा प्रक्रियामा समेत हलिया र भूमिहीनहरूको सहभागिता गराउन पहल गरिने बताए ।

स्थानीय विकास अधिकारी रामदत्त पाण्डेले हलिया पुनर्स्थापनाका लागि सम्भावित योजना बनाउन गाविस सचिवहरूलाई निर्देशन दिने बताए । हलिया पुनर्स्थापनाका लागि विकल्पहरू खोज्नका लागि सहयोग गर्ने स्थानीय राजनीतिक दलका नेताहरूले पनि प्रतिबद्धता जनाएका छन् । अन्तर्क्रियामा स्थानीय राजनीतिक दल, सरोकारवाला निकायका प्रतिनिधिसहित ५१ जना सहभागी थिए ।

# जिल्ला सम्मेलन

जिल्ला भूमि अधिकार मञ्च, रसुवाको तेस्रो सम्मेलन भयो । सम्मेलनले चित्रकुमारी न्यौपानेको अध्यक्षतामा ९ सदस्यीय जिल्ला समिति चयन गरेको छ । जिल्ला मञ्चको उपाध्यक्षमा टङ्कलबहादुर नगरकोटी, सचिवमा हेमनाथ खतिवडा, सहसचिवमा बुद्धिबहादुर तामाङ, कोषाध्यक्षमा शान्ता ग्लान तथा सदस्यहरूमा मुरली नेपाली, रत्नकुमारी पौडेल र चन्द्रनाथ घिमिरे चयन भएका छन् । "सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई" भन्ने मूल नाराका साथ आयोजना भएको तेस्रो जिल्ला सम्मेलनको अवसरमा भूमि अधिकार मञ्चको अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण गर्ने ३७ जोडी किसान सम्मानित भएका छन् । साथै जिल्लाको भूमि




अभियान, भूमि घर निर्माण र भोर्लेका किसानहरूको खोसिएको भूमि हक फिर्ता गराउने अभियानमा सहयोग पुऱ्याएका जिल्ला सभासद् जनार्दन ढकाल र छोवाङ्तेन्जिन तामाङलाई पनि सोही अवसरमा सम्मान गरियो ।

## बस्ती उठिबासविरुद्ध देशभर विरोध

सुर्खेतको साटाखानी–७ रुप्सेमा जिल्ला वन कार्यालय र स्थानीय सामुदायिक वनले १३ घरधुरी सुकुम्बासी बस्तीमा आगोलागी गरी सखाप बनाए । यसबाट बस्तीमा रहेका ३१ महिला, ३८ पुरुष गरी ६९ को विचल्ली भएको छ । स्कुले, बालबालिका र गर्भवती महिलासमेत प्रभावित भएका छन् । आगलागीबाट बस्तीमा रहेका सामग्री (२० लाख ४० हजार बराबरको) क्षति भएको छ । प्रशासनले बस्तीका ५८ वर्षीय मने कामी र ४० वर्षीय भीमबहादुर सुनारलाई पक्राउ गऱ्यो ।






उक्त घटनाको विरोधमा जिल्ला भूमि अधिकार मञ्च बाँके, बर्दिया र सुर्खेतलगायत् देशभर जिल्ला भूमि अधिकार मञ्चहरूले दोषीलाई कार्बाही, वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ को खारेजी र सुकुम्बासीमैत्री वन नीतिको माग गर्दै विरोध प्रदर्शनसहित हजारौं भूमिहीनले जिल्ला वन कार्यालयहरूमा धर्ना दिए । जिल्ला भूमि अधिकार मञ्चहरूले विरोध ऱ्यालीसहित घटनाको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्रसमेत बुझाएका छन् । उठिबास घटनाकै विरोधमा बाँके, बर्दिया, सुर्खेत, दाङ, रूपन्देही, सर्लाही, महोत्तरी, सुनसरीलगायत् जिल्ला भूमि अधिकार मञ्चहरूले विरोध सभासमेत गरी वन कार्यालयको ज्यादतिको विरोध गरेका छन् । साथै रुप्से घटनाका दोषीलाई कार्बाहीमा सहयोग गर्न मानव अधिकार क्षेत्रीय कार्यालय नेपालगञ्जमा ज्ञापनपत्र बुझाइएको छ ।

सोही घटनाका दोषीलाई कार्बाही र प्रशासनले थुनामा राखेका भीमबहादुर सुनार र माने कामीलाई तत्काल रिहा गर्न राष्ट्रिय भूमि अधिकार मञ्चले गृह मन्त्री बामदेव गौतमलाई भेटी माग गरेको छ । साथै भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर रानासँग भेटी घटनामा संलग्नलाई कार्बाही गरी भूमिहीनको बस्ती पुनर्स्थापना गर्न माग गरियो । भूमि सुधार मन्त्री रानाले सुकुम्बासीहरूको व्यवस्थापनपछि मात्र वन अतिक्रमण नीति लागु गर्नका लागि प्रयास गर्ने आश्वासन दिएका छन् । त्यस्तै सोही घटानलाई लिएर वन मन्त्रालयका सचिव गणेश जोशीसँग पनि भेटी घटनामा संलग्नहरूलाई तत्काल कार्बाही गर्न माग गरियो । राष्ट्रिय भूमि अधिकार मञ्चले पहल गरेपछि सुर्खेतमा प्रशासनले थुनामा राखेका मने कामी र भीमबहादुर सुनारलाई छाडेको छ ।

## अगुवा प्रशिक्षण

जिल्ला भूमि अधिकार मञ्च उदयपुरको आयोजनामा अगुवा प्रशिक्षण भयो। फागुन २३ र २४ गते सुन्दरपुर–२ सिवाइको नवदुर्गा सहकारीमा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित अगुवाहरू सहभागी थिए। प्रशिक्षणको सहजीकरण जिल्ला मञ्चका पूर्णकालीन कार्यकर्ता फूर्तिमान राईले गरे। अगुवा प्रशिक्षणमा भूमि अधिकार मञ्चको नालीबेली, मञ्चको आचारसंहिता, अगुवाको काम, कर्तव्य र अधिकार, जिल्लामा रहेको भूमि सवालका विश्लेषण र छलफल भयो। प्रशिक्षणमा ३२ महिलासहित ५३ जना सहभागी थिए।

त्यस्तै, जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकको आयोजनामा दुई दिने अगुवा शिविर प्रशिक्षण भयो। फटकसिलामा गुठी किसानहरूको सहभागितामा शिविर भएको हो। शिविरमा १४ गाउँ भूमि अधिकार मञ्चका ७१ गुठी अभियानका अगुवा सहभागी थिए। जमिन गुठी भएकै कारण परिवार र समाजमा परेको प्रभावको प्रभाव चित्र निर्माण, गुठी आन्दोलनको समयरेखा तयार, सङ्गठन र सदस्यता, आन्दोलन कोष र सङ्गठन, अभियानमा अगुवाको आवश्यकता र महत्व र त्यसको व्यवस्थापनको विषयमा अगुवाहरूसँग छलफलद्वारा सहजीकरण भयो। शिविरमा गत वर्ष मालपोत कार्यालयमा पेश भएर छिनोफानो हुन नसकेका ४ हजार १५२ निवेदन छिनोफानोका लागि दबाबमूलक आन्दोलन गर्ने रणनीतिको विषयमा छलफल गरी अभियानको रणनीतिक योजना तयार गरियो।

त्यस्तै, पाल्पा, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा तेल्घा गाविसको भवनमा चैत ७ मा गुठीपीडित अगुवा किसानहरूको सहभागितामा अगुवा शिविर भयो। शिविरमा भगवती, अमरनारायण, ऋषिकेश, लालपाटीपौवा, सत्येश्वर गुठीको जग्गा कमाउने किसान सहभागी थिए।

उनीहरू जोतभोग गरिरहेको जग्गाको स्वामित्वका लागि भूमि अधिकार मञ्चमार्फत सङ्गठितरूपमा अभियान गरिरहेका छन्। गुठी अभियानको विगतदेखि गर्दै आएको प्रयास र नतिजामा प्रष्ट पार्ने, अगुवाहरूमा गुठीसम्बन्धी कानुनबारे प्रष्ट पार्ने, अगुवाको क्षमता विकास गर्ने, गुठी संस्थान ऐन, २०३३ र यसको विषयमा प्रष्ट पार्ने उद्देश्यले प्रशिक्षण शिविर आयोजना भएको हो। प्रशिक्षणपछि गुठी जग्गा जोतभोग गरिरहेका किसानहरूकै नाममा दर्ता गर्नका लागि अभियान गर्ने योजना बनेको छ। शिविरमा गाउँ भूमि अधिकार मञ्चका ११ महिलासहित २५ अगुवा सहभागी थिए।

त्यस्तै, जिल्ला भूमि अधिकार मञ्च, महोत्तरीको आयोजनामा दुई दिने भूमि तथा कृषि अधिकार अभियानका अगुवालाई प्रशिक्षण दिइयो। नमुना गाविस गौशालाको कार्यालयमा भएको शिविरमा जिल्ला मञ्चका सचिव राजकुमार बस्नेतले भूमि अधिकार, सङ्गठनको महत्व, भूमिका र अगुवाहरूको जिम्मेवारी र कर्तव्यबारे सहजीकरण गरे। शिविरमा रामनगर, गौशाला, लक्ष्मीनियाँ, भरतपुर, बेलगाछी र निगौल गाविसका ५० अगुवा कार्यकर्ताको सहभागिता थियो। शिविरमा सहभागी अगुवाले गाउँ मञ्चलाई बलियो बनाउन, सङ्गठन सुदृढीकरण अभियान, चुरे पदयात्रा, गुठी भेला र संयुक्त पुर्जा अभियानको योजना तयार गरेका छन्।

## बस्ती हटाउने नीतिविरुद्ध ज्ञापनपत्र

सुरक्षित बास र खाद्य अधिकार हरेक व्यक्तिको संवैधानिक अधिकार भएकाले विकल्पबिना भूमिहीन, सुकुम्बासी बस्ती हटाउने वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ विरुद्ध जिल्ला भूमि अधिकार मञ्च कैलालीले विरोध कार्यक्रम गरेको छ।

चैत ५ गते धनगढी चौराहबाट र्‍यालीसहित जिल्ला प्रशासन कार्यालयमा पुगी मञ्चले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। चौमालाको शिवगङ्गालगायतका सुकुम्बासी शिविरमा बस्ती खाली गराउन वन कार्यालयबाट सूचना जारी भएपछि मञ्चले त्यस कार्यको विरोध गर्दै र्‍याली गरी ज्ञापनपत्र बुझाएको हो। ६ सयभन्दा बढी भूमिहीन सुकुम्बासीको सहभागितामा जिल्ला प्रशासन कार्यालयमा र्‍यालीसहित पुगी वन नियन्त्रण रणनीतिको विरोध गरिएको हो।

ज्ञापनपत्रमा 'भूमिहीन, सुकुम्बासीको छानबीन गरिनुपर्ने, सुरक्षित बासका लागि विकल्प दिनुपर्ने, लामो समयदेखि भोगचलन गर्दै आएको जग्गा दर्ता गरिनुपर्ने, बाढी नियन्त्रण योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने, विभेदकारी वन नीति खारेज हुनुपर्ने, २०६७ चैत ८ गते नेपाल सरकार र भूमि अधिकार मञ्चबीच भएको सहमति यथाशीघ्र कार्यान्वयन हुनुपर्ने र संविधानबाटै भूमि सुधारको ग्यारेन्टी हुनुपर्ने' माग समावेश छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी वेदप्रसाद लेखकले गृह मन्त्रालयको परिपत्रका आधारमा बस्ती खाली गराउन सूचना जारी भएको हो, भूमिहीनको व्यवस्थापन पनि प्रमुख समस्या हो भन्दै यसको उचित छानबीनका लागि गृह मन्त्रालयमा जानकारी गराउने र अर्को जानकारी नआएसम्म बस्ती नहटाउने आश्वासन दिएका थिए।

# जोडी सम्मान

भूमि अधिकार अभियानमा 'महिलाको भूमि अधिकार' विषय सिन्धुपाल्चोकस्थित राम्चेका महिला समूहबाट उठाइएको हो । २०६६ सालमा महिला समूहबाट उठेको सवालले राष्ट्रिय अभियानको रूप लियो । जिल्ला हुँदै राष्ट्रिय तहमा समेत आन्दोलन भएपछि आ.व.२०६७/६८ मा नेपाल सरकारले 'सयमा संयुक्त पुर्जा' नीति पारित गऱ्यो । 'नीति' त पारित भयो तर नीति कार्यान्वयनको कुनै योजना सरकारले ल्याएको छैन ।



आफ्नै मागअनुसार आएको 'नीति' भएकाले कार्यान्वयन गर्न पनि उनै महिला अग्रसर भए । त्यसैले अहिलेसम्म सिन्धुपाल्चोकमा २७७ किसान जोडीले भूमि अधिकार मञ्चको अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाएका छन् । जसअन्तर्गत २७६९–१–२–३ रोपनी क्षेत्रफलको जमिनमा बराबरी हक कायम गराएका छन् ।

संयुक्त पुर्जा निर्माण अभियान फैलाउन र समुदाय तहसम्म पुऱ्याउन पहिलो चरणमा जोडी अन्तर्क्रिया, घरदैलो अभियान, सरोकारवालाबीच छलफल गरेपछि किसान जोडी 'संयुक्त पुर्जा निर्माण' अभियानमा सङ्गठित भएका हुन । पहिलो पटक संयुक्त पुर्जा निर्माण गर्ने ७१ किसान जोडीलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च २०१२ को अवसरमा सम्मान गरिएको थियो । सम्मान राष्ट्रिय महिला आनदोलनकी अगुवा तथा तत्कालीन संविधान सभाकी सभासद् उषाकला राईबाट गराइएको थियो । भर्खरैमात्र पनि १०१ किसान जोडीलाई सम्मान गरिएको छ । संयुक्त पुर्जा नीति ल्याउनमा महत्वपूर्ण भूमिका खेल्ने र नीतिगत तहमा लबिङ गरी योगदान गर्ने महिला आन्दोलनकी नेतृ विन्दा पाण्डेबाट पनि किसान जोडीलाई सम्मानित गरियो ।

यही ८ मार्चको अवसरमा पनि भूमि अधिकार अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाउने ९७ किसान जोडीलाई सम्मान गरियो । सोही अवसरमा संयुक्त पुर्जाको नीति कार्यान्वयन गराउन सहयोग पुऱ्याउने मालपोत कार्यालय, गाविस कार्यालय, स्थानीय सङ्घ/संस्था र पत्रकारहरूलाई पनि उनीहरूको सहयोगी भूमिकाको कदर गर्दै सम्मान गरियो । संयुक्त पुर्जाले १६ घण्टाभन्दा बढी खेतीमा काम गर्ने महिलाको कामको सम्मान भएको छ । यो अभियान जिल्लाको १८ गाविसमा सञ्चालन भइरहेको छ ।

*प्रस्तुति : हरिप्रसाद तिमल्सेना*

## आधारपत्र प्राप्त

बाराको अमलेखगञ्ज गाविसका चुरे र ऐलानी जग्गामा बसोबास गर्दै आएका ५ सय १७ भूमि अधिकारबाट वञ्चित परिवारले गाविसबाट बसोबास तथा जोतभोगको आधार प्रमाणपत्र प्राप्त गरेका छन् । २०४० सालदेखि बसोबास गर्दै आएका उनीहरू भूमिहीन हुन् । उनीहरू भूमि हकका लागि भूमि अधिकार मञ्चमा सङ्गठित भएका छन् । भूमि अधिकार मञ्चको पहल, गाविसमा निरन्तर छलफल, सम्वाद र डेलिगेसनपछि गाविस कार्यालयले आधारपत्र वितरण गरेको हो ।

रौतहटको सिमरा भवानीपुरका सुकुम्बासीहरूले बसोबास आधारपत्रका लागि गाविसमा दिएको निवेदनअनुसार सुकुम्बासी पहिचान गरी १ सय ४७ परिवारले आधारपत्र प्राप्त गरेका छन् । जिल्ला भूमि अधिकार मञ्चले आयोजना गरेको कार्यक्रमको अवसरमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी अध्यक्ष शशीकला दाहाल र गाविस सचिव जमुन चौधरीले संयुक्तरूपमा आधार प्रमाणपत्र वितरण गरेका थिए ।

त्यस्तै, जिल्ला भूमि अधिकार मञ्च महोत्तरीको पहलमा गौरीबासमा ५७, खयरमारामा ३ सय २२, बर्दिबासमा १ सय १२ र हात्तीलेटका ६२ परिवारले बसोबासको आधार प्रमाणपत्र प्राप्त गरेका छन् ।

## शिविरमा २२ जोडीले बनाए संयुक्त पुर्जा

जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गाले भूमिमा महिलाको अधिकार र स्वामित्व कायम गराउन संयुक्त पुर्जा अभियान सञ्चालन गरिरहेको छ । यसै सिलसिलामा फागुन १२ गते आयोजना भएको संयुक्त पुर्जा निर्माण शिविरमा च्यानम गाविसका २२ किसान जोडीले संयुक्त पुर्जा निर्माण गरेका छन् । मञ्चले आयोजना गरेको शिविरमै पुगी मालपोत कार्यालयका अधिकृत भिष्मराज भट्टराईले संयुक्त पुर्जा बनाउने अभियानमा सहयोग गरेका थिए । यसरी किसान जोडीले १९० रोपनीभन्दा बढी जमिनमा संयुक्त पुर्जा बनाई भूमिमा महिला–पुरुषको बराबर स्वामित्व कायम गराएका छन् ।

# आत्मनिर्भर बन्दै शिवनगर मञ्च

भारतमा ज्याला मजदुरी गरी जीविका धान्दै गरेका कैलाली धनगढी शिवनगरका ३८ दलित परिवार २०६३ मा भूमि अधिकार मञ्चमा सङ्गठित भई जीविकाका लागि सङ्घर्ष गरिरहेका छन् । उनीहरू डोटीको निरौली गाविसबाट आई २०४२ सालदेखि शिवनगरमा बसेका हुन् । तराई झरेर जमिनदारहरूकोमा धान चुट्ने, कुट्ने, भित्र्याउने काममा सघाउने र आफ्ना लागि खुदी (कनिका) सङ्कलन गर्ने गर्थे । जीविकाका लागि गुन्द्री बनाएर बेच्ने, दाउरा सङ्कलन गरेर बेच्ने र यसैबाट गुजारा पनि गर्थे । पछि सामुदायिक वनले दाउरा सङ्कलन गर्न रोक लगाएपछि जीविकाका लागि भारतको मुम्बईतर्फ लाग्नुको विकल्प उनीहरूसँग रहेन ।

अहिले उनीहरू भूमि अधिकार मञ्चमा सङ्गठित भई स्वदेशमै जीविकाको आधार खोज्न थालेका छन् । उनीहरूले आधा कठ्ठादेखि ७ कठ्ठासम्म जग्गा जोतभोग गरेका छन् । उनीहरूमध्ये १६ परिवारले वासुदेवी उच्च माविको ८ बिघा जग्गा ठेक्कामा लिएर खेती गरेका छन् । प्रत्येक महिना सामूहिकरूपमा २२ हजार १ सय ८० रूपियाँ मालिका विकास ब्याङ्कमा बचत गर्न थालेका छन् । बचत रकमबाट सहकारी बनाई सञ्चालन गर्ने योजनामा पनि उनीहरू लागेका छन् । विषादिरहित तरकारी उत्पादन गरी बिक्री गर्ने जस्ता आयआर्जन कार्यमा पनि उनीहरू सक्रिय छन् ।

बस्तीका विद्यालय जाने उमेरका सबै बालबालिकालाई नियमित विद्यालय पठाउँछन् । नगरपालिकामा योजना पेश गरी बस्तीसम्म ग्राबेल मोटर बाटोसमेत मञ्चकै प्रयासमा पुर्‍याएका छन् । त्यस्तै, कारितास नेपाल र नगरपालिकाको सहयोगमा सिँचाइका लागि २ वटा बोरिङ स्थापना गरेका छन् । सङ्गठनकै प्रयासमा भूमि घर निर्माण भएको छ । जहाँ नियमित बैठक बस्ने, छलफल गर्ने, अभियान तथा आन्दोलनको योजना बनाउने पनि गर्छन् । ३३ परिवारले सुकुम्बासी परिचयपत्र पाएका छन् । परिचयपत्र पाउन सङ्गठनले लामो सङ्घर्ष गर्नुपर्‍यो । बस्ती स्थानीय जाली सामुदायिक वनको ऐलानी जग्गामा छ । उनीहरू २०४२ सालदेखि बसोबास गर्दै आइरहेको जग्गा आफ्नो स्वामित्वमा हुनुपर्ने माग राखी भूमि अधिकार प्राप्तिको लडाइँमा सङ्गठित छन् । सङ्गठनको अगुवाई मानबहादुर सार्की, जमुना विक र भाग्गी सार्कीले गरिरहेका छन् । सङ्गठनबाट जिल्ला तथा राष्ट्रियस्तरमा हुने विभिन्न भूमि अधिकारको आन्दोलनमा समेत सक्रिय सहभागिता जनाउने गरेका छन् ।

*प्रस्तुति : नरिराम लोहार*

---

# समस्यासँग जुध्न सक्ने सङ्गठन

नवलपरासीको जमुनिया-८ चौपट्टामा २०२० सालदेखि ३२ परिवार भूमि अधिकारबाट वञ्चितहरूले बसोबास सुरु गरेका हुन् । यीमध्ये १८ भूमिहीन सुकुम्बासी र १४ परिवार गाउँब्लकबासी छन् । उनीहरू कसैको पनि आफ्नो स्वामित्वमा कहीँ कतै जमिन छैन । प्रायः सबै अरुको जग्गा अधियाँमा खेती गरी जीविका धानिरहेका छन् ।

२०३५ सालमा उनीहरूले जोतभोग गरिरहेको ऐलानी जग्गा 'मेरो छुट जग्गा हो' भन्दै जडाहाका तत्कालीन प्रधान बाबुराम पौडेलले आफ्नो नाममा दर्ता गराए । त्यसपछि जग्गाधनी बनेका पौडेल धेरै पटक बस्ती उठाउन तल्लीन रहे । तर सुकुम्बासीहरूले आफूहरू बसेको जग्गा ऐलानी हो र जालसाजी गरेर पौडेलले दर्ता गराएका हुन् भनी बस्ती नछाड्ने अडान लिए । २०६३ सालमा इन्द्रेणी सामाजिक विकास मञ्च र जिल्ला भूमि अधिकार मञ्चको पहलमा चौपट्टा गाउँ भूमि अधिकार मञ्च गठन भयो । ३२ घरपरिवार नै मञ्चमा सङ्गठित भए । प्रत्येक महिनाको १ गते नियमित बैठक बसी भूमि हकका लागि छलफल गर्न थाले । उनीहरू नियमितजसो बसिरहेको जग्गाको स्वामित्व कसरी लिने भन्ने विषयमा छलफल गर्छन् । आन्दोलन तथा अभियानका लागि मासिक २० रूपियाँ आन्दोलन कोष सङ्कलन गर्छन् । मञ्चमा १९ हजार ९ सय ७४ रूपियाँ आन्दोलन कोष जम्मा भएको छ । आन्दोलन कोषबाट सङ्गठनमा शिविर, धर्ना, र्‍याली तथा विभिन्न सभाहरूमा सहभागी हुन खर्च गर्छन् ।

'२०६६ सालमा त्यहीँ सुकुम्बासीहरू बसोबास गरिरहेको जग्गामा अस्पताल बनाउने कुरा चल्यो । उनीहरूको बस्ती विस्थापन गरिने कुरा पनि चल्यो । 'समस्यासँग जुध्न सङ्घर्ष गर्नुपर्छ' भन्ने सिकाई उनीहरूले सङ्गठनबाटै सिकेका थिए । अस्पताल बनाउने कुरा चलेपछि मञ्चको बैठक बसी आवास कम्पनी र गाविसमा दबाब दिने योजना बन्यो । लगातार १ हप्तासम्मको दबाबपछि आवास कम्पनी, राजनीतिक दल र गाउँ मञ्चबीच छलफल भयो । छलफलमा ३२ परिवारलाई घडेरीका लागि डेढ बिघा जमिन छुट्याउने, उनीहरूको परिवारलाई रोजगारको अवसर पनि दिने, जोतभोग गरेको जमिनमा २ कठ्ठा छाड्ने र त्यसको जग्गाधनी प्रमाणपुर्जा निःशुल्क बनाइदिने सहमति भयो । सहमतिअनुसार जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिनका लागि परासीमा धेरै पटक सङ्गठनका अगुवा धाए । तर पुर्जा बनेन । चुनावमा पनि नेताहरू गाउँमा पुगेर 'तपाईँहरू भोट दिनुहोस् हामी पुर्जा बनाइदिन्छौँ' भने तर अहिलेसम्म पुर्जा पाएका छैनौँ तर हामीले हार भने खाएका छैनौँ'- सङ्गठनका अगुवा लीलावती चौधरीले भनिन् ।

जिल्ला भूमि अधिकार मञ्चको पहल र सङ्गठनको प्रयासमा गाउँब्लक जग्गा नापी गरी पुर्जा वितरण गर्नका लागि जिल्लादेखि राजधानीसम्म धाएपछि सङ्गठनको प्रयासमा फागुन २७ र २८ गते १६ घरधुरीको गाउँब्लक जग्गा नापी भएको छ । यो सङ्गठनको अभियानको उपलब्धि हो । नापीपछि जग्गाधनी प्रमाणपुर्जाका लागि सङ्गठनले फलोअप गरिरहेको छ । सङ्गठनमा सङ्गठित भूमिहीन सुकुम्बासीले भूमि हक नपाएसम्म निरन्तर आन्दोलनमा लागिरहने अठोट सबै सदस्यको छ ।

*प्रस्तुति : शुभराज चौधरी*

# पाठक प्रतिक्रिया

## भरोसा पलायो

भूमि अधिकार बुलेटिन ३५ मा कैलालीमा भएको समीक्षाको अविश्मरणीय सम्झना गर्दै जगत देउजाले लेख्नुभएको 'जता गयो उतै सङ्गठन' अनुभव पढ्ने मौका पाएँ। यो पढेर मनमा भरोसा पनि पलायो। समीक्षामा ६८ वर्षिया सलारु वागवानको सक्रिय सहभागिताको प्रशंसा मात्र होइन जहाँ गयो उतै मञ्चका साथीहरूको सहयोग र सद्भावको गुणगान गाइएको छ। पीडितहरूलाई तपाईंहरूका माग जायज छन्, हैभन्दा समेत खुसी हुन्छन् भने न्याय नै उनीहरूका पक्षमा आउँदा त कति खुसी होलान्। सङ्गठन परिचालन, अभियान सञ्चालन गर्नलाई उहाँको प्रेरणा ज्यादै राम्रो हुने गरेको छ। यसै कारण पनि भूमि अभियान फैलिएर देशका ५३ जिल्लामा पुगिसकेको छ। अभियान सफल हुँदै गइरहेको छ। पीडितहरूले न्याय पनि पाइरहेका छन्। यो हामी जस्ता लाखौं भूमिहीनहरूका लागि खुसीको कुरा हो।

'एकल छैनौं साथमा छ सङ्गठन
विपत्तिमा एक ढिक्का बन्दछन्।
पीडित–पीडित मिलेर बनेको
त्यसैलाई त हो सङ्गठन भनेको।

*–सीता नेपाली*
*ललितपुर*

## गम्भीर बनायो

भूमि अधिकार बुलेटिन पूर्णाङ्क ३५ पुस २०७० पढें। बुलेटिनमा प्रकाशित सबै लेख रचना, जानकारी, भूमि अधिकार अभियान र वैचारिक क्षमता वृद्धिका लागि महत्वपूर्ण सामग्रीका रूपमा छन्। छापिएका सामग्रीमध्ये पनि "घट्दैछ कृषियोग्य जमिन" तथ्याङ्कसहितको सामग्री पढेपछि गम्भीर बनायो। हामी गरिब र कृषिप्रधान देशका जनता भएकाले जमिनमा उत्पादन गर्दा त वर्षेनि करोडौंको खाद्यान्न आयात गर्नु परिरहेको अवस्था छ। यहाँ जमिनमा पसिना चुहाएर अन्न उत्पादन गर्ने, संसारलाई भोकमुक्त बनाउन तल्लीन किसान भोकै छन्। यसरी अन्धाधुन्धरूपमा कृषियोग्य जमिन प्लटिङ गर्ने हो, कृषियोग्य जमिन विभिन्न नाममा बाँझो रहने हो भने यसले उत्पादनमा ह्रास आउँछ। गरिबको सङ्ख्या पनि बढाउँदै लानेछ। यस्तो कार्य भूमि सुधारको आँखाबाट हेर्दा कदापि राम्रो छैन।

किसानसँग सस्तो मूल्यमा जमिन खरिद गरी प्लटिङ गर्ने कार्य उत्पादन कार्यविरूद्ध छ। यसले धेरै किसानलाई भूमिहीनतातर्फ धकेलिरहेको हुन्छ। यस्तो कार्यको विरोध बेलैमा नगर्ने हो भने नेपालमा भूमिहीनको सङ्ख्या अझ बढ्नेछ र भयाबह अवस्था सिर्जना हुनेछ। कृषियोग्य जमिन बचाउन, कृषिप्रधान देशलाई आत्मनिर्भर बनाउन आवश्यक कदम चाल्न समयमै राज्यलाई दबाब दिनु जरुरी छ।

*–सुष्मा न्यौपाने*
*अभियानकर्मी, रसुवा*

## खेती गर्नेले स्वामित्व पाउनुपर्छ

भूमि अधिकार बुलेटिन, पूर्णाङ\क ३५ मा रामजी ढकालद्वारा लिखित 'सहकारी अभियान' लेखमा विश्वको धेरैजसो देशमा आर्थिक क्रान्ति सहकारी आन्दोलनबाट भएको देखिन्छ। त्यसकारण मुख्य कुरा खेती गर्नेको स्वमित्वमा जमिन हुनुपर्ने कुरा यस लेखले प्रष्ट पार्छ। नेपालमा जसको अथाह जमिन छ, ऊ खेती गर्दैन तर जोसँग जमिन छैन ऊ सदैव जमिनमै काम गर्छ, त्यो पनि अरुको। खेती नगर्ने वर्गसँग भएको जमिन बाँझै छन्। उनीहरू उपयोग गर्न दिंदैनन्। यस्तो खराब प्रवृत्तिको अन्त र जमिनमा श्रम गर्ने वर्गमा जमिनको स्वामित्व अनिवार्य हुनुपर्ने कानुन खाँचो छ।

अर्कोतर्फ राज्यको दायित्व जनताको सेवा गर्नु, सुरक्षा गर्नु हो। राज्यले कृषिमा लगानी बढाई मल, बीउ, सिँचाइ र उत्पादन बजारसम्म पुऱ्याउने व्यवस्था मिलाई सहकारीमार्फत किसानको पक्षमा सहयोग गर्न आवश्यक छ।

*–युक्तिलाल मरिक*
*सप्तरी*

## अभियान बुझाउने सामग्री

भूमि अधिकार बुलेटिनले भूमि अभियानको काम गर्न र अभियानको विषयमा अरुसँग कुरा गर्नका लागि सहजता ल्याएको छ। सुरुसुरुमा भूमि अधिकारको कुरा गर्दा पनि नपत्याउनेहरू नियमितरूपमा बुलेटिन पढ्न र यसमा छापिएको विषयमा छलफल हुँदा अभियानको विषयमा बुझ्न र बुझाउन सजिलो भएको छ। बुलेटिनमा छापिने विषयवस्तु गाउँ मञ्चहरूमा छलफल गराउँदा सङ्गठनका अगुवा तथा सदस्यहरूलाई पनि सजिलै सवालहरूमा बुझाउन सकिएको छ। यसमा अझ बढी अन्य ठाउँमा भएका सफल अगुवाहरूको सङ्घर्षका कथा र असल अभ्यासलाई नियमितरूपमा प्रकाशित गरिँदै जान सम्पादन मण्डलसँग अनुरोध छ।

*–सरस्वती कटवाल*
*अभियानकर्ता, ओखलढुङ्गा*

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन्। तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो।

पठाउने ठेगाना :

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org



भूमि र कृषिसुधार सवाल र समाधान विषयक अन्तर्राष्ट्रिय कार्याशाला, बुढानिलकण्ठ



सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका प्रकाशनहरू अवलोकन गर्दै अन्तर्राष्ट्रिय कार्याशालाका सहभागी



भूमि अध्ययन घर चितवनको ठिमुरामा आयोजित अहिंसात्मक आन्दोलनबारे प्रशिक्षणका सहभागीहरू



नेपालको भूमि अधिकार आन्दोलनबारे छलफल गर्दै अन्तर्राष्ट्रिय टोली, रसुवा



नेपालको भूमि अधिकार आन्दोलनबारे छलफल गर्दै अन्तर्राष्ट्रिय टोली, महोत्तरी



नेपालको भूमि अधिकार आन्दोलनबारे छलफल गर्दै अन्तर्राष्ट्रिय टोली, नवलपरासी